# लेखापरीक्षण प्रतिवेदन

## गौरिगंज गाउँपालिका, झापा

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गौरिगंज गाउँपालिका, झापा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/355

"

श्रीमान् अध्यक्षज्यू,

गौरिगंज गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, झापा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/355

श्रीमान् अध्यक्षज्यू ,
गौरिगंज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय।
झापा

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु १ अर्व २५ करोड ४८ लाख २६ हजार को लेखापरीक्षण गर्दा रु १ करोड ५४ लाख ९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु २४ लाख २० हजार संपरीक्षण भई असुल गर्नुपर्ने रु१ लाख ३४ हजार , नियमित गर्नुपर्ने रु. १ करोड १५ लाख २० हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु १३ लाख ३६ हजार गरी जम्मा रु १ करोड २९ लाख ९० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु २० करोड २१ लाख २५ हजार मध्ये रु ४६ लाख ४ हजार संपरीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.२१ करोड ५ लाख ११ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**बेरुजु वर्गीकरण**

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२५ | ३६ | १,५४,०९,४९८ | ० | १८ | २४,१९,६४४ | ० | १२५ | १८ | १,२९,८९,८५४ | १,३४,१३४ | १,१५,१९,६९९ | १३,३६,०२१ | ० | ० | १,२८,५५,७२० | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | २०,२१,२५,१७६ | ० | ४६,०३,९२१ | १९,७५,२१,२५५ | ० | १,२९,८९,८५४ | २१,०५,११,१०९ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ८२.१० | विपन्न आवास कार्यक्रम | ८,२४,२४३ |
| २ | २०८१/८२ | ४८ | वार्षिक मर्मत खर्च भुक्तानी | २५,८७० |
| ३ | २०८१/८२ | ११४ | मुत्यू पश्चातको भत्ता वितरण | १,११,४६३ |
| ४ | २०८१/८२ | ७६ | बिमा: | १८,६०१ |
| ५ | २०८१/८२ | ५९.३० | बालमैत्री कार्यक्रम | २,२०,४०० |
| ६ | २०८१/८२ | ९९ | प्राविधिक धारको विद्यालय | १,३६,१५७ |
| ७ | २०८१/८२ | ७७.२० | ठेक्का नं.६।२०८१।८२: | ६,५२,००० |
| ८ | २०८१/८२ | ८३० | ठेक्का नं.०८।०८१।८२: | १९,२५१ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | ६३.५० | उपभोक्ता समिति मार्फत खरिद: | १५,४०५ |
| १० | २०८१/८२ | १०५ | अपाङ्गता रोकथाम तथा पुर्नस्थापन कार्यक्रम - | ३,८६,०५४ |
| ११ | २०८१/८२ | ३८ | अनुगमन भत्ता | १०,२०० |
| १२ | २०८०/८१ | ३५.३० | सामाजिक सुरक्षा भत्ता वितरण | ५,२१,९१३ |
| १३ | २०८०/८१ | ६९ | सम्झौता भन्दा बढी भुक्तानी | ३०,००० |
| १४ | २०८०/८१ | ५७ | विविध कार्यक्रम खर्च | ३,७६,८४४ |
| १५ | २०८०/८१ | ३४ | रितपूर्बकको कर बिजक | ४५,७८७ |
| १६ | २०८०/८१ | ६३ | बैठक भत्ता | ५,००० |
| १७ | २०८०/८१ | ६२ | बढी भुक्तानी | ७,४८२ |
| १८ | २०८०/८१ | ४१ | पुर्व-निर्धारित क्षतिपूर्ति | १,८८,९९१ |
| १९ | २०८०/८१ | २७ | निशुल्क पाठ्यपुस्तक रकम निकासा | २,१७४ |
| २० | २०८०/८१ | ४५ | नापी अनुसार लाग्ने बढी बिल भरपाइको यकिनको स्थिति | ६४,३२७ |
| २१ | २०८०/८१ | ९० | ढिला दाखिला | ५,२७६ |
| २२ | २०७९/८० | ९१.६० | स्वास्थ्यतर्फ | ३१,८९४ |
| २३ | २०७९/८० | ६७ | बढी यातायात खर्च | १६,००० |
| २४ | २०७९/८० | ३३ | प्रकोप व्यवस्थापन कोष | २,३४,३७५ |
| २५ | २०७९/८० | ५३.१० | जिन्सी व्यवस्थापन | १,६८,००० |
| २६ | २०७९/८० | ९०.४० | कृषि तथा पशुकार्यक्रम तर्फ | ७,३०,२८३ |
| २७ | २०७८/७९ | ४५ | बढी भुक्तानी | ४,००० |
| २८ | २०७८/७९ | १५.१० | पेश्की बाँकी | ७,६०,००० |
| २९ | २०७८/७९ | ३१ | गाउँसभा बैठक भत्ता | ८३,३०० |
| ३० | २०७८/७९ | २६ | कर्मचारीलाई कार्यपालिका बैठक भत्ता | ५६,१०० |
| ३१ | २०७८/७९ | २२ | एज विल्ट ड्रईङ | ५०,००० |
| ३२ | २०७८/७९ | ८.५० | आन्तरीक श्रोत परिचालन | १,८०० |
| ३३ | २०७७/७८ | ६९.30 | सामाजिक सुरक्षा भत्ता वितरण | ६,९९,०५७ |
| ३४ | २०७७/७८ | 45 | विभिन्न समिति बैठक भत्ता | ३,२८,९५० |
| ३५ | २०७७/७८ | 32 | पेश्की बाँकी | १,८०,००० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | २०७७/७८ | 38 | पारिश्रमिक कर | ८,९६८ |
| जम्मा | | | | ७०,२०,१६५ |

# गौरिगंज गाउँपालिका, झापा

# ( ८०११२५०३३०० )

# गौरिगंज गाउँपालिका , झापा

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ६, सभा सदस्य ३४, छेत्रफल १०१.३० वर्ग कि.मी. र जनसंख्या ३५ हजार ५०६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१२ देखि २०८२।०८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आयतर्फ रु.६३,८६,७२,३५५.२० र व्ययतर्फ रु.६१,६१,५३,६५९.५८ समेत रु.१,२५,४८,२६,०१४.७८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६,५९,५८५.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षा कार्यक्रममा बिल भन्दा बढी भुक्तानी भएको रकम असुल भई दाखिला | २००० |
| २ | दुग्ध परिकार बनाउने कार्यक्रममा बढी भुक्तानी भएको रकम असुल भई दाखिला | १९९६ |
| ३ | पुस्तक बिक्रिमा नारायण चँदारालाई बढी भुक्तानी भएको रकम असुल भई दाखिला | ७४९९ |
| ४ | युवाको लागि सिप विकास तालिममा घटी कट्टी भएको रकम असुल भई दाखिला | ८८४० |
| ५ | गाउँसभा तथा कार्यपालिका बैठकमा दोहोरो भत्ता भुक्तानी भएको रकम असुल भई दाखिला | ४२५० |
| ६ | गाउँसभा तथा कार्यपालिका बैठकमा दोहोरो भत्ता भुक्तानी भएको रकम असुल भई दाखिला | १७०० |
| ७ | लेखापरीक्षण शुल्कमा कर कट्टी नभएको रकम असुल भई दाखिला | १५०० |
| ८ | का.पा. सदस्य रम कुमारी विश्वकर्माको बढी अनुगमन भत्ता भुक्तानी भएको रकम असुल भई दाखिला | १४४५० |
| ९ | उपाध्यक्षलाई बैठक बसेको दिन भ्रमण खर्च बापत भुक्तानी भएको रकम रु. ६,८००.०० मा न्यायिक समितिको बैठक भत्ता भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२३९५५३ बाट बेरुजु दाखिला | ६८०० |
| १० | पदाधिकारीहरुलाई गाउँसभा तथा कार्यपालिका बैठकमा दोहोरो भत्ता भुक्तानी भएको रकम रु. ६४,१७५.०० र उपाध्यक्षलाई बढी अनुगमन भत्ता भुक्तानी भएको रकम रु. १५,३००.०० पदाधिकारी मंसिर महिनाको सेवा सुविधा भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२३९५७४ बाट बेरुजु दाखिला | ७९४७५ |
| ११ | कर्मचारीलाई कार्यपालिका बैठकमा दोहोरो भत्ता भुक्तानी भएको रकम रु. १,७००.००, भ्रमण भत्तामा बढी भुक्तानी रु. ५,१००.०० र बढी अनुगमन भत्ता भुक्तानी भएको रकम रु. ३२,३००.०० कर्मचारीको मंसिर महिनाको तलब भत्ता भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२३९५४४ बाट बेरुजु दाखिला | ३९०७८ |
| १२ | ७ जनाको मृत्यु पश्चात सामाजिक सुरक्षा बैंक खातामा निकासा भएको रकम असुल भई बेरुजु खातामा दाखिला भएको प्रमाण पेस भएको । | ७४५२८ |
| १३ | दिवा खाजामा बढी भुक्तानी भएको रकम असुल भएको प्रमाण पेस भएको । | ११००० |
| १४ | १५ विद्यालयलाई छात्रवृत्तिमा बढी निकासा भएको रकम असुल भई बैकं दाखिला भौचर पेस भएको । | ६९२०० |
| १५ | प्रतिविद्यार्थि लागत अनुदानमा दोहोरो अनुदान दिएको रकम असुल भई दाखिला भएको प्रमाण पेस भएको । | २५५५० |
| १६ | राजिनामा दिएको शिक्षकको तलब भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेस भएको । | २४९३४ |
| १७ | पाठ्यपुस्तकमा बढी अनुदान भएको गौरिगञ्ज मा वि र आमगाछी प्रा वि को रकम असुल गरी बैंक दाखिला भएको प्रमाण पेस भएको । | ९६८८ |
| १८ | स्वास्थ्यकर्मीको फिल्ड भत्ता असुल भएको प्रमाण पेस भएको । | १४६३७० |
| १९ | सिर्जना पौडेल र पाना लाल राजवंशीको बढी तलब भुक्तानी रकम असुल भएको प्रमाण पेस । | २८९८ |
| २० | मातृ तथा नव शिसु कार्यक्रममा बढी भुक्तानी भएको रकम असुल भएको प्रमाण पेस । | ४९१३ |
| २१ | किन्जल हार्डवेयरको मु.अ.कर दाखिला नभएको रकम आन्तरिक राजस्व कार्यालय, दमकमा दाखिला गरेको प्रमाण पेश । | १३०२६ |
| २२ | का.पा. सदस्य अघनु प्रसाद राजवंशीलाई बढी अनुगमन भत्ता भुक्तानी भएको रकम रु. १४,४५०.०० विभिन्न भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२४३३६४ बाट रु. ११,८८०.०० र करोबार नं. २०४३२२४३३३१ बाट रु. २,५७०.०० बेरुजु दाखिला | १४४५० |
| २३ | वडा अध्यक्ष विजय प्रसाद सिंहलाई २ महिनाको बढी सुविधा भुक्तानी भएको रकम रु. ४०,०००.०० विभिन्न भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२४३३६४ बाट रु. १९,८००.००, करोबार नं. २०४३२२४३३५४ बाट रु. ३,८००.०० र करोबार नं. २०४३२२३९५७४ बाट रु. १६,४००.०० बेरुजु दाखिला | ४०००० |
| २४ | वडा अध्यक्ष कार्तिक लाल राजवंशीलाई दोहोरो सुविधा भुक्तानी भएको रकम रु. २७,७२०.०० करोबार नं. २०४३२२४२८५४ बाट रु. २७,७२०.०० बेरुजु दाखिला | २७७२० |

| | | |
|---|---|---|
| २५ | वडा अध्यक्ष बद्री नारायण यादवलाई दोहोरो सुविधा भुक्तानी भएको रकम रु. २७,७२०.०० विभिन्न भुक्तानीबाट कट्टा गरी करोबार नं. २०४३२२४३३६४ बाट रु. १५,८४०.००, करोबार नं. २०४३२२४३३३१ बाट रु. ८,६५०.०० र करोबार नं. २०४३२२४३५७५ बाट रु. ४,२३०.०० बेरुजु दाखिला | २७७२० |
| | जम्मा | ६५९५८५ |

## २ एकिकृत वित्तीय विवरण:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबारको एकिकृत अवस्था निम्नबमोजिम रहेको छ।

# गौरीगञ्ज गाउँपालिका, गौरीगञ्ज, झापा

## आर्थिक वर्ष २०८१/०८२

## आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **शुरु मौज्दात** | **६७६८१०३८.६८** | ० | **चालु खर्च** | **३२०३६७११८.१** | |
| १.संचितकोष | | ५०२३५१३४.२९ | १.पालिका तर्फ | | **१४६३६८४७२.३** |
| २.धरौटी | | १३६२१८९९.५ | २.संघीय सशर्त | | **१६७८२६५७५.८** |
| ३.विभाज्य कोष | | २६४००.०० | ३.संघीय विशेष | | **०** |
| ४.कार्यसञ्चालन कोष | **१४८०७८३.४५** | ० | ४.प्रदेशसशर्त | | **६१७२०७०** |
| कर्मचारी कल्याण कोष | | १५७८९२.३ | ५.प्रदेश विशेष | | **०** |
| महिला तथा बालबिकासकोष | | ७४५६६६ | **पुँजीगत खर्च** | **१०५०१११८७** | |
| मर्मत सम्भार कोष | | ५७७२२५.१५ | १.पालिका तर्फ | | **७८८७४८६९** |
| गौरिगन्ज आधारभुतअस्पताल | | ० | २.संघीय सशर्त | | **४२२३५५०** |
| ५.विविध खर्च खाता | | ५४०४३२.०१ | ३.संघीय विशेष | | **०** |
| ६.प्रकोप व्यवस्थापन कोष | | १७७६३८९.४३ | ४.संघीय समपुरक | | **३७७८१८५** |
| **यस वर्षको आय** | | | ५.प्रदेशसशर्त | | **१००६१५३९** |
| **१.आन्तरिक आय** | **१८०५९६५७.१६** | १८०५९६५७.१६ | ६.प्रदेश विशेष | | **०** |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | **३९४८१२२५९** | ० | ७.प्रदेश समपुरक | | **८०७३०४४** |
| क) समानीकरण अनुदान | | १०५७९९२८० | **अन्तर सरकारी अख्तियारी (संघ)** | **१५२४३२६०१** | |
| ख) राजस्व बाँडफाँट | | ८९३५२३०३.९५ | क) सामाजिक सुरक्षा | | १४३७५१६३७ |
| ग) सशर्त अनुदान | | ० | ख) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | | १६७०५३५ |
| सशर्त अनुदान चालु | | १८२९८२४९० | ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | ६२३१४९९ |
| सशर्त अनुदान पुजिंगत | | १२९००००० | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | ७७८९३० |
| घ) समपुरक अनुदान | | ३७७८१८५ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | **०** | **०** |
| ङ) विशेष अनुदान | | ० | **ऋण फिर्ता (साँवा)** | **०** | **०** |
| च) रोयल्टी | | ० | **ऋणको ब्याज भुक्तानी** | **०** | **०** |
| छ) अन्य | | ० | **धरौटी फिर्ता तथा सदर स्याहा** | **२३०७८६२** | **२३०७८६२** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | **४००५६१०१.७६** | ० | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | **८२८९९७२.३** | |
| क) समानीकरण अनुदान | | ७२१९००० | कर्मचारी कल्याण कोष | | **१०८५४८.३** |
| ख) राजस्व बाँडफाँट | | ४७२९२९३.७६ | महिला तथा बालबिकास कोष | | **०** |
| ग) सशर्त अनुदान | | ० | मर्मत सम्भार कोष | | **१४४९०८२** |
| सशर्त अनुदान चालु | | ६४०५००० | गौरिगन्ज आधारभुत अस्पताल | | **८८१३४६** |
| सशर्त अनुदान पुजिंगत | | १३६००००० | विविध खर्च खाता | | **५१९३५६२** |
| घ) समपुरक अनुदान | | ८१०२८०८ | प्रकोप व्यवस्थापन कोष | | **६५७४३४** |
| ङ) विशेष अनुदान | | ० | **बिभाज्य कोष** | **१११४००** | **१११४००** |
| च) रोयल्टी | | ० | **अन्य कोषबाट भएको खर्च** | **०** | **०** |
| छ) अन्य | | ० | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | **०** | **०** |
| **ख) राजस्व बाँडफाँट स्थानीय** | **६७७७५१५** | ६७७७५१५ | **अन्य सहयोगमा सञ्चालित योजना** | **०** | **०** |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | **१५२४३२६०१** | ० | **अन्य खर्च भएमा** | **०** | **०** |
| क) सामाजिक सुरक्षा | | १४३७५१६३७ | **अनुदान फिर्ता** | **२७६३३५१९.२३** | |
| ख) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | | १६७०५३५ | १.संघ तर्फ | २३८३२३६४.२३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | ६२३१४९९ | क) सशर्त अनुदान | | २३८३२३६४.२३ |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | ७७८९३० | ख) विशेष अनुदान | | ० |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ० | ० | ग) समपुरक अनुदान | | ० |
| **६. ऋण/वित्तीय व्यवस्था** | ० | ० | २.प्रदेश तर्फ | ३८०११५५ | |
| **७. धरौटी आय** | ४१३५६५४.५ | ४१३५६५४.५ | क) सशर्त अनुदान | | ३७७१३९१ |
| **८.कार्यसञ्चालन कोष आय** | २२३१३५६६.८३ | ० | ख) विशेष अनुदान | | ० |
| कर्मचारी कल्याण कोष | | ११००००० | ग) समपुरक अनुदान | | २९७६४ |
| महिला तथा बालबिकास कोष | | ० | **अन्तिम मौज्दात** | ७२३७८५३४.८८ | ० |
| मर्मत सम्भार कोष | | १८५१४०५ | १.संचित कोषकोमौज्दात | | ५६९२८८४२.८८ |
| गौरिगन्ज आधारभुत अस्पताल | | १२५००००० | २.धरौटी | | १५४४९६९२ |
| विविध खर्च खाता | | ६२३७२५९.८३ | **कार्यसञ्चालनकोष** | १७८२११९९.४२ | |
| प्रकोप व्यवस्थापन कोष | | ६२४९०२ | कर्मचारी कल्याण कोष | | ११४९३४४ |
| **९.विभाज्य कोष** | ८५००० | ८५००० | महिला तथा बालबिकास कोष | | ७४५६६६ |
| **१०.अन्य कोषको आय** | ० | ० | मर्मत सम्भार कोष | | ९७९५४८.१५ |
| **११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | ० | गौरिगन्ज आधारभुत अस्पताल | | ११६१८६५४ |
| **१२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | ० | ० | विविध खर्च खाता | | १५८४१२९.८४ |
| **१३.अन्यआयभएमा** | ० | ० | प्रकोप व्यवस्थापन कोष | | १७४३८५७.४३ |
| | | | अन्यकोष | | ० |
| **जम्मा** | ७०६३५३३९३.८८ | ७०६३५३३९३.८८ | **जम्मा** | ७०६३५३३९३.८८ | ७०६३५३३९३.८८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **स्थानीय संचित कोष:**

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४,३७,५१,६३७।– एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.६२,३१,४९९/-, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रु.१६,७०,५३५/-, र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७,७८,९३०/- समेत गरी रू.१५,२४,३२,६०१/- सुत्रमा लेखाङ्कन गरेको छैन । उल्लिखित अवस्थाले पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा लेखाङ्कन भई प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति तर्फ रु. १७,९७,३९,९२६/- र भुक्तानी तर्फ रु. १८,०१,५१,१२०/- फरक परेको छ । उक्त फरक रकम अन्तर सरकारी अख्तियारीबाट निकासा भएको रकम र जिम्मेवारी फरक सारेकोको कारण देखिएको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ६७६८१०३८.६८ | ६३८६७२३५५.२ | ६१६१५३६५९.५८ | ९०१९९७३४.३ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन कोष समेत (म.ले.प.फा.नं.२७०) | ६७२६९८४४.३८ | ४५८९३२४२९.२७ | ४३६००२५३९.३५ | ९०१९९७३४.३ |
| फरक | ४११९९४ | १७९७३९९२६ | १८०१५११२० | ०. |

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा गतवर्षको मौज्दात रू.६,७२,६९,८४४.३८ रहेकोमा एकिकृत आर्थिक विवरणमा यो वर्ष रू.६,७६,८१,०३८.६८ जिम्मेवारी सारेको छ। यसरी सुत्रमा रु.४,११,१९४/- घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३.५ **धरौटी तथा विविध कोष:** उल्लेखित प्राप्ति र भुक्तानीको विवरणमा धरौटी, विविध खर्च तथा प्रकोप व्यवस्थापन कोषको विस्तृत विवरण वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसुचीमा निम्न बमोजिम रहेको छ।

| संकेत | कोष हिसाबको नाम | चालुआ.ब. | | | | | गत आ.ब बाकी |
|---|---|---|---|---|---|---|---|
| | | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | यस वर्षको थप घट | बाँकी | |
| १ | २ | ३ | ४ | ५ | ५क=४-५ | ६ | १० |
| ग ३.१ | स्धानीयतह धरौटी खाता | १३६२१८९९.५ | ४१३५६५४.५ | २३०७८६२. | १८२७७९२.५ | १५४४९६९२. | १३६२१८९९.5 |
| ग २.७ | विविध खर्च खाता | २५६१८४.०१ | ६५२१५०७.८३ | ५१९३५६२. | १३२७९४५.८३ | १५८४१२९.८४ | २५६१८४.०१ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७५७९९१.४३ | ६४३३००. | ६५७४३४. | -१४१३४. | १७४३८५७.४३ | १७५७९९१.४ |
| २ग ५.१ | स्थानीय तह विविध कोष खाता | १३७२२३५.१५ | १५५५९९५३.३ | २४३८९७६.३ | १३१२०९७७. | १४४९३२१२.१५ | १३७२२३५.१ |
| | स्थानीयविभाज्यकोष खाता | २६४००. | ०. | २६४००. | -२६४००. | ०. | २६४००. |
| जम्मा | | १७०३४७१०.०९ | २६८६०४१५.६३ | १०६२४२३४.३ | १६२३६१८१.३३ | ३३२७०८९१.४२ | १७०३४७१०. |

३.६ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको बर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। बैंक तथा स्रेस्ता अनुसारको बैंक हिसाब निम्म अनुसार रहेको

छ।

| खाताकोप्रकार | टिप्पणी ६.२ अनुसार श्रेस्ता अनुसार बाकी रु | २०८२ अषाढ मसान्तको बैंक स्टेटमेन्ट अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग २.७, विविध खर्च खाता | १५८४१२९.८४ | १५८४१२९.८४ | ० |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १५४४९६९२. | १५४४९६९२. | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५६९२८८४२.८८ | ५६९२८८४२.८८ | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १४४९३२१२.१५ | १४४९३२१२.१५ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७४३८५७.४३ | १७४३८५७.४३ | ० |
| जम्मा | ९०१९९७३४.३ | ९०१९९७३४.३ | ०. |

३.७ **विभाज्य कोषः** पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा विभाज्यकोषमा साविकमा रु.२६,४००/- मौज्दात रहेकोमा यस वर्ष रु.८५,०००/- थप भई जम्मा रु.१,११,४००/- रहेकोमा सो रकम सबै खर्चभएको देखिएको छ। तर सुत्रको एकिकृत आय व्ययको प्रतिबेदनको टिप्पणी ६.२ नगद र बैक मौज्दात खण्डमा साविकमा रु.२६,४००/- मौज्दात रहेको र यस वर्ष उक्त रकम घटेको देखिन्छ। सुत्रमा विभाज्यकोषमा रु.८५,०००/- आम्दानी र खर्च भएको नदेखिकएकोले यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

४ **धरौटी फिर्ता र दाखिला** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ अनुसार, कार्यालयमा जम्मा गरिएको धरौटी नियम ६५ बमोजिम जफत वा कट्टा नहुने, तथा नियम ६७ बमोजिम राजस्व खातामा दाखिला गर्नु नपर्ने अवस्था भएमा, सो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था गरिएको छ।धरौटी रकम फिर्ता लिनका लागि, प्रचलित कानुनमा अवधि तोकिएको भए सोही अवधिभित्र, र अवधि नतोकिएको भए जुन कामका लागि धरौटी राखिएको हो, सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले सोही कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ।यसबाहेक, धरौटी फिर्ता दिन नपर्ने अवस्था सिर्जना भई राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा, प्रचलित कानुन वा करारको शर्तमा म्याद तोकिएको भए सो म्यादभित्र, र म्याद नतोकिएको भए तीस दिनभित्र सम्बन्धित अधिकारीले निर्णय गरी धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था विद्यमान छ। पालिकाले नाम/नामेसी नखुलेको गत विगत देखि जिम्मेवारी सर्दै आएको धरौटी रकम रु. २६,९५९/- धरौटी खातामा देखाएको छ। प्रयोजन समाप्त भएको धरौटी रकम यकिन गरी, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा रहेको उक्त व्यवस्थाको पालना हुनुपर्दछ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको अध्यक्षले २०८१।३।१० मा रू. ५१ करोड ३७ लाख ५० हजारको बजेट सभामा पेश गरेकोमा २०८१।३।२७ मा पारित भई पालिकाको प्रमुखले २०८१।३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत

अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरू फाल्गुण महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले समितिको गठन गरे तापनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरूको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । सो अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

८ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा २.६.८ सँग सम्बन्धित अनुसूची ४ मा आयोजना प्राथमिकीकरणका आधारहरू भुउपयोग, जग्गा एकीकरण तथा बस्ती विकास, स्थानीय यातायात तथा सार्वजनिक पूर्वाधार विकास, स्थानीय आर्थिक विकास, वातावरण संरक्षण, सामाजिक विकास, पुनरुत्थान तथा पुनर्निर्माण विकास क्षेत्र उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रममाा वडागत र पालिकास्तरका कुल १२२ वटा योजना समावेश भएकोमा ९६ योजना कार्यान्वियन भई २६ योजना कार्यान्वियन भएको पाइएन ।

| सि.नं | योजनाको विनियोजित रकमको विवरण | बजेट विनियोजित योजना संख्या | विनियोजित बजेट रू. | कार्यान्वयन योजना संख्या | बजेट खर्च रू. |
|---|---|---|---|---|---|
| १ | रू.१ लाखसम्म लागत अनुमान भएका योजना | २४ | २१८७२५० | १८ | १४३०३१३ |
| २ | रू.१ देखि ५ लाखसम्म लागत अनुमान भएका योजना | ६२ | १९७१८३०० | ४९ | १६०३४२०७ |
| ३ | रू.५ देखि १० लाखसम्म लागत अनुमान भएका योजना | १३ | १०४५०३५२ | १० | ६९८९७४४ |
| ४ | रू.१० देखि २० लाखसम्म लागत अनुमान भएका योजना | ४ | ६६०७५०० | ४ | ६४०९८६३ |
| ५ | रू.२० देखि ५० लाखसम्म लागत अनुमान भएका योजना | १७ | ६१८८३८७० | १३ | ३१८३७२५२ |
| ६ | रू.५० लाख देखि माथि लागत अनुमान भएका योजना | २ | १५२००००० | २ | ८०४२४५९ |
| | **जम्मा** | **१२२** | **११६०४७२७२** | **९६** | **७०७४३८३८** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.८ को चरण १.२ मा पालिकाले आफ्नो छेत्रभित्र सञ्चालन गर्ने विकास कार्यहरुलाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच विषयक्षेत्रमा वर्गीकरण गर्दै दिगो विकासका लागि स्थानीय आवश्यकता र प्राथमिकता अनुसार लक्ष्य निर्धारण गरी योजना बनाउने र कार्यान्वियन गर्ने व्यवस्था गरिएको छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | वार्षिक बजेट | खर्च रकम | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३४१५०००.०० | १७९०४३७४.०० | ४.२० |
| २ | पूर्वाधार विकास | १३३६९६३४८.०० | ८३९५५७२३.०० | १९.७४ |
| ३ | सामाजिक विकास | २४२९६६३२५.०० | २१५६०७८३४.०० | ५०.६९ |
| ४ | वातावरण तथा विकास | ५३३००००.०० | १३१२३६६.०० | ०.३१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२४३२७३०.०० | ९२९१६७५.०० | २.१८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०८४१९१८०.०० | ९७३०६३३२.२८ | २२.८८ |
| | **जम्मा** | **५३६२५९५८३.००** | **४२५३७८३०४.२८** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५०.६९ प्रतिशत र वातावरण तथा विकास क्षेत्रमा सबै भन्दा घटी ०.३१ प्रतिशत खर्च रहेको छ । पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

## १० खर्च बिश्लेषण

पालिकाको यसवर्ष कुल आन्तरिक आयबाट रू. १ करोड ८० लाख ५९ हजार, गत आर्थिक वर्षको मौज्दात रू. ५ करोड २ लाख ३५ हजार, राजस्व बाँडफाँटबाट रू. १० करोड ८ लाख ५९ हजार र अनुदानबाट रू. ३१ करोड ३१ लाख ५३ हजार समेत रू. ४८ करोड २३ लाख ६ हजार आम्दानी भएकोमा चालु तर्फ रू. ३२ करोड ३ लाख ६७ हजार र पूँजिगत तर्फ रू. १० करोड ५० लाख ११ हजार समेत रू. ४२ करोड ५३ लाख ७८ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४. २४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.३१ प्रतिशत चालु र २४.६९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रू. ५२ लाख ४२ हजार, कर्मचारी पारिश्रमिकमा रू. १ करोड ७० लाख ४५ हजार, करार कर्मचारी पारिश्रमिकमा रू. १ करोड ३८ लाख ६१ हजार, गौरीगंज आधारभुत अस्पतालमा कर्मचारी व्यवस्थापनमा रू. १ करोड ७३ लाख १० हजार, गाउँपालिका अनुदानको शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रू. ८८ लाख ९० हजार समेत रू. ६ करोड २३ लाख ४८ हजार तलब भत्ता तथा पारिश्रमिकमा मात्र खर्च गरेको स्थिती छ जुन आन्तरिक आयबाट प्राप्त रकमको ३.४५ गुणा रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ११ कार्यक्रम सञ्चालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । स्थानीय तहले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जीवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/कार्यविधि

बमोजिम मात्र छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । पालिकाले सभाद्वारा पारित नीति तथा कार्यक्रममा समावेश केही कार्यक्रमहरु सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छः

**क) दुःखको साथी भरोसा राखौं गाउँपालिका माथि कार्यक्रम** - पालिकाले मृत्यू भएका परिवारलाई काजकिरीयामा सहयोग पुगोस भनी प्रति व्यक्ति रू. १०,०००.०० का दरले यस आ.ब.मा कुल रू.२३,२०,०००.०० भुक्तानी भएको छ । वडा सचिवले पेश्की लिएर वितरण गर्ने कार्यक्रममा सम्बन्धित परिवारले रकम बुझेको भरपाई संलग्न गरेको देखिन्छ । संलग्न कागजात हेर्दा गत आ.ब.मा मृत्यू भएका परिवारलाई समेत रकम वितरण भएको देखियो । यस आ.ब.मा वडागत रुपमा कति जनालाई रकम बितरण गरिएको हो नामावली तयार गरेको देखिएन । वितरण रकमको आधारमा यस आ.ब.मा २३२ जनालाई रकम बितरण भएको देखिदा निजहरुको नामावली पालिकाले आफ्नो वेवसाईटमा समेत राखी दोहोरो नपर्ने सनिश्चित गर्नुपर्दछ ।

**ख) उपाध्यक्षसँग सुत्केरी पोषण कार्यक्रम**- पालिकाले सुत्केरी भएका महिलालाई पोषणयुक्त खाद्यान्नमा सहयोग पुगोस भनी प्रति व्यक्ति रू. १,५००.०० का दरले यस आ.ब.मा कुल २०९ जनालाई रू.३,१३,५००.०० भुक्तानी भएको छ । वडा सचिवले पेश्की लिएर वितरण गर्ने कार्यक्रममा जन्मदर्ता पेश गरेको प्रमाणका आधारमा सुत्केरीले रकम बुझेको भरपाई संलग्न गरेको देखिन्छ ।

**ग) सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा तथा अति विपन्न र कक्षा ८ मा उत्कृष्ट GPA ल्याउने छात्रहरुलाई साइकल वितरण कार्यक्रम**- पालिकाले सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा, अति विपन्न छात्रा र कक्षा ८ मा उत्कृष्ट GPA ल्याउने कुल २१७ छात्राहरुलाई रू. ६,९५०.०० का दरले कुल रू.१६,८८,५०२.०० को साइकल खरिद गरी वितरण गरेको देखिन्छ ।

पालिकाको आन्तरिक आय रू. १ करोड ८० लाख ५९ हजार मात्र रहेकमा समानीकरण र राजश्व बाँडफाँड स्रोतबाट खर्च हुने गरी माथी उल्लेखित कार्यक्रममा सहायता वितरण गरेको छ । यसरी वितरण गर्ने सहायताको कुनै मापदण्ड तथा समेत निर्धारण गरेको देखिदैंन । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत धान्न नसक्ने अवस्थामा यस्ता नगद वितरणमुखी प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा पालिकालाई व्ययभार बढ्ने देखिन्छ । आन्तरिक आय समेतको विश्लेषण गरी यस किसिमका नगद वितरण कार्यक्रम भन्दा पालिकाले दीर्घकालीन योजनाअनुसार विकासका प्राथमिकता, स्रोतको अधिकतम प्रयोग र कार्यको अपेक्षित परिणामलाई ध्यानमा राखी संविधान र कानुनी प्रावधानको दायराभित्र रही बजेट विनियोजन, स्वीकृति तथा कार्यान्वियन गर्नुपर्छ।

१२ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार आर्थिक वर्ष ०८१।८२ का लागि स्वीकृत भएको रू. ५६,६०,९००.०० बराबरको २३ योजना तथा कार्यक्रमलाई कार्यक्रम संसोधन तथा रकमान्तर गरी नयाँ ७७ योजना तथा कार्यक्रममा रू. २,६०,७०,७२०.०० रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा ५.०७ प्रतिशत रहेको छ । पालिकाले चालु शिर्षक तर्फमात्र रू. ६८,०२,३००.०० रकमान्तर गरेको छ ।

| क्र.सं. | शिर्षक | रकमान्तरबाट घटेको | रकमान्तरबाट बढेको |
|---|---|---|---|
| १ | चालु | ४१७८९००.०० | ६८०२३००.०० |
| २ | पूँजिगत | १४८२०००.०० | १९२६८४२०.०० |
| | **जम्मा** | **५६६०९००.००** | **२६०७०७२०.००** |

अत: योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१३ **अबण्डा बजेट राखि खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले संचालन गरिने कार्यक्रम उल्लेख नगरी निम्नानुसार शीर्षकमा यो वर्ष रू. २ करोड १५

लाख ३२ लाख अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको पटके निर्णयबाट विभिन्न २० योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरेर रू. १ करोड ४१ लाख ३० हजार खर्च गरेको छ । पालिकाले शुरु बजेटको तुलनामा ४.१९ प्रतिशत रकम अबण्डा राखेको पाइयो । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले ऐनमा भएको व्यवस्थाको पालना भएको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| कार्यक्रमको नाम | खर्च शिर्षक | बजेट रकम | खर्च रकम | योजना संख्या |
|---|---|---|---|---|
| समपूरक कोष | ३११५९ | ७८५००००.०० | ७८४९१६५.०० | ३ |
| साझेदारी कोष | ३११५९ | १००००००००.०० | ५४०००२०.०० | १५ |
| अध्यक्ष, उपाध्यक्ष कोष | ३११५९ | ३६८१९९३.०० | ८८१४००.०० | २ |
| **जम्मा** | | **२१५३१९९३.००** | **१४१३०५८५.००** | **२०** |

## १४ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) कार्यालय प्रमुखबाट प्रमाणित गरी गत वर्षको २४ कार्यक्रमको रू. ९५,५१,७६३.०० यस वर्षको बजेटमा व्यवस्था गरी भुक्तानी दिएको छ । उक्त रकम पालिकाको यस वर्षको कुल खर्चको २.२५ प्रतिशत रहेको छ । पालिकाले दायित्व सिर्जना गर्न नमिल्ने गाउँपालिका चालु खर्च शिर्षक अन्तर्गत सवारी मर्मत, इन्धन खर्च, परामर्श खर्च लगायतमा समेत भुक्तानी बाँकी राखेको देखियो । सभा द्वारा बजेट विनियोजन गर्दा पालिकाले एकमुष्ट रुपमा "गत वर्षको भुक्तानी बाँकी" शिर्षकमा बजेट विनियोजन गरी प्रमाणित विवरणको आधारमा भुक्तानी गरेको पाइयो । ऐनको प्रावधान अनुरूप आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ७७ (३) मा आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्

• पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा एक पटकमात्र गरेको देखियो तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गरी सम्परीक्षण गरेको देखिएन।

• पालिका स्थित वडा कार्यालयहरुको राजश्व आम्दानी तथा दाखिला कारोवारको लेखापरीक्षण गरेको छैन।

तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै

स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दिगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकिकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले खरिद नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी स्थानीय स्तरमा दररेट पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन।

**विविध तर्फ**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार नगरेको,

• कोशी प्रदेश, स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ५

वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई कार्यालयमा मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरि जिन्सी श्रेस्ता अध्यावधिक बनाउनु पर्दछ ।

• कार्यालयको मिति २०८२।६।२३ मा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनि उल्लिखित मालसामान तथा उपकरणहरु मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै मर्मतको कारबाही चलाउनु पर्दछ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• जिन्सी समानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला भएको छैन

## १८ सेवा प्रवाह

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ:

| विवरण/ सिफारिस संख्या | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २९ | २० |
| नागरिकता सिफारिस | १२५५ | १२१८ |
| घरबाटो प्रमाणित | १२७९ | १२४६ |
| नाता प्रमाणित | ६१९ | ६०६ |
| **पञ्जिकरणतर्फ** | **निबेदन दर्ता** | **प्रमाण पत्र जारी संख्या** |
| जन्मदर्ता | ५१९ | ४६५ |
| मृत्युदर्ता | २५१ | २१९ |
| बसाईसराई दर्ता | १४९ | ११३ |
| विवाह दर्ता | २४० | २३६ |
| सम्बन्धविच्छेद दर्ता | १५ | १४ |
| **पूर्वाधार तर्फ विवरण** | **अनुमानित परिमाण** | **कार्य सम्पन्न परिमाण** |
| पूर्वाधार विकास सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक निर्माण | ४०६० मिटर | ४०६० मिटर |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | ५१९२ मिटर | ५१९२ मिटर |
| ग्राभेल सडक मर्मत | ० | ० |

प्राप्त विवरणअनुसार पालिकामा सेवा प्राप्तिका लागि दिएकोमध्ये केही निवेदनहरूको कारवाही किनारा नभई बाँकी रहेको देखिन्छ । आगामी दिनमा पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

## १९ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, ३६ वटा कार्यविधि, २ वटा निर्देशिका तथा १ नर्म्स लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

## २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २७ वटा मुद्धाहरु र यो बर्ष दर्ता भएका १०६ मुद्धा गरी कुल १३३ वटा मुद्धा मध्ये ८४ वटा फछर्यौट भएको ४९ वटा मुद्धा फछर्यौट हुन बाँकी देखिन्छ । पालिकामा रहेको न्यायिक समितिको यस वर्ष ४८ वटा बैठक सञ्चालन गरी रू. १,५३,६००.०० बैठक भत्ता बापत खर्च गरेकोमा न्याय सम्पादनको संख्या न्यून रहेको पाइयो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र विवाद तथा मुद्धाहरु फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २१ सहकारी नियमन

नेपालको संविधानको अनुसूची- ८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस पालिकाले सहकारी सम्बन्धी ऐन कानून निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल १५ वटा सहकारी संस्था एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्ध भएकोमा ४ वटा संस्था पूर्ण रुपमा निष्कृय रहेको पाइयो । १५ वटा संस्था मध्ये ५ वटा संस्थाले मात्र समस्तिगत विवरण भरेको र १० वटा संस्थाले हालसम्म समस्तिगत विवरण भरेको पाइएन । पालिकामा समस्याग्रस्त सहकारीको गुनासो नआएको तथा समस्या ग्रस्त सहकारी पहिचान नभएको व्यहोरा जानकारी प्राप्त भएको छ। पालिकाले सहकारी संस्था सम्बन्धि कुनै पनि अनुगमन निरीक्षण तथा छानविन नगरेकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ।साथै सहकारीको बर्तमान अवस्थामा आएको कार्य सञ्चालनको राष्ट्रव्यापी विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेश्यप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनु पर्दछ ।

## २२ खरिद व्यव्स्थापनः

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड ५० लाख ११ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः कार्यालयले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## २३ खरिद कारवाहीको अभिलेखः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## २४ निर्मित संरचनाको अभिलेखः

पालिकाले आफ्नो क्षेत्राधिकारभित्र रहेका सडक, भवन, सिंचाई, पर्यटन पूर्वाधार, धार्मिक स्थल लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन । निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, निर्माणस्थल चेनेज पहिचान र अभिलेख व्यवस्थित गरेको देखिएन ।अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य गर्न तथा अभिलेख व्यवस्थापनका लागि जी.पी.एस. बाट अभिलेख देखिने व्यवस्था मिलाउनु पर्दछ।त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका सडक तथा अन्य संरचनाको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२५ **कन्टिन्जेन्सी खर्च:**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिमको कन्टिजेन्सी खर्चको विवरण पेश गरेको छ।

| आर्थिक वर्ष २०८१।८२ को कन्टिन्जेन्सी खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| जम्मा | मस्टरोल | मर्मत इन्धन | कार्यालय सञ्चालन अनुगमन | अन्य |
| ८८६२७५ | ० | ० | ८८६२७५ | ० |

• ४ प्रतिशत भन्दा वढी खर्च नहुने गरी कन्टिन्जेन्सी खर्च नियन्त्रण गर्न योजना अनुसार कन्टिन्जेन्सी खर्चको अधावधिक विवरण तयार गर्ने गरेको छैन। कन्टिन्जेन्सी खर्चको सिमा ननाघ्ने गरी योजना अनुसारको कन्टिन्जेन्सीको अधावधिक विवरण तयार गर्नुपर्दछ ।

• कन्टिजेन्सीबाट मसलन्द, पत्रपत्रिका, सूचना प्रकाशन लगायतमा खर्च गरेकोमा कार्यालयको लागि विनियोजन भएको चालु तर्फको सम्वन्धित खर्च शीर्षकबाट समेत उक्त कार्यको लागि भुक्तानी भएको छ । खरिद आवश्यकता पहिचान गरी शाखागत खरिद माग प्राप्त गरी, खरिद योजना बनाइ लागत अनुमान तयार पारी ऐन नियमले तोकेको सिमा भित्र रहि खरिद गर्नु पर्नेमा सोझै खरिद गरेको देखिएकोले ऐन नियमको पूर्णरुपमा पालना गरीनु पर्दछ ।

कार्यालयले नगरी नहुने कार्यमा मात्र खर्च गरी कन्टिन्जेन्सी खर्च नियन्त्रण समेत गर्नुपर्दछ ।

२६ **पुँजीगत खर्च:**

२६.१ **त्रैमासिक पूँजीगत खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ:

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पालिका तर्फ | ७८८७४ | ५६० | ९८३५ | २२३३३ | ४६१४६ | ३३४७५ |
| २ | संघीय सशर्त | ४२२४ | ० | ० | ० | ४२२४ | ३२८७ |
| ३ | संघीय समपुरक | ३७७८ | ० | ० | ३७७८ | ० | ० |
| ४ | प्रदेश सशर्त | १००६२ | ० | ० | ० | १००६२ | ८१०२ |
| ५ | प्रदेश समपुरक | ८०७३ | ० | ३२७४ | २७९७ | २००२ | २००२ |
| | जम्मा | १०५०११ | ५६० | १३१०९ | २८९०८ | ६२४३४ | ४६८६६ |
| | प्रतिशत | १००.०० | ०.५३ | १२.४८ | २७.५३ | ५९.४५ | ४४.६३ |

पालिकाबाट प्राप्त विवरण अनुसार कुल पुँजीगत खर्च रु.१० करोड ५० लाख ११ हजारमध्ये प्रथम त्रैमासिकमा ०.५३ प्रतिशत, दोस्रो त्रैमासिकमा १२.४८ प्रतिशत, तेस्रो त्रैमासिकमा २७.५३ प्रतिशत, चौथो त्रैमासिकमा ५९.४५ र असार महिनामा मात्र ४४.६३ प्रतिशत खर्च गरेको छ। अन्तिम त्रैमासिकमा बढी खर्च गर्दा निर्माण कार्यको अनुगमनमा कठिनाई हुने र गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा प्रत्येक त्रैमासिकमा निर्धारित लक्ष्य अनुरुप खर्च गर्नु पर्दछ ।

२६.२ **खरिद विधि:** कार्यालयको पुँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिबाट रकम खर्च भएको विवरण पेश भएको छ ।

| खरिद विधि | संख्या | खर्चरकम | खर्च प्रतिशत |
|---|---|---|---|
| खुला बोलपत्र | १६ | ५०९६०७८३.१८ | ४८.५३ |
| सिलबन्दी दरभाउपत्र | १ | १४८७८५१.८७ | १.४२ |
| सोझै | ५९ | २८४७२८६९.९५ | २७.११ |
| अमानत | ६ | ५८२८८९.०० | ०.५६ |
| उपभोक्ता समिति वा लाभग्राही समुदाय | ४६ | २०२३१४१६.०० | १९.२७ |
| गैर सरकारी संस्था | ३ | २३८९१०२.०० | २.२८ |
| कन्टिन्जेन्सी | १ | ८८६२७५.०० | ०.८४ |
| | | **१०५०११९८७.००** | १००.०० |

२६.३ **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६ मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले पेस गरेको विवरण अनुसार यो वर्ष १६ नयाँ ठेक्का सहित १८ वटा ठेक्का संचालनमा रहेकोमा रहेकोमा १० ठेक्का सम्पन्न भएका छन । यस वर्षका नयाँ १६ ठेक्का खरिद सम्झौता गर्दा ३.३२ प्रतिशत देखि ४८.४२ प्रतिशत सम्म घटीको कबोल अंकमा ठेक्का सम्झौता भएको छ । त्यस्तै सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा सम्झौता भएको छ भने उपभोक्ता समितिसंग लागत अनुमान भएको रकम बराबर नै सम्झौता भएको छ। खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ पालिकाको ध्यान दिनुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२६.४ **अधुरा आयोजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२०, १२०(क) र १२८ अनुसार अधुरा ठेक्काहरुको पेश्की जमानत प्राप्ति गर्ने, ठेक्का अङ्कको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोडने, कार्यसम्पादन जमानत प्राप्ति गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १२५ बमोजिम खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गरी प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्थाहरुको कार्यान्वियन नगरेको कारण काम अधुरा रहने ठेक्काहरुको संख्या र समायावधि बढदै गएको देखिन्छ । पालिकाले पेस गरेको वार्षिक प्रगतिको विवरण अनुसार निम्न योजना सञ्चालनको लागि निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा हाल सम्म अधुरो रहेको देखियो। केही ठेक्काको लागि बजेट व्यवस्था भएता पनि भुक्तानी बाकी राखि फरफारक नगरेको उचित देखिएन। उक्त ठेक्का सार्वजनिक खरिद कानून बमोजिम फरफारक गर्नुपर्दछ।

| क्र.सं. | निर्माणकार्य/योजनाको नाम | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता मिति | योवर्ष सम्मको खर्च | भौतिक प्रगति | कार्यालयको अनुसार कैफियत (सम्पन्न नहुनुका कारण) |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयालाल राजबंशी को घरदेखिपूर्व अस्पताल जाने बाटो र सतिश दास को घर देखि उत्तर कृष्ण उप्रेती को घर सम्मकालोपत्रे सडक निर्माण | जय नेपाल निर्माण सेवा., धुसेनी -२ इलाम | २०८१-०८-२८ | २०८२-०३-०१ | ३७८८७५९ | ६५२००० | १०० | ३६८५२३३.९अन्तिम मुल्यांकन २०८२/०४/१६ मा सम्पन्न |
| २ | कुन्जिबरी देखि बर्हबिघे सारंगपाडा हुदै केर्खाबजार जोड्ने सडक माड्रेन सहित कालोपत्रे निर्माण | कन्केश्वरकन्सट्रकसन प्रा. लि., गौरीगञ्ज गा पा १ झापा | २०८१-०८-२१ | २०८२-०३-१५ | ३५५६०८२ | १२०१९९१.२६ | १०० | ३२५१५६६.२३ अन्तिम मुल्यांकन २०८२/०३/२५ मा सम्पन्न |
| ३ | कुन्जिबरी देखि बर्हबिघे सारंगपाडा हुदै केर्खाबजार जोड्ने सडक माड्रेन सहित कालोपत्रे निर्माण | दधिना कन्सट्रकसन प्रा. लि., सुनबर्षी गा पा २ मोरङ्ग | २०८१-०८-२८ | २०८२-०३-१५ | २५७७७०६ | ७५३००० | १०० | २५२२१५६.२४ अन्तिम मुल्यांकन २०८२/०३/२५ मा सम्पन्न |
| ४ | कृषि बिधुतिकरण को लागिबिद्युत पोल तथा तार खरिद | जय सन्तोषी मा निर्माण सेवा गौरीगञ्जगा पा २ झापा | २०८१-०८-२१ | २०८२-०३-०१ | ६६७८२४६ | ४२६४६०२.९४ | १०० | ६५८६८९९.३९ अन्तिममुल्यांकन २०८२/०२/२६ मा सम्पन्न मुद्धा परेको हुनाले अन्तिम भुक्तानीनभाको |
| ५ | अधारभुत अस्पताल निर्माण (खजुरगाछी प्राथमिक स्वास्थ्य केन्द्र वाडनं ०६) | C.M. CONSTRUCTION (P).LTD.,JORPATI-०२ ,KATHMANDU | २०७८-०१-०८ | २०८२-०३-२० | १३०४५२०१३ | ११०३१८८७५ | ८४ | भेरियेसनआदेश तयार नभएको र निर्माण कार्य मा ढिला सुस्ती को कारण |
| ६ | कोरोबारी सिमसारश्रेत्रनिर्माण , गौरीगञ्ज गाउँपालिका वडा नं २ | ड्रागन -सफल -निशान जे भि. काठमाण्डौं | २०७८।०४।१२ | २०८२-०३-२० | ४८८९३५१० | ३०७३४४४६.९ | ६२.८६ | पर्यटन मन्त्रालय बाट बजेट उपलब्ध नभएको |

## २७ त्रुटी सच्याउने दायित्व अवधि अभिलेख:

सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्ने पर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेको सार्वजनिक निर्माणका कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । साथै चालु आ.व.मा विभिन्न योजनाको मर्मत बापत भुक्तानी भएकोमा डी.एल.पी. समयका योजनाको रकम भुक्तानी भए नभएको एकिन हुन सकिएन । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि

भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटि निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

२८ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा पेश्की फस्यौंट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेश्की रू.६,५२,०००.०० आर्थिक वर्षको अन्त्यसम्म पनि फस्यौंट नभई बाँकी रहेको देखिन्छ। पेश्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी सम्झौताको शर्त र नियमानुसार फस्यौंट गर्नुपर्ने देखिन्छ।

| **पेश्की लिनेको नाम** | **मिति** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| जय नेपाल निर्माण सेवा | २०८१।९।२४ | गा. पा. गौरव नयाँलाल राजबशीको घरदेखि पूर्व अस्पताल जाने बाटो र सतिस दासको घरदेखि उत्तर कृष्ण उप्रेतिको घरसम्म कालोपत्रे वडा ६ | ३२६००० |
| जय नेपाल निर्माण सेवा | २०८२।२।२ | गा. पा. गौरव नयाँलाल राजबशीको घरदेखि पूर्व अस्पताल जाने बाटो र सतिस दासको घरदेखि उत्तर कृष्ण उप्रेतिको घरसम्म कालोपत्रे वडा ६ | ३२६००० |
| **जम्मा** | | | **६५२०००** |

२९ **पेश्की रकमको विवरण :**

**पेश्की रकमको विवरण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ । नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । पालिकाले सोही कार्यक्रम अनुरुप विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष ५२१ व्यक्तिहरुलाई रू. ३१,५७,५००.०० आर्थिक सहायता वितरण गरेको छ । त्यस अतिरिक्त पालिकाले प्रत्येक वडाका विपन्न नागरिकहरुलाई ८०/२० साझेदारीमा स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ६०० वटा घरधुरीको रू. २,८००.०० का दरले रू. १६,८०,०००.०० को स्वास्थ्य बिमा खर्च गरेको छ । पालिकाको वितरण गरेको आर्थिक सहायता रकम कुल आन्तरिक आय रू. १ करोड ८० लाख ५९ हजारको २६.७९ प्रतिशत हुन आउँछ । पालिकाले आर्थिक सहायता वितरण कार्यविधिमा स्पष्ट सहायता वितरण गर्ने मापदण्ड उल्लेख गरेको छैन तथा पालिकाबाट भएको सहायता वितरणको प्रभाव मूल्याकंन हुने गरेको देखिएन । आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्दै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

३१ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही तर्जुमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने, जन जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा अनुत्पादक र वितरणमुखी योजना र कार्यक्रमहरु स्वीकृत गरी सञ्चालन गर्ने गरेको देखियो । पालिकाले वितरण गरेको सामग्री सम्वन्धित लाभग्राही व्यक्ति वा समुहलाई दोहोरो नपर्ने गरि वितरण भएको यकिन गर्न कठिन रहेको तथा गत विगतदेखी यसै प्रकृतिका कार्य सञ्चालनमा पालिकाको अत्यधिक बजेट र समय व्यतित भएको देखिएको छ । पूँजी निर्माण नहुने र उपलब्धी मुल्यांकन सहित लाभग्राही समुदायको स्तरोनन्ती भएको मापन गर्न नसकिने यसप्रकारका वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।साथै, वितरणमुखि खर्चको विवरण पालिकाको वेभसाइटमा समेत सार्वजनिकीकरण गर्नु पर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ०८२।३।२४ | ६८३ | मधेशी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रम | २०० थान टि-शर्त खरिद | ११८५८८ |
| २ | ०८२।३।२४ | ६७४ | मधेशी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रम | २५० थान सुती साडी खरिद | १४९७२५ |
| ३ | ०८२।३।२४ | ६७१ | दलित समुदाय लक्षित कार्यक्रम | तब्ला, हार्मोनियम खरिद | ५०००० |
| ४ | ०८२।३।२३ | ६६० | दलित समुदाय लक्षित कार्यक्रम | १५ थान सिलाई मेसिन खरिद | २१३७१७ |
| ५ | ०८२।३।२३ | ६५६ | मधेशी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रम | ११७ थान छाता खरिद | ४९५७८ |
| ६ | ०८२।३।१९ | ६१२ | दलित समुदाय लक्षित कार्यक्रम | ११० थान झुल खरिद | ५०००० |
| ७ | ०८२।३।१९ | ६०९ | दलित समुदाय तथा अपाङ्गता लक्षित कार्यक्रम | १११ थान झुल खरिद | ९९७८९ |
| ८ | ०८२।३।१८ | ६०१ | सामुदायिक विद्यालयमका विद्यार्थीलाई पोशाक तथा ब्याग वितरण कार्यक्रम | ३३७ थान ड्रेस खरिद | ५००००० |
| ९ | ०८२।३।१८ | ६०१ | सामुदायिक विद्यालयमका विद्यार्थीलाई ड्रेस वितरण कार्यक्रम | ५०० थान भेस्ट खरिद | २४९७३० |
| १० | ०८२।३।५ | ५३५ | अपाङ्गता लक्षित कार्यक्रम | ६५ थान झुल खरिद | २५००० |
| ११ | ०८२।३।५ | ५३५ | ट्युववेल वितरण | २० थान ट्युववेल वितरण | ९९९९३ |
| १२ | ०८२।३।२ | ५२७ | छात्राहरुलाई साइकल वितरण कार्यक्रम | २१५ थान साइकल वितरण | १६८८५०२ |
| | | | पालिका पूँजिगत तर्फ | | |
| १३ | ०८२।०३।१५ | १५९ | २२ थान इलेक्ट्रिक स्प्रे टंकी वितरण | २२ थान स्प्रेटंकी वितरण | ९९९९२ |
| १४ | ०८२।०३।२२ | १५० | सिचाईको लागि २० जनालाई डिप बोरिङ सेट ट्युबेल ८०:२० साझेदारी | २० जनालाई डिप बोरिङ सेट ट्युबेल (पाइप, जाली, हेन्ड पम्प ) | ४५०००० |
| १५ | ०८२।०३।२४ | २०३,२०४ | २० वटा १ एच पिको मोटर वितरण ६०:४० साझेदारी | २० वटा १ एच पिको मोटर | १६३६०० |
| १६ | ०८२।०३।१६ | ५८५,१२३ | कृषि विकास कार्यक्रम अन्तर्गत २८ जनालाई मोटर तथा ३९ जनालाई बोरिङ्ग सामाग्री खरिद तथा वितरण ८०:२० साझेदारी | २८ जनालाई मोटर तथा ३९ जनालाई बोरिङ्ग सामाग्री खरिद तथा वितरण | १२१५५६५ |

## ३२ अनुदानको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकास तर्फको कार्यक्रम बजेटबाट खर्च गरेकोमा कार्यक्रमको अनुगमन गरी, अनुदानको सहि सदुपयोग, संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधारको मापन गरी प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाबाट विभिन्न प्रकारका अनुदान वितरण भएकोमा अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण समेत सार्वजनिक गर्नुपर्दछ ।

**कृषि विकास तर्फको कार्यक्रमः**

| अनुदानकोकिसिम | परिमाण | पालिकाकोअनुदान रकम | | | |
|---|---|---|---|---|---|
| | | अनुदान ग्राहीको संख्या | जम्मालागत | पालिकाअनुदान | लाभग्राहीकोअंश |
| **मलको किसिम** | | | | | |
| सुक्ष्म खाद्यतत्व अनुदान वितरण समुह तथा फर्म | ३१५० kg | ४ वटा कृषि फर्म र ११ वटा कृषक समूह | २९९२५० | २९९२५० | |
| हरीयो मलका लागि कोसेबालीका विउ अनुदान वितरण समुहतथा फर्म | ८०० kg | ३ वटा कृषि फर्म र १२ वटा कृषक समूह | २००००० | २००००० | |
| प्राङ्गारिक / जैविक मल उत्पादन वितरण | | | ४७०४७० | ४७०४७० | |
| **बिउको किसिम** | | | | | |
| तराई सिंचित परियोजना कन्काइ सिचाई कमान्डक्षेत्रका कृषक समुहमा सहकार्यकार्यक्रम केराउको विउ वितरण | १२८ kg | २ वटा कृषक समूह | ५१२०० | ३८४०० | १२८०० |
| धान विउ ५० प्रतिशत अनुदान वितरण | ६३० kg | १ वटा कृषि फर्म र १२ जना कृषक | ५२५६० | २६२८० | २६२८० |
| गहुँ विउ ५० प्रतिशत अनुदान वितरण | ४१२० kg | २ वटा कृषि फर्म र ४९ जना कृषक | ३७०८०० | १८५४०० | १८५४०० |
| सजिवन विरुवा वितरण | ७००वटा | ७००जना कृषक | ४९००० | ४९००० | |
| **मेशिनरीऔजार नाम** | | | | | |
| धान काट्ने मेसिन ७५ प्रतिशत अनुदान वितरण | १ | १ | ३१२०००० | १५६०००० | १५६०००० |
| मकै छोड्याउने मेशिन ७५ प्रतिशत अनुदान वितरण | १५ | १५ | २५५००० | १९१२५० | ६३७५० |
| अन्य | | | | | |
| बेमौसमी तरकारी खेति सम्बन्धि तालिम | १ | २८ | ४९९१० | ४९९१० | |
| विषादी असर र न्यूनिकरण सम्बन्धि जनचेतना मुलककार्यक्रम तालिम | ६ | १९२ | ७३४०० | ७३४०० | |
| फलफूल तथा तरकारीका विरुवा उत्पादन गर्न नर्सरीस्थापना कार्यक्रम | २ | १ | १००००० | १००००० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बगर खेती कार्यक्रम अनुदान यस अघि अनुदान प्राप्तनगर्ने फर्म र संस्थाहरुलाई | २ | २ | २००००० | २००००० | |
| आलि घटाउँ उत्पादन बढाउँ कार्यक्रम ७५ प्रतिशतअनुदान | ११ | ११ | २०६४०० | १५०१५६ | ५१६०० |
| एक वडा एक बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ६ | २ | २००००० | २००००० | |
| **पूँजिगततर्फ** | | | | | |
| **पूर्वाधार/ योजनाको नाम** | **लागतअनुमान** | **ल.इ. मा किसानको अंश प्** | **पूर्वाधारनिर्माण सम्पन्न रकम** | **किसानकोलगानी** | **कार्य सम्पन्न पेश भए नभएको** |
| स्यालो ट्यूववेल तथा मोटर बोरिङ्ग जडान | २६३२४१५.६२ | २५प्रतिशत | २५८९५७५.६२ | ६३२४१५.६२ | भएको |

**पशु विकास तर्फको कार्यक्रमः**

| अनुदानको किसिम | परिमाण | अनुदान ग्राहीको सख्या | जम्मा लागत | पालिका अनुदान | लाभग्राहीको अंश |
|---|---|---|---|---|---|
| माछा पोखरी भएका किसानलाई मल्टि भिटामिन वितरण | १ | २ | ९९९००.०० | ९९९००.०० | ०.०० |
| माछा पोखरी बिस्तारमा अनुदान ५० प्रतिशत लागत साझेदारी | १५ | २ | ९६३८६.०० | ९६३८६.०० | ९६३८६.०० |
| पशु पंछी फर्म विकास १० वटा ५० प्रतिशत लागत सोझेदारीमा | १० | ४ | ४७९०५७.०० | ४७९०५७.०० | ४७९०५७.०० |
| काउमेट कृषकलाई ५० प्रतिशत अनुदानमा | ४२ | ७ | १४२८००.०० | १४२८००.०० | १४२८००.०० |
| मोटर सहितको च्यापकटर ५० प्रतिशत अनुदानमा | २५ | २२ | २६४०८३.०० | २६४०८३.०० | २६४०८३.०० |
| स्थानिय जातका पशु पंछी र मत्स्य पालन गर्ने कृषकलाई प्रोतसाहन माछाको हकमा नि शुल्क भुरा बितरण | १ | ९ | २४६५०.०० | २४६५०.०० | ०.०० |

## ३३ तलबी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ | कोशी प्रदेश, स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४२ (३) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिकाका २४ जना स्थायी कर्मचारीहरुको रू. १,७०,४४,९९७.५६ तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले ऐन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

## ३४ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

कोशी प्रदेश, स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ६ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी स्थानीय तहको नगर/गाउँ

समितिले स्थानीय सरकारी सेवाको संगठन संरचना र दरबन्दी सृजना वा पुनरावलोकन गरी स्वीकृत गर्न सकिने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ७ मा नगर/गाउँ सभाबाट स्वीकृत संगठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गराउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि. मार्फत रू. ४,८४,७७०.०० मा गाँउपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गराई मिति ०८२।३।१० को सभाले उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षणले प्रस्ताव गरे बमोजिम दरबन्दी स्वीकृत गरेको छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७४ दरबन्दी गाउँ सभाद्वारा स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४५ जना स्थायी पदपूर्ती भएको देखिन्छ । रिक्त रहेको २९ पद मध्ये १५ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको छ । त्यस अतिरिक्त पालिकाले गौरीगंज आधारभुत अस्पतालतर्फ २१ जनाको दरबन्दी स्वीकृत गरेकोमा ३१ जना कर्मचारी करार मार्फत पदपूर्ति गरेको छ । यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार छः

क) पालिकाले संगठन संरचना र दरबन्दी स्वीकृत गर्दा सोको आधार वा मापदण्ड निर्धारण र पारिश्रमिक तथा सुविधाको स्रोत सुनिश्चितता गरेको पाइएन ।

ख) पालिकाको गाउँ सभाबाट स्वीकृत संगठन संरचना र दरबन्दी ऐनमा भएको व्यवस्था बमोजिम प्रदेश किताबखानामा पद दर्ता गराएको देखिएन ।

ग) पालिकाले रिक्त रहेका पद मध्ये आर्थिक वर्ष २०८१।८२ मा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गरेको छैन ।

पालिकाले शर्शत तर्फको कार्यक्रम करार बाहेक कुल ७६ कर्मचारीहरुलाई करारमा नियुक्त गरी निजहरुको तलब भत्ता बापत यस वर्ष कुल रू. ३,११,७१,३४०.०० र सरसफाई कर्मचारीको तलबमा रू. २४,८४,४४३.०० खर्च गरेको छ । उक्त खर्च कुल आन्तरिक आय रू. १ करोड ८० लाख ५९ हजारको १८६.३५ प्रतिशत रहेको छ । पालिकाको लागि माथी उल्लेखित कर्मचारीहरु आवश्यक पर्ने हो होइन सोको कार्यबोझ विश्लेषण गरी पालिकाले आन्तरिक आय समेतलाई मध्यनजर गरी पुनर्विचार गर्नुपर्ने देखिन्छ । आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत पालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

## ३५ करार कर्मचारी व्यवस्थापन

कोशी प्रदेश, स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा १४(२) मा पालिकाले सवारी चालक, नगर प्रहरी, वारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, सरसफाई गर्ने कर्मचारी लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने पद बाहेकको पदमा करार वा ज्यालादारी नियुक्त गर्न नपाइने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ ।

पालिकाले माथि उल्लेखित पद वाहेक रिक्त दरबन्दी प्रदेश लोकसेवा आयोगमा माग नगरी सभाद्वारा स्वीकृत दरबन्दी भित्रका कम्प्युटर अपरेटर १, सहायक कम्प्युटर अपरेटर ६, असिस्टेन्ट सब इन्जिनियर १, अमिन २ लगायतका पद करार सेवा मार्फत पदपूर्ति गरेको छ । त्यस अतिरिक्त पालिकाले दरबन्दी भन्दा बाहिर/बढी १ सामाजिक परिचालक, रेडियोग्राफर १, फार्मेसी सहायक २, असिस्टेन्ट ल्याव टेक्निसियन ३, अ.हे.व. ३, कम्प्युटर अपरेटर १, ह.स.चा. १ लगायत १२ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता, चाडपर्व तथा पोशाक बापत रू. ५५,०६,४३६.०० खर्च लेखेको छ । यसरी दरबन्दीमा समावेश नभएका तथा दरबन्दी भन्दा बढी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५५,०६,४३६ |

## ३६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा

जम्मा गर्ने गरेको पाइएन । पालिकाले यस वर्ष गाउँपालिका चालु शिर्षकको भौ. नं. ५१४-०८२।२।२७ बाट रू.११,००,०००.०० लाख कर्मचारी कल्याण कोष शिर्षकमा ट्रान्सफर गरेको छ । पालिकामा कर्मचारी कल्याण कोष शिर्षकमा रू. १,५७,८९२.३० मौज्दात बाँकी रहेकोमा यस वर्ष १ जना सेवानिवृत्त कर्मचारीको कर दायित्व रू. १,०८,५४८.३० उपदान खर्च भुक्तानी गरी यस वर्ष कोषको मौज्दात रू.११,४९,३४४.०० बाँकी रहेको छ । पालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी कानूनी व्यवस्था गरेको देखिएन । पालिकाले कर्मचारी कल्याण कोष कानुन बनाई सो कोषको व्यवस्थापन गर्नुपर्दछ ।

३७ **पदाधिकारी अनुगमन खर्च**

कोशी प्रदेश अन्तर्गत गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ (क) अनुसार मासिक सुविधा वापत पालिका अध्यक्षले रू.१०,०००, उपाध्यक्षले रू.१०,०००, वडाध्यक्षले रू.४,००० र कार्यपालिका सदस्यले रू. २,००० स्थानीय तहमा अनुगमन गरे बापत अनुगमन भत्ता पाउने व्यवस्था रहेको छ । अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा ऐनको व्यवस्था बमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन समावेश नगरी पालिका अध्यक्ष, उपाध्यक्ष, ६ जना वडाअध्यक्ष र ६ जना कार्यपालिका सदस्य समेत १४ जनालाई अनुगमन भत्ता रू. ६,७२,०००.०० भुक्तानी गरेको छ । ऐन बमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेमा प्रतिवेदन पेश नगरि लेखापरीक्षणमा माग भए पश्चात एकमुष्ठ रुपमा अनुगमन प्रतिवेदन पेश गरेको पाइयो । कानुनी व्यवस्था पालना गरेर मात्र अनुगमन खर्च लेख्नुपर्दछ।

३८ **अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले पदाधिकारी भ्रमणतर्फ रू. २,९९,८५९.०० र कर्मचारी भ्रमणतर्फ रू.११,९९,२३७.०० समेत कुल रू. १४,९९,०९६.०० खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले विभिन्न कार्यक्रममा अध्ययन अवलोकन खर्च भुक्तानी गर्ने गरेको पाइयो । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

• यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा कार्यालयको काममात्र उल्लेख गरी आंशिक रुपमा मात्र प्रतिवेदन पेश गरेको।

• पदाधिकारीलाई दोहोरो पर्ने गरी विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

• पालिकाले वार्षिक योजना तथा कार्यक्रम बमोजिम अध्ययन अवलोकन भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित भएको पुष्टयाई पेश हुन आएन।

पालिकाले भ्रमण खर्च तथा अवधिको वास्तविकता यकिन गरी खर्चलाई औचित्यपूर्ण र मितव्ययी बनाउनु पर्दछ ।

४० **अवलोकन भ्रमण खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वियन गर्नुपर्नेमा कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि कार्यक्रम तथा अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरेको पाइयो । पालिकाले यो वर्ष विभिन्न समयमा पालिका अन्तर्गतका पदाधिकारी, कर्मचारी समावेश गरी इलाम, धनकुटा लगायतका जिल्लामा क्षमता विकास कार्यक्रम तथा अवलोकन भ्रमणमा रू. २२,३४,२०५.०० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट कार्यक्रम सञ्चालन तथा भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित भएको पुष्टयाई पेश हुन आएन। यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्ययभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ ।

| भौ नं. | खर्चको विवरण | खर्च रकम | श्रोत |
|---|---|---|---|
| ६७८-०८२।३।२४ | मिति २०८२।३।२० देखी ३।२२ सम्म वडा नं. १ का ६ जना कर्मचारी तथा जनप्रतिनिधिको इलाम भ्रमण | ९३३५० | आन्तरिक श्रोत |
| ६७२-०८२।३।२४ | मिति २०८२।३।२० देखी ३।२१ सम्म वडा नं. ५ का ७ जना कर्मचारी तथा जनप्रतिनिधिको इलाम भ्रमण | ७९९३९ | समानिकरण अनुदान |
| ५९९-०८२।३।१८ | मिति २०८२।३।१३ देखी ३।१५ सम्म इलाममा क्षमता विकास कार्यक्रम वडा नं. ३ का ७ जना कर्मचारी तथा जनप्रतिनिधि | १००००० | आन्तरिक श्रोत |
| ५९८-०८२।३।१८ | मिति २०८२।३।१२ देखी ३।१४ सम्म वडा नं. २ का ६ जना कर्मचारी तथा जनप्रतिनिधिको धनकुटा तथा सुनसरी भ्रमण | ९९७८७ | आन्तरिक श्रोत |
| ४९४-०८२।२।२० | मिति २०८२।२।२ देखी २।४ सम्म पालिकाका जनप्रतिनिधिलाई धनकुटामा क्षमता विकास कार्यक्रम सञ्चालन | ६३६५६५ | आन्तरिक श्रोत |
| | **जम्मा** | **१००९६४१** | |

४१ **मसलन्द तथा कार्यालय सामाग्री खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ अनुसार लागत अनुमान रू. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र रू. ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रू.१० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रू. २९,९२,७४२.०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४२ **वडा कार्यालय सञ्चालन खर्च**

नेपाल सरकार, अर्थ मन्त्रालयको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चलाई विभिन्न शीर्षकमा ६ वडालाई रू. २३,५१,९५०.०० बजेट विनियोजन गरी रू. २०,६३,९११.०० खर्च गरेकोमा खर्च रकम एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार खर्च प्रविष्टि भए गरेको पाइएन । वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद मसलन्द सामग्रीहरुको व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण अद्यावधिक नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार

पद्धति कायम गर्न ध्यान दिनुका साथै पालिकाले बजेट विनियोजन एवं खर्च गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

## ४३ विविध खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको सुत्र (SuTRA) को विवरण अनुसार विविध शीर्षकमा पालिकाले कुल रू. १५,००,०००.०० खर्च गरेको छ जुन पालिकाको कुल आन्तरिक आय रू. १ करोड ८० लाख ५९ हजार को ८.३० प्रतिशत हुन आउँछ । त्यस अतिरिक्त पालिकाले गाउँ सभा सञ्चालनमा खाना, खाजा, चिया, नास्ता, भत्ता, अस्कोट खरिद लगायतको भुक्तानीमा रू. ६,५१,९१०.०० खर्च गरेको छ । विविध खर्च अन्तर्गत अधिकांश खर्च खाजा, खाना, पानी, चिया नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## ४४ इन्धन खर्चको मापदण्ड

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यालय प्रयोजन इन्धन शिर्षकमा रू. ३२,२४,३४३.०० इन्धन खर्च गरेको छ ।

नमुना आधारमा भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. ६३९-०८२।३।२१ बाट रू. १,९९,९३६.०० इन्धन खर्चको भुक्तानीको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छः

(क) पालिकाका सवारीसाधन (एम्बुलेन्स, ट्याकटर, स्करपियो), मोटरसाईकल आदिमा खपत भएको ईन्धनको विवरण पाम्स (PAMS) मा प्रविष्टि गरेको पाइएन।

(ख) पालिकाले सञ्चालन गरेको सवारीसाधनहरुको (एम्बुलेन्स, ट्याकटर, स्करपियो आदि) ईन्धन खर्च लेख्दा सवारी साधनको रितपूर्वक लगबुक राखि तोकिएको माईलेज खपत बमोजिम ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरेको पाइएन ।

(ग) पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।

(घ) पालिकाले वडा मार्फतको विविध खर्च शिर्षकबाट समेत इन्धन खर्च भुक्तानी गरेको छ ।

पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका तयार गरी पदाधिकारी तथा कर्मचारीको इन्धनको कोटा निर्धारण गर्नु पर्दछ । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरी इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

## ४५ सवारी मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्नेव्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ (२) को (ङ) मा मर्मत गर्दा बजार मूल्यको २५ प्रतिशत भन्दा बढी खर्च लाग्ने वा प्रविधि पुरानो भएकाले प्रयोग गर्दा कार्यक्षमता कम हुने अवस्था जिन्सी निरिक्षण प्रतिवेदनमा खुलाउनुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधनको जिन्सी निरीक्षण गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत खर्चको आँकलन गर्ने गरेको पाइएन । पालिकाको सुत्र (SUTRA) को विवरण अनुसार यस वर्ष पालिकाले सवारी साधन मर्मतमा रू. १२,३४,६६२.०० खर्च गरेको छ । पालिकाले मर्मतको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (प्याम्स) मार्फत

गरेको देखिएन । पालिकामा भएको सवारी साधनको मर्मत अभिलेख अनुसार पालिकामा चालु हालतमा सञ्चालनमा रहेका केही सवारी साधन तथा मर्मत खर्च देहायअनुसार रहेको छ ।

| गाडी नं. | प्रकार | मर्मत पटक | कुल मर्मत खर्च |
|---|---|---|---|
| प्र.१-०१-००१ झ २४६ | एम्बुलेन्स | ७ | १७७२६५ |
| मे १ झ १७८ | स्कर्पियो | ५ | १७७९०१ |
| मे १ ब ५२५ | मोटरसाइकल | १० | ७४६०० |
| मे १ ब २०३ | मोटरसाइकल | ५ | ३३९९५ |
| मे.१ ब ६५७ | मोटरसाइकल | ४ | ४६६५० |
| मे १ ब ६५६ | मोटरसाइकल | ५ | ५०४०५ |

प्राप्त विवरण अनुसार सवारी साधन मर्मत संख्या तथा मर्मत खर्च उल्लेखनीय रुपमा देखिएको छ। सवारी साधनमा हुने मर्मत खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

४६ **मेसिनरी मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष मेशिनरी औजार मर्मतमा रू. १० लाख विनियोजन गरी रू.९,८०,७६२.०० खर्च गरेकोमा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम एकीकृत सम्पत्ती व्यवस्थापन प्रणाली मार्फत तयार नगरेको तथा मर्मत तथा संरक्षण अभिलेख खाता प्रयोग गरेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

४७ **सफ्टवेयर खरिद तथा उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकामा प्रयोग भएका देहायबमोजिम सफ्टवेयर सञ्चालन सम्बन्धी सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोगमा भए/नभएको | शाखा | खरिद गरेको वर्ष | खरिद खर्च | रिनिवल तथा मेन्टेनेन्स चार्ज |
|---|---|---|---|---|---|
| एन.आई.आर.सी. | भएको | दर्ता चलानी र योजना | २०७८ | उल्लेख नभएको | ३९५००० |
| मिदास हेल्थ सर्भिस | भएको | हेल्थ | २०७९ | ९९५००० | २२४८७० |

४८ **वार्षिक मर्मत खर्च भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानिय तहको अधिकार हुने उल्लेख छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले यस

वर्ष सभा बजेट विनियोजन गरी भौ नं. ८१-०८१।६।२१ बाट गौरीगंज बहुमुखी क्याम्पस लाई क्याम्पस संचालनको लागि रू. ५,००,०००.०० अनुदान दिएको छ । उच्च शिक्षा संचालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन । अनुदान उपयोग सम्बन्धी कानुनी व्यवस्था नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले सवैंधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार संचालन ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्दछ।

## ५० कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

| भौ.नं. | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६७९-०८२।३।२४ | योग तथा संगीत प्रशिक्षण कार्यक्रम | सांस्कृतिक जागरण केन्द्र | २७८००० | २२२४१ | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. १९,४५९।- मात्र कर कट्टी भएको |
| ६५२-०८२।३।२३ | पिछडा वर्ग सचेतना कार्यक्रम | सांस्कृतिक जागरण केन्द्र | ५०००० | ३५५८ | भ्याट बिल पेश नगरी टुक्रे बिल पेश गरी रू. ३,५५८।- मात्र कर कट्टी भएको |
| | **जम्मा** | | | **२५७९९** | |

| असुल गर्नुपर्ने | २५,७९९ |
|---|---|

## ५१ खर्चको पुष्टयाई

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो।तसर्थ पालिकाले लेखापरीक्षणको क्रममा प्रमाण पेश नहुनुको कारण सहित खर्चको पुष्टयाई प्रमाण हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| भौ. नं. | खर्चको विवरण | जिम्मेवार शाखा/ व्यक्ति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६८३ | मधेशी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रम अन्तर्गत २०० थान टि-शर्त खरिद | पालिका जिन्सी शाखा | ११८५८८ | जिन्सी दाखिला भएकोमा वडालाई हस्तान्तरण गरिएको।वितरण भरपाई नभएको |
| ६७४ | मधेशी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रम अन्तर्गत २५० थान सुती साडी खरिद | पालिका जिन्सी शाखा | १४९७२५ | जिन्सी दाखिला भएकोमा वितरण भरपाई नभएको |
| | **जम्मा** | | **२६८३१३** | |

| प्रमाण पेश नगरेको | २,६८,३१३ |
|---|---|

## ५२ बजेट विनियोजन

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी प्रशासनिक सञ्चालन शीर्षकमा खर्च गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष चालु खर्च शीर्षकको बजेट विनियोजन गर्दा संघीय श्रोतबाट प्राप्त समानिकरण अनुदानबाट चालु प्रकृतिका प्रशासनिक सञ्चालन शीर्षकमा

बजेट विनियोजन गरी खर्च गरेको मार्गदर्शन अनुरुप गरेको देखिएन । पालिकाले वितरणमुखी तथा प्रशासनिक खर्चलाई नियन्त्रण गर्दै आन्तरिक आयको परिधि भित्र रही बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५३ विज्ञापन खर्च

पालिकाले यस वर्ष गाउँपालिका चालु खर्च अन्तर्गत पत्रपत्रिका, सुचना प्रकाशन तथा छपाई तर्फ रू. २२,००,०००.०० बजेट व्यवस्थापन गरी रू. २२,००,०००.०० खर्च गरेको देखियो । पालिकाले त्यस अतिरिक्त विभिन्न कन्टिन्जेन्सी खर्चबाट समेत सुचना प्रकाशनमा खर्च गरेको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छ ।

५३.१ **सञ्चारमाध्यमको विजकः** सरकारी निकायले प्रचलित कानून बमोजिम सार्वजनिक रुपमा सूचना आह्वान गर्नुपर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) मा भएको व्यवस्था बमोजिम विज्ञापन प्रकाशित गरेबापत सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपिसहित एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सीले जारी गरेको बिल अनिवार्य रूपमा पेस गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले यस वर्ष विभिन्न विज्ञापन तथा सूचना प्रकाशन बापत रू.१५,४६,५६३.०० खर्च गरेकोमा सञ्चारमाध्यमले जारी गरेको बिलको प्रतिलिपिसहित एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सीले जारी गरेको विजक पेस गरेको पाइएन । पालिकाले विज्ञापन खर्च भुक्तानी गर्दा प्रचलित ऐन नियमावलीको पालना गर्नुपर्दछ ।

५३.२ **प्रतिस्पर्धा वेगर विज्ञापन खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता पहिचान, विगतको अभ्यास, खरिद योजना तथा लागत अनुमान तयार, स्रोत निर्धारण खरिद विधिको छनौट जस्ता विषयमा रही कारवाहीको तयारी गर्नु पर्ने, नियम ८ अनुसार वार्षिक रू. १० लाख भन्दा वढीको खरिद गर्दा खरिदको प्रकार, सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद विधि, खरिदको लागि गरिने सम्झौताको किसिम लगायत व्यहोरा समावेश गरी वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ८५ अनुसार लागत अनुमान रू.१० लाख सम्मको निर्माण कार्य वा मालसामान र रू. ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रू.१० लाख भन्दा वढी भएमा सिलबन्दी दरभाउपत्र र रू.२० लाख भन्दा वढी भएमा नियम ३१ अनुसार वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ। नमुना छनौट गरी श्रेस्ता परीक्षण गर्दा पालिकाले देहायअनुसार विभिन्न फर्महरु मार्फत विज्ञापन प्रकाशन बापत रू.१५,४६,५६३.०० खर्च गरेको छ । बोलपत्र आह्वान लगायत प्रचलित कानुन बमोजिम प्रकाशित गर्नुपर्ने सूचनालाई मुख्य विषयका आधारमा तोकिए अनुसार पत्रिकामा प्रकाशित गरी, विस्तृत विवरणसहितका सूचनालाई सरकारले सञ्चालन गर्ने आधिकारिक पोर्टल, विद्युतीय बोलपत्र पोर्टल तथा सम्बन्धित निकायको वेबसाइटमार्फत प्रकाशित गरी सार्वजनिक गर्न सकिनेमा पालिकाले अख्तियार प्राप्त अधिकारीबाट सुचना प्रकाशन गर्न सम्झौता, कार्यादेश र स्वीकृति बेगर रंगिन पृष्ठमा, फुल पेज सम्म आकारको र अत्याधिक छपाई खर्च दरमा सुचना प्रकाशन गरेको छ । पालिकाले एकै आर्थिक वर्षमा विज्ञापन एजेन्सीलाई अलग अलग दररेटमा विज्ञापन शुल्क भुक्तानी समेत गरेको देखियो । सुचना प्रकाशन गर्दा प्रकाशनको आकार र दर रेट माग गरी प्रतिस्पर्धात्मक तवरले सुचना प्रदायक छनौट गर्नुपर्नेमा सो अनुसार नगरी सोझै बिना प्रतिस्पर्धा खर्च गरेको छ । खरिद ऐन तथा नियमावलीमा वास्तविक आवश्यकता पहिचान गरी बजेट व्यवस्थापन गर्ने र उपलब्ध बजेट समेत औचित्यता पुष्टी हुने गरी मितव्ययी र प्रतिस्पर्धात्मक रुपमा विज्ञापन खर्च गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३.३ **विज्ञापन शुल्कः** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यस वर्ष सूचना प्रकाशन कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम माथि उल्लेखित सूचना प्रकाशन रकमको ३ प्रतिशतले हुने रकम रू. ४१,१२४.०० बोर्डको कोषमा जम्मा गरेको देखिएन । कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय को २०८१।४।१७ च.नं. ८३ बमोजिम प्रदेश सरकार, स्थानीय तह र अन्य निकायले विज्ञापन बापतको भुक्तानीमा तीन प्रतिशत रकम विज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्ने व्यवस्था नभएको हुँदा कोशी प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम स्थानीय तहको विभाज्य कोषमा मात्र दाखिला गरी बिज्ञापन करको प्रावधान कार्यान्वियन गर्ने भनी गरिएको परिपत्रको आधारमा पालिकाले उक्त रकम कट्टा गर्न दुविधा भई कट्टी नगरेको जनाएको छ । विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गरी विज्ञापन कर सम्बन्धी स्पष्ट व्यवस्था कार्यान्वियन हुनुपर्दछ ।

५३.४ **जनहितमा जारी लोक कल्याणकारी सुचना प्रकाशनः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याइँ गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले बधाई ज्ञापन, लोक कल्याणकारी तथा जनहितमा जारी सूचना प्रकाशन गरी रू.२,९४,६२४.०० खर्च लेखेकोमा सुचना प्रकाशन सम्बन्धी कार्यादिश, सम्झौता र स्वीकृति पेश नगरी खर्च लेखेको पाइयो । पालिकाको आन्तरिक स्रोत, आर्थिक, भौगोलिक, धार्मिक तथा सामाजिक अवस्था, पत्र पत्रिकामा जनताको पहुँच र उपलब्धता जस्ता पक्षको अध्ययन नगरी सूचना प्रकाशनमा प्रतिस्पर्धा वेगर खर्च गरेको देखियो । यस किसिमको लोककल्याणकारी विज्ञापन छपाई तथा प्रशारण गर्ने र सोको मासिक खर्च भुक्तानी गर्ने संघिय सरकारको संचार तथा सुचना प्रविधि मंत्रालयको नियमित कार्यक्रम देशै भरिका सञ्चारमाध्यमबाट सञ्चालन गरिदै आएकोले यसमा पुनर्विचार गर्नुपर्ने र पालिकाले सूचना प्रकाशनको उद्देश्य, पहुँच, प्रभाव र यसको आवश्यकताका आधारमा पर्याप्त स्पष्टता नभई खर्चको प्रभावकारिता सुनिश्चित बेगर खर्च लेखेकोले एउटै प्रकृतिका सुचना प्रकाशन गर्नु उपलव्धिमुलक देखिएन । यस किसिमको खर्चमा कडाईका साथ नियन्त्रण हुनुपर्दछ।

५४ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर देहायअनुसार खर्च लेखेको छ । पालिकाले अन्य संस्थाको खर्च भुक्तानी गर्दा भुक्तानी सम्बन्धित पार्टीलाई नभई विभिन्न व्यक्तिलाई भएकोले पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| **भौ नं.** | **कार्यलय/ संस्थाको नाम** | **वापत** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५२२-०८२।३।१ | इलाका प्रहरी कार्यालय, झिलझिले | सवारी साधन मर्मत खर्च | ५०००० |
| ५१८-०८२।२।३० | महाभारा प्रहरी चौकी | सवारी साधन मर्मत, भाडा बर्तन खरिद | ४८००० |
| ३७२-०८१।१२।१३ | बिओपी क्याम्प लालमाटी | पर्दा खरिद गरी हस्तान्तरण | ५०००० |

५५ **उद्योग वाणिज्य संघ लगायतका संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले नाफा कमाउने उद्देश्यले स्थापित संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्ने आधार देखिँदैन । झापा उद्योग बाणिज्य संघ, गौरीगञ्जले बजार व्यवस्थापन बापतको शुल्क उठाउनको लागि सहजिकरण र सहयोग गर्ने र सो बापत उक्त संस्थालाई सहयोग र सहजिकरण बापत उठेको रकमको ३० प्रतिशतले हुन आउने रकम उपलब्ध गराईने भनि गाउँ कार्यपालिकाको निर्णयानुसार पालिकाले उक्त संस्थालाई भौ नं. ५१५-०८२।२।२७ बाट रू.३,००,०००.०० निःशर्त अनुदान दिएको छ ।बजार व्यवस्थापन बापत पालिकाले

एकमुष्ट रुपमा आय ठेक्का आह्वान गरी यस वर्ष रू. १५,००,५५५.०० शुल्क असुल भएको अवस्थामा नाफा कमाउने उद्देश्यले स्थापना भएको झापा उद्योग वाणिज्य संघलाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५६ **दोहोरो सहायता भुक्तानी**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं. १८१-०८१।०८।२७ बाट २०८१ सालको बडादशैको अवसरमा वडा नं.६ स्थित श्री खजुरगाछी दुर्गा मन्दिर समितिले सञ्चालन गरेको कार्यक्रमका लागि गाउँ कार्यपालिकाको निर्णयबमोजिम रू.२५,०००.०० आर्थिक सहायता भुक्तानी भएकोमा पुन: सोही कार्यक्रमका लागि ६ नं. वडा समितिको निर्णयबाट रू.४१,०००.०० आर्थिक सहायता वितरण भएको छ । यसरी वडा समितिले निर्णय गरि आर्थिक सहायता भुक्तानी गर्ने आधार स्पष्ट नभएको साथै एउटै खर्च केन्द्रबाट एउटै कार्यक्रममा दोहोरो सहायता भुक्तानी भएकोले अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४१,००० |

५७ **हुलाकी सडकमा कार्य**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो पालिका क्षेत्र भित्र वडा नं. ३ र वडा नं. ६ मा पर्ने हुलाकी सडको खण्ड अन्तर्गत डिभाईडरमा देहायअनुसार घेराबारा निर्माण कार्य गरी रू. १०,९३,००२.०० खर्च गरेको छ । हुलाकी सडक अन्तर्गत निर्माण कार्य गर्न हुलाकी राजमार्ग आयोजना कार्यालय रहेको र उक्त कार्यालयको सडक कार्यक्षेत्रमा पर्ने संरचनामा पालिकाले समन्वय नगरी खर्च गर्दा खर्च दोहोरो हुनुसक्ने सम्भावना देखिन्छ । पालिकाले आफ्नो क्षेत्र अन्तर्गत पर्ने हुलाकी सडकमा भएको निर्माण कार्यको जानकारी आयोजना कार्यालयलाई गराउनुपर्ने र पालिकाले गरेको खर्च दोहोरो नहुने गरी सुनिश्चित गर्नुपर्दछ । साथै पालिकामा र वडा गत रुपमा छुट्टा छुट्टै बजेट विनियोजन गरी एकै प्रकृतीको कार्य विभिन्न माध्यमबाट गरेको नियमसम्मत नदेखिएको रू.

| भौ नं. र मिति | कामको विवरण | निर्माण गर्ने समिति/ निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ६२८-०८२।३।२१ | डिभाइडरमा रेलिङ्ग निर्माण कार्य | याथरुप रियल इस्टेट कन्स्ट्रक्शन प्रा.लि. | ९४७५०२ |
| ५६०-०८२।३।१३ | डिभाइडरमा घेराबारा कार्य | हुलाकी सडक वृक्षारोपण कार्यक्रम उ.स. | १४५५०० |
| | **जम्मा** | | **१०९३००२** |

| | |
|---|---|
| अनियमित भएको | १०,९३,००२ |

५८ **गा.पा. अध्यक्ष कप खेलकुद प्रतियोगिता कार्यक्रम**

पालिकाले गा.पा. अध्यक्ष कप खेलकुद प्रतियोगिता उपभोक्ता समिति गठन गरी समितिलाई भौ नं. ३०२-०८१।११।११ बाट रू. ६,००,०००.०० खर्च भुक्तानी गरेको छ । मिति २०८१।०९।२५ देखी ०८१।१०।१२ मा सञ्चालन भएको उक्त प्रतियोगिताको कार्यक्रम सञ्चालन खर्चको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार रहेको छः

- पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन ।
- कार्यक्रममा बैठक भत्ता, सहभागी भत्ता, स्वयंसेवक भत्ता, खाना खाजा तथा होटल बास लगायत खर्च अत्याधिक मात्रामा रहेको पाइय ।
- कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको देखिएन ।
- कार्यक्रममा खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

पालिकाले खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाले यस प्रकृतीको खर्चलाई निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई मितव्ययी बनाउनुपर्दछ ।

५९ **बालमैत्री कार्यक्रम**

पालिकाले लैङ्गिक समानता तथा समावेशीकरण कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका अभियान अन्तर्गत विभिन्न १७ गतिविधि सञ्चालन गर्न परामर्शदाता विराट सामुदायिक अध्ययन केन्द्र, बिर्तामोड सँग यस वर्ष रू. १९,९९,९९१.०० को सम्झौता गरी १५ वटा गतिविधि सञ्चालन गरेको प्रमाण कागजात पेश गरी विभिन्न भौचरबाट रू. १७,६९,९९१.०० भुक्तानी गरेको छ । उक्त खर्चको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

५९.१ **संस्था छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बिस लाख रुपैँया भन्दा कम लागत अनुमान भएको परामर्श सेवा कार्य क्षेत्र गत शर्त तयार गरी मौजुदा सुचिमा रहेको कम्तिमा ३ परामर्शदाताबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि बमोजिम छनौट गर्नुपर्दछ । पालिकाले यस वर्ष बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका अभियान अन्तर्गत विभिन्न १७ गतिविधि सञ्चालन गर्न परामर्शदाता विराट सामुदायिक अध्ययन केन्द्र, बिर्तामोड सँग विनियोजित बजेट रू. २० लाख मध्ये रू. १९,९९,९१०.०० को सम्झौता पेश गरेकोमा कार्यक्रम सञ्चालन गर्न परामर्शदाता छनौट सम्बन्धी कागजात लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले सो को विश्लेषण गर्न सकिएन । अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तथा बजेट स्वीकृत गर्दा कुनै आधार नलिई परामर्शदाताले पेश गरेको खर्च प्रस्तावना अनुरुप खर्च गरेको उपयुक्त देखिएन । नियमावलीमा भएको व्यवस्था पालना नगरी परामर्शदाता मार्फत कार्यक्रम गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १७,६९,९९१ |

५९.२ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३, को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत सर्त, र सोही प्रकृतिको खरिद गरेको वास्तविक लागत लगायतलाई आधार लिइ अनुसूची १ का आधारमा तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष बालबालिका लक्षित कार्यक्रममा रू. २० लाख बजेट विनियोजन गरी सोही बमोजिमको कार्य परामर्शदाता मार्फत गरेको छ । बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका अभियान कार्यक्रमको एकमुष्ट लागत अनुमान तयार नगरी परामर्शदाता मार्फत वर्षेनी सम्झौता गरी खर्च गरेको देखिन्छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा समेत सोही कार्यक्रम अन्तर्गत विभिन्न ९ क्रियाकलाप सञ्चालन गरी परामर्शदाता विराट सामुदायिक अध्ययन केन्द्रलाई रू. ९,९०,०००.०० भुक्तानी गरेकोमा यस वर्ष पुनः सोही परामर्शदाता मार्फत १५ वटा कार्यक्रम सञ्चालन गराई रू. १७,६९,९९१.०० खर्च गरेको छ । अतः पालिकाले बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका अभियान कार्यक्रमको एकमुष्ट लागत अनुमान तय नगरी प्रत्येक वर्ष एउटै परामर्शदाता छनौट गरी खर्च लेखेको बजेट व्यवस्थापनका सिद्धान्त तथा वित्तिय अनुशासन अनुरूप उपयुक्त देखिएन ।

५९.३ **क्रियाकलापमा दोहोरोपना**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९.४ **पूर्व निर्धारित छतिपूर्तिः** पालिका र परामर्शदाता बिच मिति २०८२।३।१८ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।५।३० मा सम्झौता भएकोमा परामर्शदाताले सम्झौता बमोजिम २ क्रियाकलाप गरेको पाइएन । निर्धारित समयमा सम्पन्न हुन नसक्नु कारण सहित परामर्श सेवा खरिदको म्याद थप भए गरेको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन । पालिकाले परामर्शदातालाई जिम्मेवार बनाई सम्झौता उल्लंघन भएमा प्राप्त हुने उपचार सहित कार्य सम्पन्न गराउनु पर्दछ ।

६० **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

६०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैर–सरकारी संस्थाबाट गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर–सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायानुसारका कार्य गैर सरकारी संस्थाबाट प्रस्तावना माग गरी कार्यक्रम सञ्चालन गरेको पाइयो ।

| क्र सं | भौ नं. | कार्यक्रमको नाम | सम्झौता | भुक्तानी | सेवा प्रदायक |
|---|---|---|---|---|---|
| १ | ६८० | नमुना सांसद कार्यक्रम | १९६०५५ | १९६०५५ | नेश्नल टेकनिकल इन्स्चिट्युटप्रा.लि. |
| २ | ६७९ | योग तथा संगीत प्रशिक्षणकार्यक्रम | २७८००० | २७८००० | सांस्कृतिक जागरण केन्द्र |
| ३ | ६७३ | बालबालिका लक्षित कार्यक्रम | १९९९९९१ | १७६९९९१ | विराट सामुदायिक अध्ययन केनद्र |
| ४ | ६५२ | पिछडा वर्गसचेतना कार्यक्रम | ५०००० | ५०००० | सांस्कृतिक जागरण केन्द्र |
| ५ | ५९१ | उपाध्यक्षसँग युवा व्यवसायकार्यक्रम | २९४००० | २९४००० | पाथिभरा हेल्थ एण्ड वेलनेसफाउण्डेशन |
| ६ | ५४८ | नेतृत्व विकास तथा क्षमता विकास कार्यक्रम | १४७३५२ | १४७३५२ | युथ सेन्टर नेपाल |
| ७ | ५४५ | युवाको लागि सिप विकास इलेकट्रिकलतालिम | ९९८०० | ९९८०० | सहयोगी नेपाल |
| ८ | ५३२ | कक्षा ६ देखी ८ को स्थानीयपाठ्यक्रम निर्माण | ५९९२१६ | ५९९२१६ | सगरमाथा सीप विकास केन्द्र |
| ९ | ५२५ | दुधजन्य परिकार बनाउने तालिमसञ्चालन | ९८००४ | ९८००४ | नेश्नल टेकनिकल इन्स्चिट्युटप्रा.लि. |
| १० | २०० | गाँउपालिकाको संगठन तथाव्यवस्थापन सर्वेक्षण कार्य | ४८४७७० | ४८४७७० | स्थानीय स्वशासन सहयोग मञ्च नेपालप्रा.लि. |

यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्ः

६०.२ **संस्था छनौट तथा लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गरी दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश रहेका गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनेको सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने र संस्थाबाट प्रस्तावनाका आधारमा कार्य क्षेत्रगत शर्त पूरा गरी न्युनतम रकम प्रस्ताव गर्ने गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका कार्यक्रम विभिन्न गैर सरकारी संस्था मार्फत गराएकोमा पालिकाले कार्य क्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरेको पाइएन । उक्त गैर सरकारी संस्थाको छनौट प्रकृया लेखापरीक्षणको क्रममा पेश हुन आएन । श्रेस्ता साथ उक्त संस्थाले पेश गरेको बिल भरपाई तथा कार्यक्रमको प्रतिवेदन संलग्न गरी खर्च लेखेको पाइयो । नियमावलीमा भएको व्यवस्था पालना नगरी गैर सरकारी संस्था मार्फत कार्यक्रम गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| क्र सं | भौ नं. | कार्यक्रमको नाम | सम्झौता | भुक्तानी | सेवा प्रदायक |
|---|---|---|---|---|---|
| १ | ६८० | नमुना सांसद कार्यक्रम | १९६०५५ | १९६०५५ | नेश्नल टेकनिकल इन्स्चिट्युट प्रा.लि. |
| २ | ६७९ | योग तथा संगीत प्रशिक्षण कार्यक्रम | २७८००० | २७८००० | सांस्कृतिक जागरण केन्द्र |
| ३ | ६५२ | पिछडा वर्ग सचेतना कार्यक्रम | ५०००० | ५०००० | सांस्कृतिक जागरण केन्द्र |
| ४ | ५९१ | उपाध्यक्षसँग युवा व्यवसाय कार्यक्रम | २९४००० | २९४००० | पाथिभरा हेल्थ एण्ड वेलनेस फाउण्डेशन |
| ५ | ५४८ | नेतृत्व विकास तथा क्षमता विकास कार्यक्रम | १४७३५२ | १४७३५२ | युथ सेन्टर नेपाल |
| ६ | ५४५ | युवाको लागि सिप विकास इलेकट्रिकल तालिम | ९९८०० | ९९८०० | सहयोगी नेपाल |
| | | जम्मा | | १०६५२०७ | |

| | |
|---|---|
| अनियमित भएको | १०,६५,२०७ |

## ६१ कार्यक्रम प्रशारण तथा डकुमेन्ट्री निर्माण

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत सर्त, र सोही प्रकृतिको खरिद गरेको वास्तविक लागत लगायतलाई आधार लिइ अनुसूची १ का आधारमा तयार गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले डकुमेन्ट्री निर्माण तथा कार्यक्रम प्रशारण सम्बन्धी देहाय अनुसारको कार्य परामर्श सेवा मार्फत खरिद गरी खर्च लेखेको छ ।

| क्र सं | भौ नं. | कार्यक्रमको नाम | भुक्तानी | सेवा प्रदायक |
|---|---|---|---|---|
| १ | ५७१ | वडा गतिविधि निर्माण वडा नं. ६ | ३५००० | गौरीगंज मिडिया |
| २ | ५७१ | जेष्ठ नागरिक अनुभव संग्रह वडानं. २ | १००००० | गौरीगंज मिडिया |
| ३ | ५७१ | स्थानीय इजलास न्यायिक समिति डकुमेन्ट्री निर्माण तथा प्रशारण वडा नं. ३ | ५०००० | सोसियल मिरर मिडिया प्रा.लि. |
| ४ | ५७१ | वडा गतिविधिनिर्माण वडा नं. १ | ८०००० | गौरीगंज मिडिया |
| ५ | ५७१ | शब्द चित्रमा गौरीगञ्ज कार्यक्रमउत्पादन तथा प्रसारण वडा नं. ३ | १५०००० | सोसियल मिरर मिडिया प्रा.लि. |
| ६ | ५५४ | सन्तानका लागि आमा कार्यक्रम प्रसारण | १००००० | प्लस मिडिया नेटवर्क प्रा.लि. |

यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार छनः

• पालिकाले प्रत्येक वर्ष यस प्रकृतिको कार्यक्रम तर्जुमा गरी खर्च गरेकोमा सोको आवश्यक्ता पहिचान तथा उपलब्धिता मापन गरेको पाइएन ।

• डकुमेन्ट्री निर्माण तथा कार्यक्रम प्रशारण सम्बन्धी स्पेशिफिकेशन निर्धारण गरी स्वीकृत दरेरट बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा गरेको पाइएन ।

• कार्यक्रम प्रशारणको स्क्रिप्ट, गुणस्तर, साइज, आवश्यक जनश्क्ती लगायतका विवरण उल्लेख गरी कार्य क्षेत्रगत शर्त तयार गरेको पाइएन ।

• पालिकाले सेवा प्रदायकको प्रस्तावनामा उल्लेख भए बमोजिम कार्यक्रम प्रशारण गर्न विधिन्न दरमा सम्झौता गरेकोमा दरमा एकरुपता भएको देखिएन ।

अतः पालिकाले यस प्रकृतिका खर्च गर्न आवश्यक्ता पहिचान, कार्यक्रमको उपलब्धिता मापन गर्दै ऐन नियमावलीकमा भएको प्रकृया बमोजिम मित्वययी रुपमा सञ्चालन गर्नुपर्दछ ।

## ६२ उपभोक्ता समितिमार्फत महोत्सव कार्यक्रम सञ्चालन

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, तालिम सञ्चालन, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. ३०३-०८१।११।११ बाट नेपाल आदिबासी जनजाती लक्षित कार्यक्रम अन्तर्गत जनजाती महोत्सव कार्यक्रम उपभोक्ता समिति मार्फत सञ्चालन गरी रू. ६,९९,८१८.०० भुक्तानी दिएको छ । उपभोक्ता समितिमार्फत कार्यक्रम तथा तालिम सञ्चालनमा खर्चको नर्म्स तयार नगरी उपभोक्ता समितिबाट प्राप्त प्रस्तावनामा उल्लिखित खर्चलाई नै आधार मानी विनियोजित बजेट बमोजिम खर्च गरेको छ । लागत अनुमान तयार नगरी समितिले पेश गरेकै लागत अनुमानको आधारमा तालिम सञ्चालन गरेको र कार्यक्रममा भएको खर्चको मापदण्ड समेत स्पष्ट देखिएन । पालिकाले यस प्रकृतीको महोत्सव सञ्चालन खर्चलाई निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई मितव्ययी बनाउनुपर्दछ ।

६३ **उपभोक्ता समिति मार्फत खरिद:**

६३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले यो वर्ष विभिन्न ४६ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.२ करोड २ लाख ३१ हजार भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन।

• उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, योजना अनुगमन समिति र कार्यालयको हो । तर यस पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामाग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

अत: उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

६३.२ **प्राविधिक बिल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

६३.३ **उपभोक्ता समितिमार्फत खरिद कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट काम गराउदाँ मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट काम गराउन मिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम् श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, तालिम सञ्चालन, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न भौचरबाट उपभोक्ता समिति मार्फत रु.२८,२८,५२८.०० को तालिम संचालन तथा सामाग्री खरिद गरी भुक्तानी दिएको छ । उपभोक्ता समिति मार्फत खरिद गर्ने कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ ।

| **भौचर नं.** | **योजनाको नाम रकाम** | **भुक्तानी पाउनेको नाम** | **भुक्तानी रकम रु.** |
|---|---|---|---|
| **पूँजीगत** | | | |
| १२३।२०८२ ।०३।१६ | कृषि विकास कार्यक्रम अन्तर्गत मोटर तथा बोरिङ्ग खरिद तथा वितरण वडा नं ४ | कृषि विकास योजना उपभोक्ता समिति | ९३७८४८ |
| ५८४।२०८२ ।०३।१६ | कृषि विकास कार्यक्रम अन्तर्गत मोटर तथा बोरिङ्ग खरिद तथा वितरण | कृषि विकासयोजना उपभोक्ता समिति | २४५५६८ |
| **११२।२०८२ ।०२।२८** | वडा नं.४ कार्यालय घेराबारा | वडा नं.४कार्यालय घेराबारा उपभोक्ता समिति | **१३०४११२** |
| **गाउँपालिकाचालु** | | | |
| ५८९।२०८२। ०३।१७ गापा चालु | महिलाकोलागि सिलाई कटाई तालिम उपभोक्ता समिति | महिलाकोलागि सिलाई कटाई तालिम उपभोक्ता समिति | १५०००० |
| ३८४।२०८१। १२।२१गा पा चालु | **वडा नं.३ कार्यालय सञ्चालन लगायतका फर्निचर व्यवस्थापन** | कार्यालय सञ्चालन उपभोक्ता समिति | १९१००० |
| | जम्मा | | २८२८५२८ |

६३.४ **निर्माण व्यवसायीबाट काम गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने गरी अभिलेख राखि सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिबाट भएको कामको लागि भुक्तानी भएको भौचरको नमुना परिक्षण गर्दा उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराएको देखियो। उपभोक्ता समितिले निर्माण

व्यवसायीमार्फत काम गराउने परिपाटीमा सुधार गर्न पालकाले नियमावलीको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ। उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत काम गराएको केही उदाहरण निम्न बमोजिम रहेका छन्:

| भौचर नं. र मिति | योजना/ उपभोक्ता समितिको नाम | कार्यालयबाट भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | उपभोक्ता समितिले पेश गरेको निर्माण व्यवसायीको बिल रकम |
|---|---|---|---|---|
| १९७।२०८२।०३।२४ | महाभारावडा कार्यालय देखि जनकल्याण आ वि जाने सडक कालोपत्रे उपभोक्ता समिति | ५७१६०१ | जयबालाजी निर्माण सेवा | ६०११६० |
| १९७। २०८२।०३। २३ प्रदेश पूँजीगत | महाभारा स्थित कुञ्जिवारी बजार दक्षिण हुलाकी छेउँमा रहेको जेष्ठ नगरिक भवन निर्माण | ४८१५३३ | कन्केश्वर कन्स्ट्रक्सन प्रा लि | ४३१९१७ |
| २२८।२०८२।०३।२४ | इलाकाप्रशासन कार्यालय देखि जुरेपानी सिमाना सम्म बाटो ग्राभेल | २९१००० | श्याफ्रिना कन्स्ट्रक्सन प्रा. लि. | ३००००० |
| १४६।२०८२।०३।२३ प्रदेश पूँजीगत | ठेकिटोला सुदामभिटा बगुवा तलकानी सडक निर्माण उपभोक्ता समिति | ५७९००० | श्याफ्रिना कन्स्ट्रक्सन प्रा. लि. | ७०००९७ |
| | **जम्मा** | **१९२३१३४** | | **२०३३१७४** |

६३.५ **अनुपातिक कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५,४०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६४ **सिसिटिभी जडान:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेरमात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले १५८।२०८२।०३।२२ बाट गौरादह कम्प्युटर सप्लायर्सबाट स्पेसिफिकेशन तथा लागत अनुमान तयार नगरी सोझै रु.४,९७,७२९/- को सिसिटिभि सम्बन्धि सामाग्री खरिद गरेको छ। उक्त सामाग्री खरिद गरी कार्यालयमा दाखिला भएपनि जडान भएको प्रमाण संलग्न गरेको छैन। पालिकाले प्राविधिक रुपमा गुणस्तरिय सामाग्री खरिद भएको तथा जडान भए नभएको सम्बन्धमा यकिन हुने गरी अनुगमन समेत गरेको छैन। उक्त सामाग्रीहरु जडान गरी गुणस्तरीय सामाग्री प्राप्त भएको यकिन हुने गरी अनुगमन प्रतिबेदन पेश गर्नुपर्दछ।

६५ **फोहोरमैला व्यवस्थापन:**

पालिका अन्तर्गतको फोहोरमैला व्यवस्थापनको लागि ग्रीन इनभारोमेन्ट प्रोटेक्सन क्लिनिङ एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रालि सँग पालिकाले प्रस्ताव मागगरी सोझै ५ वर्षे सम्झौता गरेको छ। उक्त फोहोर व्यवस्थापन गरेवापत पहिलो वर्ष २०८१।८२ मा मूल्य अभिवृद्धि कर समेत मासिक रु.८५,५००/-, दोस्रो वर्ष मासिक रु.५७,०००/-, तेस्रो वर्ष मासिक रु.२८,५००/-, चौथो वर्ष रु.० कन्सल्टेन्सीलाई पालिकाले भुक्तानी गर्ने र पाचौ वर्षमा मासिक रु.२८,५००/- पालिकालाई कन्सल्टेन्सीले भुक्तानी गर्ने गरी २०८१।०६।२२ मा सम्झौता गरी यस वर्ष कन्सल्टेन्सीलाई कुल रु.९,०३,७८२/- भुक्तानी गरेको छ। सम्झौतामा उक्त व्यवस्था राख्दा गरेको लागत अनुमान तयार गरेको आधार पेश भएन। त्यस्तै गरी फोहोर व्यस्थापनको लागि कन्सल्टेन्सीलाई पालिकाले १ जना सवारी चालक, फोहोर मैला व्यवस्थापन गर्ने कर्मचारी, १ ट्र्याक्टर मर्मत सहित उपलब्ध गराउने गरी सम्झौता भएको छ। कन्सल्टेन्सीले पेश गरेको आर्थिक प्रस्तावमा दोस्रो वर्ष देखि सेवा शुल्क उठाउने उल्लेख भएकोमा सो रकम पालिकाले प्राप्त गर्ने गरी सम्झौता भएको

देखिएन। ल्याण्डफिल साइट कहाँ हुने उल्लेख नगरी भएको दिर्घकालिन सम्झौतामा पछिल्लो वर्षहरुमा सेवा प्रदायकले सेवा नदिएमा सेवा प्रदायकलाई कारवाही के गर्ने भन्ने व्यवस्था समेत सम्झौतामा समावेश नभएबाट सेवा प्रदायकले सम्झौता बमोजिम सेवा नदिएमा फोहोर व्यवस्थापनमा रोकिने समस्या रहने देखिन्छ। साथै प्रतिस्पर्धा बेगर सोझै प्रस्ताव माग गरी कन्सल्टेन्सीलाई मासिक रकम भुक्तानी गरेपछि पनि कर्मचारी र स्रोत साधन उपलब्ध गराउने गरी दिर्घकालिन सम्झौता गरेको नियमसम्मत देखिएन।

६६ **माटो फिलिङ कार्यको नापी:**

३८,६।२०८१।१०।२८ सडक विभाग जारी स्ट्यान्डर्ड स्पेसिफिकेशन नर्म्सर फर रोड एण्ड ब्रिज Section ९०० को ९१७ (५) मा The same excavated material shall not be measured both in roadway excavation and roadway filling उल्लेख गरिएको छ। सो अनुसार खनेको माटो फिल गर्ने काममा प्रयोग भएमा फिल गर्नेकामको लागि माटोको परिमाणको लागि छुट्टै रकम भुक्तानी गर्न मिल्ने देखिदैन। पालिकाले सडक मर्मत सम्भार उपभोक्ता समिति वडा नं.६ बाट बाटो बनाउदा १६२ घनमिटर खनेकोमा १५० घनमिटर फिल गरेको छ। यसरी फिलको दर निर्धारण गर्दा प्रतिघनमिटर माटो को दर रु.१६० र ४०० मिटर ढुवानी वापत रु.२०७.९ गरी जम्मा रु.३६७.५९ दर कायम भएको छ। खनेकोमाटोले नै पुर्न सकिने अवस्थामा ढुवानीको मात्र भुक्तानी दिन मिल्नेमा माटोको समेत भुक्तानी दिएकोले १५० घनमिटर पुर्न रु.१६० को दरले माटो वापत भुक्तानी दिएको रु.२४,०००/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

६७ **ढुवानीको रकम भुक्तानी:**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ। ५० प्रतिशत साझेदारीमा बिजय र गौतम जातको गहुको बिउँ वितरणको लागि ३ वटा फर्मसँग दररेट माग गरी गहुँ खरिद गर्दा एकमुष्ठ ढुवानी समेत सबैभन्दा कम रु.९५ प्रति केजी कबोल गर्ने कृषक विउँ उत्पादन समुह छनौट भएकोमा साझेदारी उ.क्त समुहले रु.९० मा नै ४१२९ केजी बिउँ उपलब्ध गराएको संलग्न श्रेस्ताबाट देखिन्छ। ५१ जना कृषकलाई वितरण गरिएको बिउँको लागि साझेदारी समेत ९० को दरले भएको र कबोल भन्दा छुट मुल्यमा खरिद बिल समेत ९० को नै प्राप्त भएकोले ढुवानी वापत छुट्टै भुक्तानी गर्न पर्ने देखिदैन। तर पालिकाले ढुवानी उल्लेख गरी बिउँ उपलब्ध गराउन प्रतिस्पर्धि महारानीझोडा विउँ उद्योगलाई रु.२०,६००/- भुक्तानी गरेको छ। यसरी खरिद मुल्यमा नै ढुवानी समावेश भएको कारण फरक फर्मलाई ढुवानी वापत भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६०० |

६८ **स्यालो टयुबवेल तथा मोटर जडान:**

प्रदेश सरकार सशर्त अनुदान अन्तर्गत स्यालो टयुबवेल तथा मोटर जडानको लागि रु.२० लाख विनियोजन भएकोमा कुल रु.१८,९७,१६०/- खर्च भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

• स्यालो ट्युवेल र मोटर जडानको लागि रु.२१८०० को दरले २ एच. पि.को कोलोस्कर इलेक्ट्रिक मोटर र ३०.९ मिटर बोरिङ गर्ने पाइप खरिद तथा बोरिड गरेको बिल पेश भएको आधारमा ४३ जना कृषकलाई रु.४४,१२०/- को दरले भुक्तानी दिएको छ।

• सामाग्री खरिद गर्नको लागि लाग्ने दर निर्धारण गरी प्रतिस्पर्धात्मक विधिबाट मोटर सहितको सामाग्री खरिद तथा वितरण नगरी सोझै उपभोक्तालाई रकम भुक्तानी भएकोले गुणस्तरिय सामाग्री प्राप्त भए नभएको यकिन गर्न सकिएन।

• बोरिङको लागि सम्झौता भएको रकम र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बमोजिमको गहिराईमा पानीको लेयर प्राप्त नभएमा थप खन्नुपर्ने वा कम गहिराईमा नै पानीको लयर भेटिएमा वितरण भएको पाईप मौज्दात हुन सक्ने अवस्था रहन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन ।

६९ **पशु बधशाला तथा माछा मासु विक्रि केन्द्र निर्माण:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा कुनै कारणले म्याद थप हुन नसकेको खरिद सम्झौताको हकमा सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिम कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण सहित थप आर्थिक दावी नगर्ने प्रतिवद्धता गरि निबेदन दिएमा कार्य सम्पन्न गर्न लाग्ने थप अवधि यकिन गरी तथा कार्य सम्पादन जमानत, बिमा र पेश्की सम्बन्धि जमानतको अवधि सुनिश्चित गरी म्याद थप गर्न सकिने उल्लेख छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ ।

**ठेक्का नं.१६-२०८१।८२** बाट प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान अन्तर्गत लागत अनुमान रु.३१,८०,३२९.६६ भएको पशु बधशाला तथा माछा मासु विक्रि केन्द्र निर्माण मिति २०८२।०३।२५ सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी भारदह कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग २०८१।०१।२४ मा रु.२७,६०,१९२.४७ को सम्झौता भएकोमा प्रथम रनिङ बिल सम्म रु.१५,०७,५९९/- भुक्तानी भई ५२ प्रतिशत भौतिक प्रगति भएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार पहिलो रनिङ बिल भुक्तानी हुँदा सम्म स्यानिटरी वर्क, पेन्टिङ्ग वर्क, इलेक्ट्रिक तथा फिनिसिङ गर्ने काम बाँकी रहेको तथा म्याद समेत सकिएकोमा म्याद थप भएको देखिदैन। खरिद सम्झौता बमोजिम ठेक्का फरफारक गर्नुपर्दछ।

७० **ग्राभेलको परिमाण:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। ठेकिटोला सुदामाभिटा बगुवा तेलकानी सडक निर्माण उपभोक्ता समितिले ६६० मिटर लम्बाई र ३.६ मिटर चौडाई भएकोमाबाटोमा कम्प्याक्सन सहित ३५६.४ घनमिटर खोलाको ग्राभेल हालेको प्राविधिक बिलबाट देखिन्छ। ३०० घनमिटर कम्प्याक्सन सहितको ग्राभेलको काम गर्न रु.१,५००/- प्रतिघनमिटर मुल्य भएको ३८४ घनमिटर ग्राभेल आवश्यक पर्ने गरी दर विश्लेषण भई कम्प्याक्सन सहितको कामको दर प्रतिघनमिटर रु.२१०० कायम भएको छ। यसरी ३५६.४ घनमिटर ग्राभेलको कामको लागि ४५६.१९ घनमिटर ग्राभेल आवश्यक पर्नेमा उपभोक्ता समितिले ४१३.७ घनमिटर ग्राभेलको बिल पेश गरेको छ। यसरी ४२.४९ घनमिटर घटी ग्राभेल बिल पेश गरेपनि ४५६.१९ घनमिटर ग्राभेलको रकम भुक्तानी भएकोले घटी प्रयोग भएको ग्राभेलको प्रतिघनमिटर रु.१,५००/- को दरले बढी भुक्तानी भएको रकम रु.६३,७३५/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,७३५ |

७१ **डीपीआर खर्च:**

७१.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (१क) मा सार्वजनिक निकायले (उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ) परामर्श सेवा खरिद गर्दा आफ्नो निकायमा उपलब्ध जनशक्तिबाट सम्पादन हुन नसक्ने वा दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। साथै बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरु योजना डीपीआर लगायतको अध्ययन गरी प्रतिबेदन तयार गर्नुपर्दछ। यस कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको रु. ३६,२३,४६९/- को कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

| भौचर नं. र मिति | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारणभएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| ५८। २०८१। ११।२२ | गौरिगञ्जगाउँपालिका अन्तर्गतका कन्काई किस्ने र रतुवा नदीबाट नदिजन्य भरौट बालुवा रगिट्टी संकलन तथा बिक्रि वितरण प्रयोजनका लागि प्रारम्भिक बातावरणीय परीक्षण iee | इकोग्रीनकन्सल्टेन्सी प्रा लि विर्तामोड | २८०२४० | २४९९५६ | नखुलेको | नभएको |
| ५५,४६। २०८१। ११।२२ | Detailed engineering survey soil investigation detail design cost estimate and report preparation of gauriganj secondary school at ward no ३ in gauriganj rural municipality | जनाकनन्दनी इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा लि जनकपुरधाम-४ | ९९९४८५ | ९९६०९५ | २१९९२०९२५ | नभएको |
| २०१। २०८१। ०९।११ | **गाउँपालिका को यातायातको मास्टर प्लान** | सार्थकइन्जिनिरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ११९९६३८ | ११८३११० | ५८४६७३५८० | आशिंक कार्यान्वयन |
| १७८। २०८२। ०३।२३ | **गाउँपालिकाआवाधिक योजना निर्माण** | पुर्वाञ्चलस्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ११९४३०८ | ११९४३०८ | नखुलेको | नभएको |
| | | | | ३६२३४६९ | | |

यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन्:

• उल्लेखित प्राप्त प्रतिवेदनको कार्य स्विकार प्रतिवेदन तथा बौद्धिक सम्पत्ती अन्तर्गत जिन्सी दाखिला भएको नदेखिएको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा कार्यालयले अध्ययन कार्यको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक सम्बन्धमा नर्म्स अनुसार तयार गरेको तर विषय विज्ञको समयको लागि कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको पाइयो ।

• परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट पारेको देखिएन ।

• कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम कार्य सम्पन्न गर्न लाग्ने समयलाई समेत आधार लिनुपर्नेमा सो नगरी स्वीकृत बजेट बमोजिमकै रकमको आधारमा मात्र तयार गरेको देखिन्छ ।

• परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित कार्यालय प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरेको प्रमाण पेश भएको पाइएन ।

हालसम्म अध्ययन भएका सर्भे तथा प्रतिवेदनको अभिलेखिकरण सहित कार्यान्वयन अवस्था निक्यौंल गरी विस्तृत आयोजना प्रतिबेदन (डीपीआर) तयार गर्दा सम्भव भएसम्म आगामी दिनमा अत्यावश्यक सेवा बाहेक कार्यमा पालिकाको प्राविधिक जनशक्ति परिचालन गरी परामर्शदाताको खर्चमा नियन्त्रण गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिबेदन तयार भएका आयोजनाहरु क्रमश: कार्यान्वयन हुनुपर्दछ ।

७१.२ **रिइम्बर्सेबल खर्च:** गौरीगंज गाउँपालिकाको यातायात मास्टरप्लान निर्माणको लागि परामर्शदाता सार्थक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.बाट बाट पेश भएको आर्थिक प्रस्तावमा प्रोभिजनल सम वापत रु.२५,०००/- र लजिङ, फुडिङ. स्थानीय यातायात, संचार खर्च, प्रतिबेदन तयारी र प्रस्तुतीको लागि रिइम्बरसेबल खर्च वापत रु.१,६४,५००/- खर्च हुने उल्लेख भएकोमा परामर्शदाताले एकमुष्ठ बिल जारी गरेको आधारमा सम्झौता रकम बराबरको रकम भुक्तानी भएको छ। यसरी वास्तविक खर्चको आधारमा हुने भुक्तानीको लागि बिल भरपाई पेश नभएकोले उक्त खर्च पुष्ट्याइ गर्ने बिल भरपाई पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,५०० |

७२ **मेशिनरी तथा औजार सोझै खरिद** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका सामाग्री स्पेशिफिकेशन स्वीकृत नगरी तथा प्रतिस्पर्धा नगराई विभिन्न निर्माण सप्लायर्सबाट निम्न बमोजिमको सामाग्री पटक पटक सोझै खरिद गरी रु.२९ लाख ६१ हजार ८४३ खर्च गरेको छ।जुन पालिकाको पुँजीगत खर्चको २.८२ प्रतिशत रहेको छ।एकै प्रकृतिका मालसामानहरुको प्याकेज बनाई नियमानुसारको खरिद विधि अपनाई खरिद गर्नुपर्दछ।

| भौचर नं. र मिति | खरिदको विवरण | भुक्तानी भएको शिर्षक | सप्लायर्स | रकमरु. |
|---|---|---|---|---|
| ७,१८, २०।२०८१।०८।२५ | डेक्सटप ३ थान, ल्यापटप १ थान | मेशिनरीओजार, अपांगता रोकथाम तथा पुन स्थापना कार्यक्रम | कम्प्युटरसोलुशन | ७९६००० |
| ४१।२०८१।११।०६ | किबोर्ड, कम्प्युटर, मनिटर, पेनड्राइभ, सिसिटिभि सामाग्री | मेशिनरीतथा औजार | न्यूसताक्षी कम्प्युटर | ५९२५३३ |
| ८७।२०८२।१।१९ | ESPON प्रिन्टर खरिद | मेशिनरीतथा औजार | गौरादहकम्प्युटर सप्लायर्स | ६३००० |
| १५८।२०८२।०३।२२ | सिसिटिभि सामाग्री खरिद | सिसिक्यामेरा खरिद (बजार क्षेत्रको लागिसमे | गौरादहकम्प्युटर सप्लायर्स | ४९७७२९ |
| ३३।२०८१।१०।०६ | ल्यापटप, मनिटर, प्रिन्टर, ब्याट्रि खरिद | मेशिनरीतथा औजार/ विद्यालय भौतिक संरचना मर्मत | ए केसप्लायर्स | ७९२५८२ |
| २०।२०८१।०८।२७ | २ थान मोबाइल सेट, पेनड्राइभ, ल्यापटप २ थान | मेशिनरीतथा औजार / अपांगता रोकथाम तथा पुन स्थापना कार्यक्रम | फास्टट्र्याक आइटि सोलुसन | २१९९९९ |
| | **जम्मा** | | | **२९६१८४३** |

७३ **एकै प्रकृतिको निर्माण कार्य:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावलीको नियम ३क मा अलग अलग रुपमा सम्पन्न हुन सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हद सम्म छुट्टा छुट्टै बोलपत्र आव्हान गर्न सकिने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामानको खरिद सोझै खरिद गर्न सकिने उल्लेख छ। पालिकाले उल्लेखित लागत अनुमानको सिमा नाघ्ने गरी तथा टुक्रा गरी देहाय बमोजिमको काम गराएको नियमसम्मत नदेखिएको रु.

| भौचर नं. र मिति | कामको विवरण | निर्माण व्यवसायी | भुक्तानी भएको रकम रु. |
|---|---|---|---|
| २२४।२०८२।०३। २४ | वडा नं. २ मा बाटो ग्राभेल गर्ने | न्यू इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन सर्भिसेज प्रा लि | ६५३८२० |
| २२६।२०८२।०३। २४ | वडा नं. २ मा बाटो ग्राभेल गर्ने | सनसेट कन्सट्रक्सन प्रा लि | ५७००८७ |
| | जम्मा | | १२२३९०७ |

| | |
|---|---|
| अनियमित भएको | १२,२३,९०७ |

७४ **विद्युत पोल तथा तार खरिदः**

कृषि विधुतिकरणको लागि विद्युत पोल तथा तार खरिद कार्य ठेक्का नं.९।०८१।८२ बाट मिति २०८२।०३।०१ भित्र सम्पन्न गर्न मिति २०८१।०८।२१ मा निर्माण व्यवसायी जय सन्तोषी माँ निर्माण सेवासँग रु.६६,७८,२४६/- को सम्झौता भएको छ।

७४.१ **कार्यस्वीकारः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा कार्यालयले बहुबर्षिय दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा अर्थमन्त्रालयबाट बजेट सुनिश्चित गरी स्वीकृत लिनुपर्ने व्यवस्था छ। सोही अनुरुप सालबसाली रुपमा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका कार्यक्रमहरु जुन आर्थिक वर्षका लागि स्वीकृत भएको हो सोही आर्थिक वर्ष भित्र सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ। उक्त कार्यको मिति २०८२।०२।२६ मा रु.६५,८६,८९९.३९ को मुल्याङ्कन सहित कार्य स्वीकार भएकोमा रु. ४२,६४,२७४ भुक्तानी भई बाँकी रकम भुक्तानी गरेको छैन। उक्त योजनाको लागि पालिकाले रु.९७ लाख बजेट विनियोजन भएको र कार्य समेत सोही आर्थिक वर्ष सम्पन्न भएपनि भुक्तानी बाँकी राखेको उचित देखिएन। बजेट व्यवस्था भई कार्य सम्पन्न भएको ठेक्काको भुक्तानी बाँकी राख्दा आगामी आर्थिक वर्षको बजेट कार्यान्वियनलाई समेत असर गर्ने हुँदा यसतर्फ सुधार गर्नुपर्दछ।

७४.२ **स्पेशिफिकेशनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेशन, योजना, नक्सा, डिजायन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गरी गराई निरिक्षण प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले ३८४ पोल र ३०७२० मिटर तार खरिद तथा जडानको लागि नेपाल विद्युत प्राधिकरणबाट भएको दर विश्लेषणलाई आधार लिई रु.९८,६९,५००.२१ को लागत अनुमान तयार गरेकोमा स्पेशिफिकेशन स्वीकृत गराएको छैन। नेपाल विद्युत प्राधिकरणको equivalent हुने स्थानीय विद्युत पोल खरिद गर्ने विवरण भएकोमा प्राप्त भएको पोल र तार प्राधिकरणको स्पेशिफिकेशन अनुसार भए नभएको परिक्षण गराएको नदेखिएकोले गुणस्तरीय सामाग्री प्राप्त भएको यकिन गर्न सकिएन । गुणस्तर परीक्षण गराई गुणस्तर परिक्षण प्रतिबेदन तयार गर्नुपर्दछ।

७५ **स्वास्थ्य उपकरण खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने तथा नियम ३१ख मा स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरु त्यस्तो स्तरको मालसामान उत्पादन वा वितरण गर्ने कम्पनी वा त्यसको आधिकारिक विक्रेतालाई सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सकिने उल्लेख छ। पालिकाले गाउँपालिका स्वास्थ्य अन्तर्गत गौरीगंज आधारभुत अस्पतालमा आवश्यक मेशिनरी तथा सामान उपकरण खरिद शीर्षकमा रु.३० लाख विनियोजन गरेकोमा देहायबमोजिम टुक्रा गरी मेशिनरी सामान सोझै खरिद गरेको छ। प्याकेजिङ गरी खुला बोलपत्रबाट खरिद हुने व्यवस्थाको पालना हुनुपर्दछ।

| भौचर नं. | योजनाको नाम रकाम | भुक्तानी भएको शीर्षक | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु. | खरिद विधि |
|---|---|---|---|---|---|
| १३। २०८१ ।०८। ०९ | USFDA approved and fully automated "Chemilumine scence immunoassay Analyzer " (CLIA) खरिद | गौरीगंज आधारभुत अस्पतालमा आवश्यक मेशिनरी तथा सामान उपकरण खरिद | अतिशाहेल्थ केयर प्रा. लि. | १९९४४५० | क्याटलग सपिङ |
| ९। २०८१। ०७।। १३ | Protien analyzer, sodium porassium analyzer | गौरीगंज आधारभुत अस्पतालमा आवश्यक मेशिनरी तथा सामान उपकरण खरिद | श्री कृष्णडायग्नोस्टिक केमिकल सप्लायर्स | ९९७६६७ | सोझै |
| | जम्मा | | | २९९२११७ | |

यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु यसप्रकार छन्:

• खरिद गरिएका सामाग्रीहरुको लागि स्फेसिफिकेशन तथा लागत अनुमान तयारी तथा स्वीकृत नगरी आपूर्तिकर्ता सँग दर माग गरी खरिद गरिएको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गरी गराई निरिक्षण प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले आपूर्ति गरिएको सामाग्रीको तोकिएको स्फेसिफिकेशन तथा गुणस्तरीय प्राप्त भए नभएको यकिन नगरी दाखिला गरेको छ। निरिक्षण प्रतिबेदन तयार गर्नुपर्दछ।

• दाखिला गरिएको सामाग्रीको वारेन्टी तथा मर्मत सम्भार म्यानुअल संलग्न नभएकोमा संलग्न गरी मर्मत सम्भार खर्चलाई व्यवस्थित गर्नुपर्दछ।

• सामाग्रीहरु अस्पताललाई हस्तान्तरण गरेको र अस्पतालले आफ्नो जिन्सी खातमा दाखिला गरेको प्रमाण संलग्न नगरेकोले प्रमाण संलग्न गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

७६ **बिमा:**

**बिमा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१८,६०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७७ **ठेक्का नं.६।२०८१।८२:**

गाउँपालिका गौरव नयालाल राजबंशी को घरदेखि पूर्व अस्पताल जाने बाटो र सतिश दास को घर देखि उत्तर कृष्ण उप्रेती को घर सम्म कालोपत्रे सडक २०८२।०३।०१ सम्म निर्माण सम्पन्न गर्ने गरी जय नेपाल निर्माण सेवासँग २०८१।०८।२१ मा रु.३७,८८,७५९.५८ को सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

७७.१ **पूर्वनिर्धारित क्षतिपूर्ति:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद सम्झौताको विशेष शर्त ५५.१ मा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेमा प्रतिदिन ०.०५ प्रतिशतको दरले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ। उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्ने म्याद २०८२।

०३।०१ मा समाप्त भएकोमा कार्य सम्पन्न भएको देखिएन। कार्य सम्पादन जमानत रु.३,६१,७००/- को म्याद अगष्ट १, २०२६ सम्म रहेपनि उक्त ठेक्काको म्याद बाँकी नभएकोले ठेक्का अलपत्र परेको देखियो। सार्वजनिक खरिद कानून र खरिद सम्झौता अनुसार ठेक्का फरफारक गर्नुपर्दछ।

७७.२ **प्रगति तथा म्याद थप**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **अस्फाल्ट कङ्क्रिटको मोटाई:**

ठेक्का नं. ७।२०८१।८२ को अन्तिम काम को मुल्याङ्कन रु.३२५१५६६ भइ कार्य स्वीकार प्रतिबेदन २०८२।०३।२५ मा जारी गरेकोमा रु.२०,४९,५७४/- भुक्तानी बाकी राखेको छ। उक्त निर्माण कार्यको अस्फाल्टको लेयर ४० एम एम हुनुपर्नेमा कोर कटिङ रिपोर्टमा एभरेज थिकनेस ३८.२ एम एम रहेको देखियो। यसरी लागत अनुमान तथा स्ट्यान्डर्ड भन्दा कम काम गरेकोमा सोही अनुसार नापी भएको छ। उक्त निर्माण कार्यको त्रुटि सच्याउने अवधि भित्र उक्त थिकनेस सुधार गराई तोकिएको गुणस्तर बमोजिम काम गराउन पालिकाले ध्यान दिनुपर्दछ।

७९ **पर्यटन पुर्वाधार विकास आयोजना:**

पर्यटन पुर्वाधार विकास आयोजना अन्तर्गत ठेक्का नं.६।२०७७।०७८ बाट गौरीगंज गाउँपालिका वडा नं.३ केराबारी सिमसार क्षेत्र निर्माण गर्न निर्माण व्यवसायी ड्रागन-सफल-निशान जे.भि. काठमाण्डौँ सँग २०७८।०४।१२ मा रु.४,८८,९३,५१०.०३ को सम्झौता भएकोमा भेरिएसन पश्चात सम्झौता रकम रु.४,८८,९३,३९८/९१ कायम भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

७९.१ **म्याद थप:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । पालिकाले मिति २०८०।१२।२१ मा अध्यक्ष स्तरिय निर्णयबाट मिति २०८२।०३।२० सम्म म्याद थप भएको उक्त निर्माण कार्यको चौथो रनिङ बिल सम्म रु.३,०७,३४,४४६/- भुक्तानी भएको पनि यस वर्ष कुनै भुक्तानी भएको देखिएन। ठेक्का फरफारक गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

७९.२ **जमानतको म्याद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । वर्षभरी निर्माण व्यवसायीले कुनै काम नगरेको, थप भएको म्याद समेत सकिएकोमा म्याद थपको कुनै कारवाही अघि नबढेको तथा निर्माण व्यवसायीले पेश गरेको रु.१७,२५,०००/- को पेश्की जमानतको म्याद समेत ३ अक्टोबर २०२५ मा सकिएकोले उक्त पेश्की समेत जोखिममा परेको छ। निर्माण व्यवसायीलाई जिम्मेवार बनाई ५ अगष्ट २०२७ सम्म म्याद रहेको कार्य सम्पादन जमात रु.२४,२२,०००/- को बाट उक्त पेश्की फर्स्यौट गरी सार्वजनिक खरिद कानून बमोजिम ठेक्का फरफारक तथा कार्य सम्पन्न गर्नुपर्दछ।

८० **बुधबारे बजारको टहरा निर्माण:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावलीको नियम ३क मा अलग अलग रुपमा सम्पन्न हुन सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हद सम्म छुट्टा छुट्टै बोलपत्र आव्हान गर्न सकिने उल्लेख छ। बुधबारे बजार टहरा निर्माण तथा ब्रिक ढलानको कार्य प्रतिसपर्धा समिति हुने गरी सोझै खरिद र उपभोक्त समितिमार्फत गराएको छ। यसरी एकै ठाउँमा गर्ने एकै प्रकृतिको काम निर्माण व्यवसायीबाट सोझै खरिद तथा

उपभोक्ता समितिसँग सोझै सम्झौता गरी सम्पन्न गरेको नियमित देखिदैन। यस सम्बन्धमा पहिलो काम सम्पन्न भए पश्चात मात्र थप काम गराउन आवश्यक देखिएकोले प्याकेजिङ गरी एकै पटक बोलपत्र आव्हान गर्न नसकिएको कार्यालयको भनाई रहेको छ। पालिकाले एकै ठाउँमा हुनेकाममा प्रतिस्पर्धात्मक विद्यिबाट खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| भौचर नं. | योजनाको नाम र काम | भुक्तानी भएको शीर्षक | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| २३३।२०८२। ०३।२४ | बुधबारे बजारमा भुईमा ब्रिक ढलान, ट्रस लगाएको | बुधबारे बजारमा भूईं ढलान वडा न ३ | श्याफ्रिना कन्स्ट्रक्सन | ९४०६७१ |
| २४०।२०८२। ०३।२४ | बुधबारे बजारको टहरामा ट्रस लागाउने काम | अध्यक्ष/उपाध्यक्ष कोष | बुधबारे बजार टहरा मर्मत उपभोक्ता समिति | ४८५००० |
| | **जम्मा** | | | **१४२५६७१** |

८१ **आधारभुत अस्पताल भवन निर्माण:**

एकिकृत स्वास्थ्य पुर्वाधार अन्तर्गत ठेक्का नं.०५।०७७।०७८ बाट आधारभुत अस्पताल निर्माण २०७९।०३।२० भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी सि. एम. कन्स्ट्रक्सन प्रा. लि.सँग २०७८।०१।०१ मा रु.१३,०४,५२,०१३/७२ को सम्झौता भएकोमा यस वर्ष रु.६२,३१,४४९/- सहित हाल सम्म रु.११,०३,१८,८७५/- भुक्तानी भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

८१.१ **म्याद थप:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ ।सोही नियमावलीको नियम १२० मा म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, खरिद कारवाहीलाई बाधा पर्ने गरी छानबिन प्रयोजनका लागि अख्तियार प्राप्त निकायले कागजात झिकाए नझिकाएको, आयोजनाले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने उल्लेख छ । कार्यालयले उल्लेखित व्यहोरा खुल्ने प्रविधिक पुष्ट्याई बेगर निर्माण व्यवसायीले निबेदन दिएको आधारमा उल्लिखित ठेक्काको २०८०।१२।२१ मा पालिका अध्यक्ष स्तरीय निर्णय गरी चौथो पटक मिति २०८२।०३।२० सम्म म्याद थप गरेकोमा हाल सम्म कार्य सम्पन्न भएको देखिएन। निर्माण व्यवसायीले भौतिक प्रगति ९० प्रतिशत भएको जनाई संसोधित कार्यतालिका बमोजिम २०८२।०२।२९ मा म्याद थपको लागि पुन निबेदन गरेकोमा हाल सम्म म्याद थपको निर्णय समेत भएको देखिएन। सार्वजनिक खरिद कानून तथा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई जिम्मेवार बनाई कार्य सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

८१.२ **बढी नापी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।उक्त निर्माण कार्यको मार्बल फ्लोरिङ वर्क अन्तर्गत स्टेयरकेश, मेल र फिमेल वार्ड, लिफ्ट छेउको स्थानमा २३०.१५ वर्गमिटर काम भएको नापी गरी प्रति वर्ग मिटर रु.४००० को दरले रु. ९,२०,६००/- भुक्तानी दिएको छ। सो स्थानमा स्थलगत निरिक्षण गर्दा मार्बलको काम गर्न बाँकी देखिएकोमा प्रारम्भिक प्रतिवेदन जारी हुने अवधिमा उक्त कार्य भैरहेको प्रमाण पेश भएको छ। अत: मार्बल फ्लोरिङ वर्कको अद्यावधिक नापी गरि भुक्तानी भएको काम सम्पन्न गरि यस किसिमको कार्यमा सुधार हुनुपर्दछ।

८१.३ **भेरिएसन बेगर बढी कामको भुक्तानी:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने उल्लेख छ। निर्माण कार्यको हाल सम्मको अधावधिक ठेक्का बिल अनुसार निम्न आइटममा सम्झौता भन्दा बढी परिमाणको नापी भएको

र सोही बमोजिम भुक्तानी दिएकोमा कार्यालयले उक्त आइटमको भेरिएसन स्वीकृत गराएको छैन। प्राविधिक पुष्ट्याईं तथा भेरिएसन आदेश स्वीकृति बेगर थपकामको भुक्तानी दिन नमिल्नेमा अधिल्लो आर्थिक वर्षमा लागत अनुमानको परिमाण भन्दा बढी परिमाणको लागि भुक्तानी दिएको देखिन्छ।भेरिएसन आदेश स्वीकृत गरी कार्यसम्पन्न गर्नुपर्दछ।

| **सि.नं.** | **काम** | **लागत अनुमानको परिमाण** | **भएको कामको परिमाण** | **बढी परिमाण** | **दर** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| २.८ | ब्रिक वर्क | १३५४.५ | १४६०.२ | १०६ | १५००० | १५८५५०० |
| २.९ | पिसिसि फर आरसिसि | १३४०.६ | १४११.२८ | ७१ | १२००० | ८४८१६० |
| २.१० | फर्माकोकाम | ८१४९.०५ | १०२४३ | २०९४ | ३०० | ६२८१८५ |
| २.१३ | प्लास्टर | १७२३.२३ | २१५४ | ४३१ | ३५० | १५०७७० |
| २.२३ | टायल वर्क | ४६०.५ | ५७५.३६ | ११५ | १००० | ११४८६० |
| | **जम्मा** | | | | | **३३२७४७५** |

८१.४ **पेन्टिङ वर्कः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले पेन्टिङ एण्ड कलरिङ वर्कको लागि लागत अनुमानमा भएको सबै परिमाण ८११४.८४ वर्गमिटरका भएको जनाई रु.१५० को दरले रु.१२,१७,२२६/- भुक्तानी गरेको छ। उक्त परिमाणको नापी किताब पेश नभएको र फिल्डमा केही स्थानमा पेन्टिङको काम बाँकी नै रहेको देखियो। पेन्टिङको बाँकी काम सम्पन्न गरि अद्यावधिक नापी किताब तयार हुनुपर्दछ।

८२ **विपन्न आवास कार्यक्रमः**

वडा नं.२ मा सन्थाल जातिको लागि विपन्न आवास कार्यक्रम अन्तर्गत ३२ वटा घर २०८१।०२।३२ भित्र निर्माणको सम्पन्न गर्नको लागि निर्माण व्यवसायी श्री कन्केश्वर कन्स्ट्रक्सनसँग रु.१,०८,६९,८८६.३९ को सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

८२.१ **प्रगति / कार्य स्वीकार**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८२४,२४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

८२.२ **हस्तान्तरणः** तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देर्शिका,२०८१ को दफा ७(क) मा आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न परिवारका लागि आवासको व्यवस्था गर्न तोकिएको आधारमा सम्बन्धित स्थानीय तहले लाभग्राही छनौट गरी आयोजना सञ्चालन गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष ३० वटा आवास निर्माण गरेकोमा लेखापरीक्षण अवधि निर्देशिकाले तोकेको आधारमा लाभग्राही छनौट गरी निर्माण गरिएका आवास हस्तान्तरण गरेको देखिएन। निर्देशिकाले तोकेको आधारमा लाभग्राही छनौट गरी आवास हस्तान्तरण गर्नुपर्दछ ।

८३ **सुरक्षित नागरिक आवास कार्यक्रमः**

पालिकाको लागि यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु.१४ लाख बजेट विनियोजन भई आएकोमा कुल रु. ३,३०,०००/- खर्च लेखेको छ। सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ३ मा लक्षित वर्गको पहिचानको आधार र दफाँ ४ मा लाभग्राहीको छनौटको आधार तथा विधिको व्यवस्था गरिएको छ । त्यस्तै दफाँ ५ मा स्थानीय तहले छनौट भएका

लाभग्राहीसँग सम्झौता गरी जस्तापाता, काठ लागायतको निर्माण सामाग्री खरिद गर्न अनुदान वापतको रकम २ किस्तामा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले जस्तापाता र काठ लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउने पहिलो किस्ता वापत ६० प्रतिशत र निर्माण कार्य सम्पान भए पछि प्रावधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार १८ वटा घर निर्माणको लागि दोस्रो किस्त वापत प्रति घर रु. २०,०००/- को दरले जम्मा रु.३,६०,०००/- भुक्तानी गरेको छ । पालिकाले सम्झौता गर्ने, पहिलो किस्ताको रकम लिने र दोस्रो किस्ता समेत लिएका लाभग्राहीले कार्य सम्पन्न गरे नगरेको सम्बन्धमा अनुगमन गरी भुक्तानीको अधावधिक विवरण बनाई राख्नुपर्दछ ।

८४ **ठेक्का नं.०८।०८१।८२:**

कुन्जिबरी देखि बारबिघे सरङपाडाहुदैँ केर्खाबजार जोड्ने सडकमा ड्रेन सहित २३५ मिटर कालोपत्रे निर्माण ठेक्का नं.०८।०८१।८२ बाट मिति २०८२।०३।०१ भित्र सम्पन्न गर्न मिति २०८१।०८।२१ मा निर्माण व्यवसायी दधिना कन्स्ट्रक्सनसँग रु.२५,७७,७०६.८५ को सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

८४.१ **कार्यस्वीकार:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा कार्यालयले बहुबर्षिय दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा अर्थमन्त्रालयबाट बजेट सुनिश्चित गरी स्वीकृत लिनुपर्ने व्यवस्था छ। सोही अनुरुप सालबसाली रुपमा कार्यान्वियन गर्ने गरी स्वीकृत भएका कार्यक्रमहरु जुन आर्थिक वर्षका लागि स्वीकृत भएको हो सोही आर्थिक वर्ष भित्र सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ।उल्लेखित निर्माण कार्यको मिति २०८२।०३।१५ सम्म म्याद थप भएकोमा २०८२।०३।२५ मा रु.२५,२२,१५६.२४ को मुल्याङ्कन सहित कार्य स्वीकार भएकोमा रु.१६,८९,१७२ भुक्तानी भई बाकी रकम भुक्तानी गरेको छैन। उक्त योजनाको लागि संघीय सरकारबाट रु.२५ लाख बजेट विनियोजन भएको र कार्य समेत सोही आर्थिक वर्ष सम्पन्न भएपनि भुक्तानी बाकी राखेको उचित देखिएन। बजेट व्यवस्था भई कार्य सम्पन्न भएको ठेक्काको भुक्तानी बाकी राख्दा आगामी आर्थिक वर्षको बजेट कार्यान्वियनलाई समेत असर गर्ने हुँदा यस तर्फ सुधार गर्नुपर्दछ।

८४.२ **रितपूर्बकको कर बिजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले रित पूर्कको कर वीजक बेगर उल्लेखित ठेक्काको दोस्रो रनिङ बिल वापत मु.अ.कर रु.१,४२,४५८.३५ समेत रु.१४,०३,५२५/- रितपूर्वकको कर बिजक संलग्न गरेको छैन। तसर्थ उक्त निर्माण व्यवसासयिले पेश गरेको बेरितको कर बिजक को मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| बिल नं./मिति | निर्माण व्यवसायीको नाम | प्याननं. | कर विजकको अवस्था | बिल रकम | मु अ कर रकम |
|---|---|---|---|---|---|
| २६।२०८१।०३। २५ | दधिना कन्स्ट्रक्सन | ६०७५९६६९४ | बिजक नंबर हातले लेखेको | १४०३५२५ | १४२४५८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४२,४५८ |

८४.३ **बिमा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१९,२५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५ **राशीको घरदेखि मानसिँह चिया पसल सम्म सडक कालोपत्रे:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा कार्यालयले बहुबर्षिय दायित्व सिर्जना हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने भएमा अर्थमन्त्रालयबाट बजेट सुनिश्चित गरी स्वीकृत लिनुपर्ने व्यवस्था छ। सोही अनुरुप सालबसाली रुपमा

कार्यान्वयन गर्ने गरी स्वीकृत भएका कार्यक्रमहरु जुन आर्थिक वर्षका लागि स्वीकृत भएको हो सोही आर्थिक वर्ष भित्र सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ। राशीको घरदेखि मानसिँह चिया पसल सम्म सडक कालोपत्रे निर्माण ठेक्का नं.१५।०८१।८२ बाट मिति २०८२।०३।२५ भित्र सम्पन्न गर्ने मिति २०८२।०२।३० मा निर्माण व्यवसायी कन्केश्वर कन्स्ट्रक्सन प्रा लिसँग रु.२,२५३,५३३.२० को सम्झौता भएको छ।

**कार्यस्वीकार:** उक्त निर्माण कार्यको २०८२।०३।२५ मा रु.२१,३८,५५७/- को मुल्याङ्कन सहित कार्य स्वीकार भएकोमा रकम भुक्तानी गरेको छैन। उक्त योजनाको लागि सडक बोर्डबाट रु.२० लाख र पालिकाबाट रु.५५,००५।०० भुक्तानी हुने गरी लागत अनुमान भई बजेट विनियोजन भएको र कार्य समेत सोही आर्थिक वर्ष सम्पन्न भएपनि भुक्तानी बाकी राखेको उचित देखिएन। बजेट व्यवस्था भई कार्य सम्पन्न भएको ठेक्काको भुक्तानी बाँकी राख्दा आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनलाई समेत असर गर्ने हुँदा यस तर्फ सुधार गर्नुपर्दछ।

८६ **राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन** -

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी व्यहोरा निम्नानुसार रहेका छन् :-

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको र सो बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

८७ **शैक्षिक गुणस्तर** -

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

८८ **विद्यार्थी संख्याको सत्यापन** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, पाठ्यपुस्तक वितरण लगायतका अनुदान वितरण गर्दा विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी सङ्ख्या एकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सत्यापन गरेको उल्लेख गरेपनि सो पुष्टी हुने प्रमाण व्यवस्थित राखेको देखिएन।अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS मा लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य रुपमा सत्यापन गराई सोको व्यवस्थित अभिलेख राखेर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

८९ **विद्यालयको लेखापरीक्षण -**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ (क्रियाकलाप नं. २.७.१३.१०) बमोजिम विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत लेखापरीक्षण कार्यका लागि प्रति विद्यालय रु. १० हजारदेखि १५ हजारसम्म उपलब्ध गराउने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार यस पालिकाले मातहतका २६ वटा विद्यालयको आ.व. २०८१/८२ को लेखापरीक्षण समयमै सम्पन्न गर्न कुल रु. २,८०,०००/- निकासा गरेको देखिन्छ। रकम निकासा भई लेखापरीक्षण कार्य अगाडि बढेको उल्लेख भए तापनि विगतका लेखापरीक्षण प्रतिवेदनहरूमा औंल्याइएका कैफियतहरू उपर सुधार भएको पाइएन। लेखापरीक्षणबाट कायम भएका बेरुजु तथा अन्य सुझावहरूका सम्बन्धमा पालिका र विद्यालय दुवै पक्षबाट आवश्यक कारबाही तथा फर्स्यौटको प्रक्रिया अघि बढेको देखिँदैन। अतः, सम्पूर्ण विद्यालयहरूको लेखापरीक्षण कार्य तोकिएकै समयमा सम्पन्न गरी विगतका कैफियतहरू उपर समेत तत्काल कारबाही प्रक्रिया अगाडि बढाई वित्तीय अनुशासन कायम गरिनुपर्दछ।

९० **प्रारम्भिक बालविकास सहजकर्ता -**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१ को दफा ८ अनुसार प्रत्येक कक्षामा २५ जनासम्म बालबालिका राख्नुपर्ने र सोही अनुपातमा सहजकर्ताको व्यवस्था हुनुपर्ने प्रावधान रहेको छ।यस पालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालयहरूमा, निर्देशिकाको उक्त प्रावधानविपरित २५ जनाभन्दा कम बालबालिका भएका कक्षामा समेत एकभन्दा बढी सहजकर्ता नियुक्त गरिएको पाइयो।यसरी आवश्यकता र नियमभन्दा बढी सङ्ख्यामा सहजकर्ता नियुक्त गरी प्रति सहजकर्ता मासिक रु. १७,०००।– (अक्षरेपी सत्र हजार रुपैयाँ) का दरले भुक्तानी दिइएको छ। निर्देशिकाको व्यवस्था विपरीत गरिएको नियुक्ति र भुक्तानी कार्य नियमसंगत तथा मनासिव देखिँदैन। अतः पालिकाले प्रचलित "प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१" को पूर्ण पालना गर्दै, वास्तविक आवश्यकताको आधारमा मात्र सहजकर्ताको व्यवस्थापन गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.स | विद्यालयको नाम | बिद्यार्थी सङ्ख्या | सहजकर्ता सङ्ख्या | राख्नुपर्ने | बढी | भुक्तानी रु. | भुक्तानी हुनुपर्ने रु. | बढी रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | खजुरगाछी मा.वि गौरिगञ्ज -६ | ४३ | ३ | २ | १ | ६६३००० | ४४२००० | २२१००० |
| २ | आदर्श मा.वि गौरिगञ्ज -२ | ६४ | ५ | ३ | २ | ११०५००० | ६६३००० | ४४२००० |
| ३ | जनता आ.वि गौरिगञ्ज -२ | १८ | ३ | १ | २ | ६६३००० | २२१००० | ४४२००० |
| ४ | जनकल्याण आ.वि गौरिगञ्ज -१ | ४९ | ३ | २ | १ | ६६३००० | ४४२००० | २२१००० |
| ५ | रामजानकी आ.वि गौरिगञ्ज -१ | २१ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ६ | पृथ्वी नारायण प्रा.वि गौरिगञ्ज -१ | १७ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| | | | | | जम्मा | ३९,७८,०००/- | २२,१०,०००/ | १७,६८,०००/- |

९१ **अनुदानको अनुगमन -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र.स. | विद्यालयलाई अनुदान | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १. | पाठ्यपुस्तक अनुदान | २६ | ३०००४४९ |
| २. | छात्रवृत्ति अनुदान | २६ | ७७२३०० |
| | | जम्मा | ३७,७२,७४९/- |

**९२ शिक्षक विद्यार्थी अनुपात -**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारीसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका २६ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पद्पुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | भगवति प्रा. वि गौरिगञ्ज,६ | ५ | ५ | १०१ | १:२० |
| २ | रामजानकी आ. वि गौरिगञ्ज,१ | ८ | ८ | १६९ | १:२१ |
| ३ | राष्ट्रिय प्रा. वि, गौरिगञ्ज,६ | ५ | ५ | २०५ | १:४१ |
| ४ | गौरिगञ्ज मा. वि, गौरिगञ्ज,३ | २३ | २३ | १२३७ | १:५३ |
| ५ | भवानी प्रा. वि गौरिगञ्ज,४ | १ | १ | ८७ | १:८७ |

पालिका अन्तर्गत सञ्चालित २६ वटा सामुदायिक विद्यालयहरूको शिक्षक-विद्यार्थी अनुपातको विश्लेषण गर्दा ठूलो असमानता देखिएको छ। प्राप्त विवरण अनुसार, केही विद्यालयहरुमा यो अनुपात न्यूनतम १:२० सम्म रहेको छ भने केहिमा अधिकतम १:८७ सम्म पुगेको छ। यस्तो अवस्थामा पालिकाको शैक्षिक साधन स्रोत वितरणमा सन्तुलन नहुने सम्भावना रहन्छ । पालिकाले विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलानको ठोस कार्ययोजना बनाई पठनपाठनलाई व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्दछ ।

**९३ शिक्षक दरवन्दी र पदपुर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २६ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २६ | १७४ | १७१ | ९ | ५९७८ | १:३५ |

शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

**९४ शिक्षकको तलब भत्ता निकासा -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले शिक्षकको तलब भत्ता सम्बन्धी छुट्टै विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरूलाई भएको निकासाको यकिन विवरण उपलब्ध नभएकोले निकासाको ट्र्याकिङ र अनुगमनमा जटिलता उत्पन्न भएको देखिन्छ ।तसर्थ : उल्लेखित व्यहोरामा सुधार गरी घटी/वढी निकासा हुन नदिने व्यबस्था गरी त्यसको ब्यबस्थित अभिलेख राख्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**९५ शिक्षकको तलब भत्ता -**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकहरूको तलबभत्ताका लागि सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै, साविक जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका तर कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न सहयोग अनुदान दिन सकिने प्रावधान रहेको छ।यस पालिकाले स्वीकृत दरबन्दी बाहिर १४ शिक्षक नियुक्त गरी मासिक रु.१५,०००/- का दरले बार्षिक रु.२८,७०,०००/- पोशाक र पर्व खर्च सहित भुक्तानी गरेको छ ।शिक्षक-विद्यार्थी अनुपातको विश्लेषण तथा दरबन्दी मिलान जस्ता आधारभूत प्रक्रिया पूरा नगरी गरिएको यो खर्चलाई मनासिब मान्न सकिँदैन।अतः पालिकाले शिक्षक-विद्यार्थी अनुपात र दरबन्दी मिलानको कार्य सम्पन्न गरी आवश्यकता अनुसार कानुनबमोजिम मात्र खर्च गर्नुपर्दछ ।

९६ **छात्रवृत्ति** -

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष छात्रवृत्ति वापतको रकम निकासा गर्दा IEMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दा बढी विद्यार्थीको संख्याको आधारमा रकम निकासा गरेकोमा IMEIS मा समूह छनोट गर्दा गल्ति भएको हुँदा कम देखियको अनुदान भुक्तानी भए अनुसार भरपाई समेत पेस गरेको पालिकाको भनाई रहेको छ । कार्यान्वियन पुस्तिकाको पूर्ण रुपमा कार्यान्वियन हुनुपर्दछ ।

९७ **छात्रवृत्ति वितरण** –

गौरीगञ्ज गाउँपालिकाको 'प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०' र 'निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८२' बमोजिम यस वर्ष छात्रवृत्तिमा कुल रु. ३८,४९,०००।– खर्च गरेको छ।, साधारण (जनरल) तर्फ कक्षा ११ का १३८ जनालाई रु. ८,००० र कक्षा १२ का ३१० जनालाई रु. ७,००० का दरले रु. ३२,७४,०००।– र प्राविधिक तर्फ कक्षा ११ का ५ जनालाई रु. १५,००० र कक्षा १२ का २३ जनालाई रु. २५,००० का दरले रु. ६,८०,०००।– वितरण भएको देखिन्छ।उक्त खर्चको सम्बन्धमा देहाय बमोजिमका विषयहरू देखिएका छन्:

क. मापदण्डको अभाव: जनरल तर्फको छात्रवृत्ति वितरणमा आवश्यकता वा नतिजामा आधारित स्पष्ट छनौट मापदण्ड नबनाई केवल विद्यालयमा भर्ना भएको आधारमा मात्र रकम वितरण गरिएको छ।

ख. शर्त पालनाको अभिलेख नभएको: 'प्राविधिक विषय तथा उच्चशिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८०' बमोजिम प्राविधिक धारको छात्रवृत्ति प्राप्त गर्नेले कम्तीमा ६ महिना पालिकामा निःशुल्क सेवा गर्नुपर्ने व्यवस्था छ। तर, छात्रवृत्ति प्राप्त गर्नेहरूबाट सो शर्त पालना भए/नभएको सम्बन्धमा कुनै अभिलेख पेस भएको छैन ।

ग. प्रभावकारिता मूल्याङ्कन: बर्षेनी यस्ता कार्यक्रममा बजेट विनियोजन र खर्च हुने गरेको भए तापनि यसको उपलब्धी, शैक्षिक गुणस्तरमा परेको प्रभाव र नतिजाको कुनै अध्ययन वा अनुगमन भएको पाइएन।

तसर्थ:पालिकाले छात्रवृत्ति वितरणलाई व्यवस्थित बनाउन स्पष्ट छनौट मापदण्ड तर्जुमा गर्ने, कार्यविधिमा उल्लेखित 'अनिवार्य सेवा' सम्बन्धी शर्तको पूर्ण पालना सुनिश्चित गरी अभिलेख राख्ने र कार्यक्रमको नियमित अनुगमन गरी प्रभावकारिता मूल्याङ्कनका आधारमा मात्र खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९८ **दिवा खाजा** -

आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकेको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।यस वर्ष पालिकाले शसर्त अनुदानबाट २६ विद्यालयलाई दिवा खाजा बापत रु.६६,६७,७५५/- विद्यालयको

खातामा निकासा गर्ने गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने गरेको देखिएन । सो अनुसार नगर्दा उपलव्ध गराएको लगानीको सही सदुपयोग भएको छ छैन यकिन हुन सकेन ।उपलव्ध गराएको रकमको खर्च सम्बन्धमा अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ ।

९९ **प्राविधिक धारको विद्यालय** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१३६,१५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०० **कार्यविधि विपरित तलबमा खर्च** -

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना/कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको अनिवार्य पालना गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। साथै आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू सञ्चालन सम्बन्धी मार्गदर्शनले तलब, महँगी भत्ता र पोशाक भत्ता शीर्षकको रकम स्थानीय तहका स्वास्थ्य संस्थामा स्वीकृत स्थायी दरबन्दीका कर्मचारी र दरबन्दीमा रहेका करारका कार्यालय सहयोगीलाई मात्र भुक्तानी गर्नुपर्ने स्पष्ट शर्त तोकेको छ।माथि उल्लिखित कानुनी व्यवस्था र मार्गदर्शनको प्रावधान विपरीत, पालिकाल ले आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य तर्फको सशर्त अनुदान रकमबाट मेडिकल अधिकृत आठौँ तह श्री अरविन राजवंशीलाई इन्धन तथा भ्रमण खर्च, खाजा खर्च र इन्टरनेट तथा सञ्चार खर्च गरी मासिक रु.२४,२६३/- का दरले वर्षभरीमा रु.२,९१,१५६/ र दरबन्दी बाहिर एक जना कार्यालय सहयोगी (सफाई कर्मचारी ) मा श्री गुलशेर डुम नियुक्त गरी मासिक रु.१७,०००/ महङ्गी भत्ता, पोशाक भत्ता र पर्व खर्च समेत रु.२,२९,०००/- गरी जम्मा रु.५,२०,१५६/- भुक्तानी गरेको देखियो।मार्गदर्शनले स्पष्ट रूपमा स्वीकृत दरबन्दीका स्थायी कर्मचारी र दरबन्दी भित्रका करार कार्यालय सहयोगीलाई मात्रै सशर्त अनुदानको तलब भत्ता शीर्षकबाट भुक्तानी गर्न मिल्ने शर्त तोकेकोमा, पालिकाले अन्य शिर्षकमा तथा दरबन्दी बाहिरका अन्य करार कर्मचारीलाई समेत सोही अनुदानबाट भुक्तानी गर्नु मार्गदर्शनको उल्लंघन हुने हुँदा, शर्त विपरीत अनियमित रूपमा खर्च गरिएको अनियमित देखियको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,२०,१५६ |

१०१ **औषधि खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ देखि २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम बाट र गाउँपालिका चालुबाट जम्मा रु. १,००,३३,५६३/ को औषधि शिलबन्दी दरभाउ र सोझै खरिद विधिबाट खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्र. सं. | गो. भौ. नं. मिति | सप्लायर्सको नाम | खरिद विधि | खरिद रु. |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट हस्तान्तरित चालु ४७/२०८१/१०/२७ | मेडिगोल्ड इन्टरनेश्नल प्रा लि | शिलबन्दी दरभाउ | १३७८००० |
| २ | ६४,२०८१/६/२० | केवलश्वर मेडिसेल्स | सोझै | ६३७३०५ |
| ३ | १०७,२०८१/७/८ | कृष्ण डायानोस्टिक एण्ड केमिकल सप्लायर्स | सोझै | ७०१६३३ |
| ४ | २४९,२०८१/१०/७ | सप्तकोशी इन्टरप्राइजेज | सोझै | ९८९६१७ |
| ५ | २८२,२०८१/१०/२८ | मेडिगोल्ड इन्टरनेश्नल प्रा लि | शिलबन्दी दरभाउ | १०३०६६१ |
| ६ | ५४२,२०८२/३/६ | यति हिमालयन सर्जिमेड प्रा. लि | सोझै | १४९७६६२ |
| ७ | ४१९,२०८२/१/२२ | केवलेश्वर मोर्ड सेल्स | शिलबन्दी दरभाउ | ३७९८६८५ |
| | | | जम्मा | १,००,३३,५६३/ |

१०२ **खरिद विधि** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा अन्य सेवा खरिद गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यद्यपि, सोही नियमावलीको नियम ८४ (१) (क) बमोजिम औषधिजन्य सामानको हकमा पचास लाख रुपैयाँसम्मको खरिद शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्न सकिने व्यवस्था रहेको छ। साथै, सार्वजनिक खरिद ऐन तथा नियमावलीले प्रतिस्पर्धा सीमित हुने गरी वा बोलपत्रको लागत सीमा छल्ने उद्देश्यले खरिद कार्यलाई टुक्रा पार्न निषेध गरेको छ।पालिकाले आर्थिक वर्ष २०८१/८२ मा खरिद गरेको औषधिजन्य सामानको विवरण हेर्दा बिमा प्रयोजनका लागि रु. ४३,५५,४९१/- र अन्य स्वास्थ्य संस्थाका लागि रु. ३९,४३,०३५/- गरी कुल रु. ८२,९८,५२६/- को लागत अनुमान स्वीकृत गरेको देखिन्छ। उक्त खरिद कार्य एकै प्रकृतिको भएको र कुल लागत अनुमान नियम ८४ ले तोकेको ५० लाख रुपैयाँको सीमाभन्दा बढी भएको अवस्थामा एकमुष्ट खुल्ला बोलपत्र आह्वान गरी खरिद गर्नुपर्नेमा प्याकेज टुक्रा पारी शिलबन्दी दरभाउपत्र विधि अपनाइएको पाइयो।पालिकाले बिमा प्याकेज तर्फ रु. ३३,१९,११०/- मा केवलेश्वर मेडि सेल्ससँग र अन्य स्वास्थ्य संस्था प्याकेज तर्फ रु. २४,०८,८०२/- मा मेडिगोल्ड इन्टरनेसनल प्रा.लि. सँग सम्झौता गरी खरिद गरेको देखियो। यसरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा प्याकेज टुक्रा पारी शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको सम्बन्धमा बीमा र निशुल्क वितरण गर्ने औषधिको प्रकृति फरक हुने साथै बजेट शिर्षक समेत फरक हुने भएको र छोटो समयमानै औषधि खरिद गर्नुपर्ने अवस्था भएको हुँदा टुक्रा पारेको देखियको पालिकाको भनाई रहेको छ ।खरिद कानुनले व्यवस्था गरेबमोजिम प्रतिस्पर्धि विधिबाट खरिद गर्नेतर्फ पालिकाले ध्यानदिनुपर्दछ ।

१०३ **न्यानो झोला** - (१७५-2082-03-18):

स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट रु.९००/ का दरले १०० वटा न्यानो झोला रु.९०,०००/- खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए / थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो झोलाको गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

१०४ **गौरिगञ्ज अस्पताल तर्फ** –

अस्पताल सम्बन्धि देखिएका व्यहोरा तपसिलबमोजिम रहेका छन:-

**१.आय-व्यय:**

यस आर्थिक वर्षमा गौरिगञ्ज अस्पतालमा कर्मचारी पारिश्रमिकमा रु. १,७३,१०,२१३।–, औषधि खरिदमा रु. ५९,८८,७३५।–, मेशिनरी सामान तथा उपकरण खरिदमा रु. २९,९२,१२७।–, केमिकल र एक्सरेमा रु. ९,५०,२४१।– तथा अन्य शीर्षकमा रु. ९,५०,२४१।– खर्च भएको देखिन्छ। अस्पतालको आयको मुख्य स्रोत स्वास्थ्य बीमाबाट प्राप्त रकम रु. ९६,५१,५७९।– मात्र रहेको छ।अस्पतालको खर्चको तुलनामा आम्दानी अत्यन्त न्यून रहेको छ। पालिकाको आन्तरिक आय समेत न्यून रहेको अवस्थामा हालको आम्दानीले अस्पतालको खर्च धान्न कठिन हुने देखिएकोले दिगो आर्थिक स्रोत व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ।

**२. औषधि खरिद तथा भण्डारण व्यवस्थापन:**

पालिकाले रु. ५९,८८,७३५।– बराबरको औषधि खरिद गरी अस्पताललाई हस्तान्तरण गरेकोमा सोको प्राप्ति र खर्चको अभिलेख व्यवस्थित रूपमा राखेको पाइएन। यस सम्बन्धमा देखिएका प्रमुख कैफियतहरू निम्न छन्:

• प्राप्त औषधिहरूको दाखिला गर्ने र खर्च निकासा गर्ने प्रणाली व्यवस्थित छैन।

• म्याद समाप्त भएका औषधिहरूको अभिलेख सुरक्षित राखी अस्पताल व्यवस्थापन समितिको रोहबरमा मुचुल्का उठाई नष्ट गर्नुपर्नेमा सो गरिएको देखिएन।

• लेखापरीक्षणको क्रममा निरिक्षण गर्दा ३० वटा पेप्टोजाइम सिरप को म्याद समाप्त भएको तर म्याद भएका औषधिसँगै राखिएको पाइयो। म्याद गुज्रिएका औषधि छुट्टै राख्ने व्यवस्था गरिएको छैन।

औषधि खरिद, भण्डारण, गुणस्तर कायम गर्ने, इन्भेन्टरी व्यवस्थापन, फोहोर व्यवस्थापन तथा किरा/मुसा नियन्त्रण कार्यमा सुधार हुनुपर्ने देखिन्छ। साथै आवश्यकता पहिचान गरेर मात्र औषधि खरिद गर्ने र म्याद नाघेका औषधिहरु प्रक्रिया पुर्‍याएर तत्काल नष्ट गर्ने व्यवस्था मिलाउनुपर्दछ।

**३. लेखापरीक्षण प्रतिवेदन:**

अस्पतालले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गराएको छैन। आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार निम्न कैफियतहरू औँल्याइएका छन्, जसको सुधार भएको प्रमाण पेस भएको छैन:

• आम्दानी र खर्चको सिलसिलेवार गोश्वरा भौचर नउठाएको।

• नगदी रसिद नियन्त्रण खाता नराखेको कारण संस्थाको यथार्थ आम्दानी यकिन गर्न नसकिएको।

• स्वास्थ्य बीमा बापत रु. २,६८,६९,२६२।– माग भएकोमा रु. ६९,४३,११५।– मात्र प्राप्त भई रु. १,९९,२६,१४६।– प्राप्त हुन बाँकी देखिएको हिसाब मिलान हुन नसकेको।

• कार्यालयको नगद मौज्दातमा देखिएको रु. १८,६०५।– बैंक दाखिला नभएको।

• खर्च पुष्टि गर्ने बिल भरपाईहरू आंशिक रूपमा मात्र पेस भएको।

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गराई विगतमा औँल्याइएका कैफियतहरू सुधार गर्नुपर्ने देखिन्छ।

**४. स्वास्थ्य बीमा व्यवस्थापन तथा दाबी :**

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाह र सो बापतको सोधभर्ना प्रक्रियामा तपसिलबमोजिमका कैफियत देखिएका छन्:

• बीमा बापत २३,२५२ जनाले सेवा लिएकोमा माग दाबी रकम र प्राप्त हुन बाँकी रकमको अभिलेख व्यवस्थित छैन। रु. ९६,५१,५७९।– प्राप्त भएको र रु. ३३,६९,५३९।– प्राप्त हुन बाँकी रहेको भनिए पनि माग दाबी गरिएको यथार्थ विवरण पेस भएको छैन।

• प्राविधिक ज्ञानको कमीका कारण कागजातहरू पूर्ण रूपमा अपलोड नहुँदा र समय सीमा नाघिसकेपछि दाबी (Claim) गर्दा अस्पतालले प्राप्त गर्नुपर्ने ठुलो रकम गुमेको देखिन्छ। यसरी समयमा दाबी नगर्दा गुमेको आय यकिन गरी सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ।

• चिकित्सकले बिरामी पुर्जा र कार्डेक्समा 'Diagnosis' नलेखी औषधि मात्र सिफारिस (Prescribe) गर्दा, बीमा बोर्डले 'Diagnosis' र औषधिको तादात्म्य नमिलेको भन्दै दाबी अस्वीकृत गरेको छ। तसर्थ, अनिवार्य रूपमा Diagnosis लेखेर मात्र औषधि सिफारिस गर्ने व्यवस्था मिलाउनुपर्दछ।

• प्याकेज अन्तर्गतका बिरामीको उपचार गर्दा प्याकेजको रकम भन्दा बढी खर्च भएमा पनि प्याकेज अनुसारको मात्र दाबी गर्ने गरिएकोले अस्पताललाई नोक्सान भइरहेको छ। यसमा सुधार हुनुपर्ने देखिन्छ।

१०५ **अपाङ्गता रोकथाम तथा पुर्नस्थापन कार्यक्रम** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३८६,०५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०६ **कार्यक्रमको प्रगति** -

कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेशनबीच भएको सम्झौताअनुसार जारी कार्यक्रम सञ्चालन निर्देशिकाले व्यवस्था गरेको त्रिपक्षीय लागत साझेदारी मोडालिटीअनुसार गौरिगञ्ज गाउँपालिकाले आ.व. २०८१/०८२ देखि अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।पालिकाले पेस गरे अनुसार उक्तकार्यक्रमकोलक्ष्य तथा प्रगति को अवस्था निम्नानुसार रहेको छ ।

| **Numerators for Indicator calculation** | लक्ष्य | ०८१।८२सम्मको |
|---|---|---|
| उपलब्धि | | |
| सन्तानकोयोजना बनाई गर्भपुर्वको तिन महिनामा फोलिक एसिड चक्की सेवन गर्ने महिलाको संख्या | नतोकेको | १६ |
| सन्तानको योजना बनाई गर्भपुर्वको तिन महिनामा फोलिक एसिड चक्कीसेवन गर्ने दम्पतीहरुको संख्या | नतोकेको | १३ |
| गर्ववती भएको पहिलो तीन महिनामा फोलिक एसिड चक्कि सेवन गर्नेगर्भवती महिलाहरुको संख्या | ६६४ | ३६३ |
| गर्ववती भएको महिला फोलिक एसिड र आईरन १८० चक्कि सेवन गर्नेगर्भवती महिलाहरुको संख्या | नतोकेको | नखुलेको |
| सम्भावित जन्मदोष परीक्षण गरीएका नवजात शिशुहरुको संख्या | ४६५ | १६९ |
| जन्मदोष देखिएको नवजात शिशुहरुको संख्या | ० | ० |
| जन्मदोष देखिएको नवजात शिशुहरुको उपचार पाएको संख्या | ० | ० |
| पहिलो गर्भ जाँच गरेर्को गर्भवती महिलाहरुको संख्या | ७६५ | ४५२ |
| कम्तीमा १ पटक गर्भ जाँच गरेर्को गर्भवती महिलाहरुको संख्या | नतोकेको | ६८० |
| | | |
| गर्भ जाँच गरेको गर्भवती महिलाहरुको ४ पटक संख्या (4th, 6th, 8th and 9th | ७६५ | २१४ |
| month) | | |
| अल्ट्रासाउण्ड सेवा लिइको गर्भवती संख्या | नतोकेको | नखुलेको |
| बर्थिङ सेन्टरमा प्रसुती भएको संख्या | नतोकेको | ४४ |
| | | |
| २४ घण्टा भित्र सुत्केरी जाँच | नतोकेको | ५० |
| | | |
| सुत्केरी जाँच ३ पटक (within 24 hours, on 3rd day and 7th day) | नतोकेको | २३३ |
| | | |
| ०-२३ महिनाका बच्चाहरुको तौल अनुगमन | १२५३ | ६०८ |
| निलो रंगको परिचयपत्र लिने संख्या | नतोकेको | ३१३ |
| मोवाईल हेल्थ सेवामा रजिष्टर भएका गर्भवती आमाहरु | नतोकेको | |
| प्रसुती जम्मा संख्या | नतोकेको | |
| नब बिबाहित दम्पतीलाई कार्ड बितरण | ३४९ | १४० |
| गर्भवती आमाहरुलाईशुभकामना कार्ड बितरण | नतोकेको | |
| १० बर्ष मुनीका सम्भावित अपाङ्गता भएकाबालबालिकाहरुको संख्या screened | ३६४६ | २१७८ |
| screened बालबालिकाहरुको संख्या | नतोकेको | ३७ |
| जम्मा पत्ता लागेका अपाङगता भएका ब्यक्तीहरुको संख्या | ७९२ | ६९२ |
| अपाङगता भएका ब्याक्तीहरुको पोफाईल तयारी | ५५५ | ५४३ |
| कार्यक्रम सुरु हुनु भन्दा अघि परिचयपत्र प्राप्त संख्या | ७९२ | ५४९ |
| परिचय पत्र प्राप्त जम्मासंख्या | ७९२ | ६९२ |
| उपचार पाएका अपाङगता भएका ब्याक्तीहरुको संख्या | २२ | ६२ |
| | | |

| | | |
|---|---|---|
| अपाङगताभएका ब्याक्तीहरुको स्याहारका लागी तालिम प्राप्त | ४० | ४३ |
| अपाङगता भएका बच्चाहरुको बिद्यालय भर्ना | ३० | ३ |
| समावेसी शिक्षाको लागि तालिम लिएका शिक्षकहरुकोसंख्या | ५६ | ४० |
| अपाङगता भएका व्यक्तीहरुको अभिभावकहरुले तालिमलिएको संख्या | २८ | ४३ |
| तालिम ,सहयोग / ऋण प्राप्त गरेको परिवारको संख्या | नतोकेको | ३० |
| अपाङगता भएका व्याक्तीहरुको अधिकार सम्बधि तालिमप्राप्त गरेका समुदायका सदस्यहरुको संख्या | नतोकेको | |
| मिलिजुलि समुहमा आवद्ध व्यक्तिको संख्या | १०२ | १२६ |
| मिलिजुलि समुहको नेत्रित्व विकास तालिम | २४ | २३ |
| DPOs सदस्यहरुले नेत्रीत्व विकासको तालिम लिएको संख्या | १२ | १० |
| अपाङगता सम्बन्धि अभिमुखिकरण पाएका वडाकासदस्यहरुको संख्या | ६ | ६ |
| तालिम प्रप्त सि बि आर एफ सहजकर्ता | २ | २ |
| रातो र निलो कार्ड प्राप्त गरेको अपाङगता भएकोसंख्या | नतोकेको | ५१८ |

**गर्भ जाँच :**पहिलो पटक गर्भ जाँच गराउनेको सङ्ख्या (४५२) देखिए पनि प्रोटोकलअनुसार ४ पटक (चौथो, छैठौं, आठौं र नवौं महिनामा) गर्भ जाँच गराउनेकोसङ्ख्या (२१४) निकै कम (लक्ष्यको करिब २८%) छ।

**फोलिक एसिड सेवन:**गर्भ रहनुपूर्व योजना बनाएर फोलिक एसिड खाने बानीको विकास (१६ जना) नगन्यछ। साथै, गर्भवती भएको पहिलो ३ महिनामा फोलिक एसिड खाने पनि लक्ष्य (६६४)को तुलनामा ५४% (३६३) मात्र हुनुले प्रारम्भिक अवस्थाको हेरचाहमा कमी देखिन्छ।

**सुत्केरी र नवजात शिशु** -जन्मदोष परीक्षण लक्ष्यको ३६% मात्र भएको छ। चौबीस घण्टाभित्रर ३ पटक सुत्केरी जाँच गराउने सङ्ख्या पनि अपेक्षित भन्दा कम छ।

**बाल पोषण** -०-२३महिनाका बालबालिकाको तौल अनुगमन लक्ष्य (१२५३) को तुलनामा ४८% (६०८) मामात्र सीमित हुनुले कुपोषणको जोखिम पहिचानमा कठिन देखिन्छ।

**शिक्षा र स्वास्थ्य:**अपाङ्गता भएका ३० जनाबालबालिकालाई विद्यालय भर्ना गर्ने लक्ष्य राखिएकोमा जम्मा ३ जना (१०%)मात्र भर्ना भएको साथै, उपचार पाउनेको सङ्ख्या पनि न्यून छ।

समग्रमाअपाङ्गता परिचयपत्र वितरण र सामाजिक परिचालन कार्यक्रम सफल देखिए पनिमातृ स्वास्थ्यको पूर्ण प्रोटोकल पालना र अपाङ्गता भएका बालबालिकाकोशिक्षामा पहुँच पुर्‍याउने कार्यमा विशेष जोड दिनुपर्ने देखिन्छ।

१०७ **प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सृजना** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा सुचिकृत ३८६ बेरोजगार मध्ये यो वर्ष १४ योजना सञ्चालन गरी ६४ जनालाई औसत ३७.१७ दिनले २३७९ दिन रोजगारी उपलव्ध गराई रु.१५,८९,१७२/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता

अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| **वडा नं.** | **सुचिकृत बेरोजगार संख्या** | **रोजगार संख्या** | **रोजगार प्राप्त गरेको दिन** | **प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन** | **कुल खर्च** | **प्रति व्यक्ति औषत रोजगारी आय** | **रोजगार प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| १ | ३९ | ८ | २८८ | ३६ | १९२३८४ | २४०४८ | २०.५१ |
| २ | ७२ | १२ | ५७६ | ४८ | ३८४७६८ | ३२०६४ | १६.६७ |
| ३ | ५३ | ८ | ३७३ | ४६ | २४९१६४ | ३११४५ | १५.०९ |
| **४** | ९६ | १६ | ३२० | २० | २१३७६० | १३३६० | १६.६७ |
| **५** | ६२ | १० | २१५ | २१ | १४३६२० | १४३६२ | १६.१३ |
| **६** | ६४ | १० | ६०७ | ६० | ४०५४७६ | ४०५४७ | १५.६२ |
| | | | जम्मा | | १५,८९,१७२/- | | |

१०८ **सुरक्षित आप्रवासन कार्यक्रम -**

'स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन वित्तीय मार्गदर्शन, २०८१' ले अनुदान रकमको खर्च गर्दा अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र तोकिएको शीर्षकमा मात्र खर्च गर्नुपर्ने लगायतका अनिवार्य शर्तहरू तोकेको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत यस वर्ष कुल रु. १९,३०,९६०।– खर्च गरेको छ। उक्त खर्चको सम्बन्धमा देहाय बमोजिमका व्यहोरा रहेका छन्:

१. कार्यक्रमको सञ्चालन र अभिलेख: सञ्चालित कार्यक्रमहरूको भुक्तानी माग गर्दा केवल सहभागीको हाजिरी मात्र संलग्न गरिएको छ। अभिमुखीकरण कार्यक्रममा प्रस्तुत गरिएको विषयवस्तु , छलफलका बुँदाहरू र कार्यक्रमको उपलब्धी खुल्ने प्रतिवेदन संलग्न छैन। साथै, वर्षभरि सञ्चालित कार्यक्रमको प्रभावकारिता, अनुगमन र मूल्याङ्कन प्रतिवेदन समेत तयार गरिएको पाइएन।

२. बजेट सीमा उल्लङ्घन: मार्गदर्शनले तोकिएको शीर्षक र सीमाभित्र रही खर्च गर्नुपर्नेमा परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ता र वित्तीय साक्षरता सहजकर्ताको पारिश्रमिक शीर्षकमा रु. ९,०२,९८०।– विनियोजन भएकोमा सीमा नाघेर रु. ९,७४,९८०।– खर्च लेखिएको छ। यसरी स्वीकृत बजेटभन्दा रु. ७२,०००।– बढी हुने गरी खर्च गरेको तथा निर्णय बेगर खर्च गर्नु उचित देखियन ।

पालिकाले मार्गदर्शनमा उल्लेखित शर्तहरूको पूर्ण पालना गर्नुपर्दछ।कार्यक्रमको विषयवस्तु, अनुगमन र मूल्याङ्कन प्रतिवेदन सहितको व्यवस्थित अभिलेख राखेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०९ **अनुगमन भत्ता -**

स्थानीय तहले अनुगमन भत्ता उपलब्ध गराउँदा निश्चित कार्यविधि वा मापदण्ड तर्जुमा गरी सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। तर, यस पालिकाले अनुगमन सम्बन्धी कुनै स्पष्ट मापदण्ड बनाएको पाइएन। पालिकाले 'स्यालो ट्युबवेल तथा मोटर जडान' र 'आली घटाउ उत्पादन बढाउ' कार्यक्रमको अनुगमन शीर्षकमा रु. १,९७,०५०।– र 'विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान' शीर्षक अन्तर्गत विद्यालय अनुगमन तथा विविध कार्यका लागि रु. १,१३,१००।– खर्च लेखेको छ।उक्त रकम भुक्तानी गर्दा प्रतिव्यक्ति रु. १,०००।– का दरले एकमुष्ट भत्ता वितरण गरिएको भए तापनि सो दर कायम गर्नुको आधार पेस भएको छैन। साथै, अनुगमनमा संलग्न व्यक्तिहरूको दैनिक हाजिरी र सवारी साधन प्रयोग भएको भए सोको लगबुक समेत भरिएको छैन। यसरी स्पष्ट मापदण्ड, आधार र आवश्यक पुष्ट्याइँ (हाजिरी, लगबुक) बेगर गरिएको खर्च उचित देखिँदैन। तसर्थ, पालिकाले अनुगमन सम्बन्धी स्पष्ट मापदण्ड बनाई आवश्यक अभिलेखहरू चुस्त-दुरुस्त राखेर मात्र नियमानुसार खर्च लेख्नु पर्दछ।

११० **वितरण भरपाई पेस -**

आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई तथारीतपूर्वकका प्रमाण कागजातहरू संलग्न हुनुपर्ने व्यवस्था छ।यस पालिकाले मर्मत सम्भार कोषबाट एल.इ.डी. बल्ब: १६३५ थान, तार (Wire): ४०,००० मिटर, होल्डर: ३३,२५० थानर टेप: १,२५० थान आदिसामग्रीहरू खरिद गरी कुल रु. ७,३५,७५०।– खर्च लेखेको छ।उक्तसामग्रीहरू पालिकाको जिन्सी खातामा दाखिला जनाई सम्बन्धित वडाकार्यालयहरुमा हस्तान्तरण गरिएको देखिन्छ। तर, वडा कार्यालयहरूले ती सामग्रीहरू कुन-कुन स्थानमा जडान गरे वा कसलाई वितरण गरे भन्ने कुराकोविस्तृत विवरण र प्रयोगको सुनिश्चितता खुल्ने कागजात पेस गरेको पाइएन। तसर्थ, खरिद गरिएकासामग्रीहरूको वडागत रूपमा वितरण र जडान भई प्रयोग सुनिश्चित भएको प्रमाणपेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३५,७५० |

१११ **सामाजिक सुरक्षा तर्फ** -

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बैङ्क मार्फत रु.१४,३९,०८,९२६/सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धी देखिएका व्यहोरा तपसिलबमोजिम रहेका छन:-

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| वडा नं१ | ७७१०८०३ | ७८९५५७२ | ७९२७६४७ | ८०२३१२२ | ३१५५७१४४ |
| वडा नं२ | ५८३८१७२ | ५९७२१३८ | ६०५९४०४ | ६१२२४९८ | २३९९२२१२ |
| वडा नं३ | ७९०७१३३ | ८०६३६१७ | ८०७८१६१ | ८१४५९९९ | ३२१९४९१० |
| वडा नं४ | ४४२७४८६ | ४४५४४११ | ४४६३०३० | ४४८४१४३ | १७८२९०७० |
| वडा नं५ | ३९४६३४३ | ३९९३००१ | ४०४१२८४ | ४०८७४२६ | १६०६८०५४ |
| वडा नं६ | ५४५८१२४ | ५५५२०८२ | ५६२४८२० | ५६३२५१० | २२२६७५३६ |
| **जम्मा** | **३५२८८०६१** | **३५९३०८२१** | **३६१९४३४६** | **३६४९५६९८** | **१४३९०८९२६** |

**के वाइ सी अद्यावधिक नभएको** -सामाजिकसुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २४ मा बैंकले लाभग्राहीकोनाममा शून्य मौज्दातमा खाता खोल्ने र सम्बन्धित लाभग्राहीले आवश्यक कागजातपेस गरेपछि मात्र खाता सक्रिय हुने स्पष्ट व्यवस्था रहेको छ। पालिकाबाट पठाइएको रकम बैंकले लाभग्राहीका खातामा जम्मा गरेकोभुक्तानी विवरण (Forward Feed) उपलब्ध गराएको छ। तथापि, उक्त खाताहरूमध्येकति सक्रिय भई लाभग्राहीले रकम बुझे र कतिपय खाताहरू कागजात अभावमा अझैनिष्क्रिय छन् भन्ने बारेको एकीकृत विवरण प्राप्त भएको देखिँदैन।यसअवस्थामानिकासा भएको सम्पूर्ण रकम वास्तविक लाभग्राहीसम्म पुगेकोहो वा होइन भनी भुक्तानीको यथार्थता पुष्टि गर्न कठिनाइ भएको छ। अत:, सम्बन्धित बैंकबाट सक्रिय तथा निष्क्रिय खाताहरूको विस्तृत विवरणमाग गरी सोही आधारमा लाभग्राहीको लगतलाई अद्यावधिक गर्नु पर्दछ।

११२ **निष्क्रिय खाताको विवरण नभएको** -

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको सङ्ख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैँक मार्फत भुक्तानी गरेको तर बैंकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

११३ **लगत अद्यावधिक** -

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या

यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले समयमानै लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरु एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

११४ **मुत्यू पश्चातको भत्ता वितरण** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२१,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२९,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२३,०६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२१,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

११५ **वर्गगत सामाजिक सुरक्षा खर्च** -

यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न बैँकबाट जम्मा रु. १४,३९,०८,९२६/- वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

| **सामाजिक सुरक्षा भत्ता पाउने समुह** | **वितरण गरेको संख्या** | **वितरण गरेको रकम** |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ८३६९ | ९९७६३१५१ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५०९ | ३९९१५९६ |
| जेष्ठ नागरिक एकल महिला | १०२३ | ८११४९५१ |
| विधवा | २३६१ | १८६८८६४५ |
| पूर्ण अपाङ्गता भत्ता | ५९२ | ६९९७१३० |
| अति अशक्त अपाङ्गता भत्ता | ८५३ | ५३५८३०४ |
| दलित बालबालिका | ६४१ | ९९५१४९ |
| **जम्मा** | **१४३४८** | **१४,३९,०८,९२६/-** |

११६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७६९१३१०९.१ | १८०५९६५७.१६ | ४.७९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.७९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा गाउँ कार्यपालिका, वडा कार्यालयहरु तथा गौरीगञ्ज आधारभुत अस्पताललाई समेत समेटी आन्तरिक आयतर्फ कुल रू. ३ करोड ३० लाख २५ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा अनुमानको ५४.६८ प्रतिशत रू. १ करोड ८० लाख ५९ हजार मात्र आय प्राप्त गरेको छ । प्राप्त विवरण अनुसार पालिकाले अनुमान गरेको २ वटा आय शिर्षकमा आय संकलन नभएको र १५ वटा अनुमान नगरेको शिर्षकमा आय असुली भएको देखिन्छ । गौरीगञ्ज आधारभुत अस्पताल लगायत अन्य क्षेत्रको आय कुल रू. १,७०,००,०००.०० अनुमान गरेकोमा पालिकामा आम्दानी भएको देखिदैन । पालिकाले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता स्वयं कार्यालयमा कर तथा अन्य शुल्क दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रणालीको विकास हुनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २५०००००.०० | १२१७२८.९८ | ४८.६९ |
| २ | ११३१४ | भुमिकर/ मालपोत | ५००००००.०० | ४९१०७४८.८८ | ९८.२१ |
| ३ | ११३१७ | वहाल कर | ३५०००००.०० | ४७१४१८.५५ | १३४.६९ |
| ४ | ११३१८ | वहालविटौरी कर | १००००००.०० | ५९१९१०.७८ | ५९.१९ |
| ५ | ११४५१ | सवारी साधनकर (साना सवारी) | ५००००.०० | ३१९२५.०० | ६३.८५ |
| ६ | ११४७९ | अन्यमनोरञ्जन कर | १०००००.०० | २००००.०० | २०.०० |
| ७ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ०.०० | १४५००.०० | ०.०० |
| ८ | ११६३२ | अखेटोपहारमालाग्ने कर | १०००००.०० | ०.०० | ०.०० |
| ९ | ११६९१ | अन्य कर | ०.०० | ८३५३२५.४७ | ०.०० |
| १० | १४२१८ | विद्युतसेवा शुल्क | ०.०० | २४०७०.०० | ०.०० |
| ११ | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | ३६६५०००.०० | १८२७००.०० | ४.९८ |
| १२ | १४२२१ | न्यायिकदस्तूर | ०.०० | २२४००.०० | ०.०० |
| १३ | १४२२४ | परीक्षाशुल्क | ०.०० | ५४२००.०० | ०.०० |
| १४ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ०.०० | ६३९३२.०० | ०.०० |
| १५ | १४२४२ | नक्सापासदस्तुर | ०.०० | ५००.०० | ०.०० |
| १६ | १४२४३ | सिफारिशदस्तुर | ५००००००.०० | २८१२६७७.८९ | ५६.२५ |
| १७ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ०.०० | ३४६३१०.०० | ०.०० |
| १८ | १४२४५ | नाताप्रमाणित दस्तुर | ०.०० | २०९१७९.८० | ०.०० |
| १९ | १४२४९ | अन्यदस्तुर | ०.०० | ४४८७८३.५६ | ०.०० |
| २० | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ०.०० | २९५७५०.०० | ०.०० |
| २१ | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | ०.०० | ४५४००.०० | ०.०० |
| २२ | १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ०.०० | ५००.०० | ०.०० |
| २३ | १४२६५ | अन्यक्षेत्रको आय | १७००००००.०० | ५४५०.०० | ०.०३ |
| २४ | १४३११ | न्यायिकदण्ड, जरिवाना र जफत | १००००.०० | ०.०० | ०.०० |
| २५ | १४५२९ | अन्यराजस्व | ०.०० | ६२४९७३०.८८ | ०.०० |
| २६ | १४६११ | व्यवसाय कर | ५०००००.०० | १९६६००.०० | ३९.३२ |
| २७ | १५१११ | बेरूजू | ०.०० | १०३९१५.३७ | ०.०० |
| **जम्मा** | | | **३३०२५०००.००** | **१८०५९६५७.१६** | **५४.६८** |

### ११८ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. १ लाख ९६ हजार ६०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

### ११९ वन पैदावार विक्री

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ ।

### १२० कम्प्युटर लेखा प्रणाली

पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रू. ४ करोड ४१ लाख २० हजार आन्तरिक आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

### १२१ गैरसरकारी सफ्टवेयरबाट कारोवार

पालिकाको आय कारोबार तथा राजश्वलाई व्यवस्थित गर्न नेपाल सरकारद्वारा सुत्र प्रणालीमा IPT(कर संकलन प्रणाली) सफ्टवेयर तयार गरी लागु गरेकोमा पालिकाले उक्त स्फटवेयर प्रयोगमा ल्याएको छैन । पालिकाले National Incubation and Research Center (NIRC) को software वार्षिक शुल्क रू. ३,९५,०००/- मा खरिद गरि भुमिकर/मालपोत असुली, वडाबाट हुने शिफारिश, योजना आदि कार्य गराएको छ । पालिकाले जग्गा वर्गिकरणको कार्य नभएकोले सुत्र प्रणाली प्रयोग गर्न नमिलेको जनाएको छ ।सरकारले शिफारिश गरेको आधिकारिक प्रणाली सदुपयोग गरि खर्चमा नियन्त्रण हुनुपर्दछ।

### १२२ आन्तरिक आयतर्फको ठेक्का

पालिकाले यस वर्ष आन्तरिक आय संकलनका लागि २०८१।३।१८ मा प्रथम पटक, मिति २०८१।४।१ मा दोस्रो पटक र मिति २०८१।४।१७ मा तेस्रो पटक सूचना गरि देहाय अनुसारको सम्झौता गरि आम्दानी गरेको छ। उक्त आम्दानीमा मू.अ. कर अग्रिम दाखिला गरि १० प्रतिशत छुटमा ठेक्का रकम रू. ३१,८९,६२९।५० राजश्व दाखिला भएको छ ।

| ठेक्का विवरण | न्यूनतम ठेक्का रकम (मूअकर बाहेक) शुरु अंक | न्यूनतम ठेक्का रकम (मूअकर बाहेक) संशोधित अंक | सम्झौता रकम (मूअकर बाहेक) | दाखिला रकम (मूअकर बाहेक) १०% छुट सहित | कैफियत |
|---|---|---|---|---|---|
| कुञ्जीबारी पशुहाट<br>श्री नविन राई | १० लाख | - | १०,००,५००/- | ९,००,४५०/- | पहिलो सूचनामा सम्झौता मिति २०८१।४।८ |
| बहालबिटौरी शुल्क हाट बजार कर समेत<br>श्री अजित कुमार राय | १० लाख | ६.५ लाख | ७,०५,५५५/- | ६,३४,९९९।५० | तेस्रो सूचनामा सम्झौता मिति २०८१/५/२ |
| स्थानीय सडक मर्मतसम्भार सेवा शुल्क अजित कुमार राय | १६.५० लाख | १५ लाख | १५,००,५५५/- | १३,५०,५००/- | तेस्रो सूचनामा सम्झौता मिति २०८१/५/२ |
| जडिबुटी कवाडी र जीवजन्तु कर | १ लाख | | | | |
| कन्काई माईं नदि घाट डुङ्गा संचालन<br>अरुण मण्डल | २ लाख | २ लाख | २,००,१००/- | १,८०,०९०/- | दोस्रो सूचनामा सम्झौता मिति २०८१।४।१६ |
| विज्ञापन कर<br>आकृती एडभरटाईजिङ्ग | ५० हजार | - | ८५,०००/- | ८५,०००/- | पहिलो सूचनामा सम्झौता मिति २०८१।४।२१ |
| काञ्जीहाउस<br>श्री दिल नारायण श्रेष्ठ | १५ हजार | १५ हजार | १६०००/- | १६,०००/- | दोस्रो सूचनामा सम्झौता मिति २०८१।४।१६ |
| जलकर<br>खगेन्द्र श्रेष्ठ | तेस्रो सूचनामा मात्र समावेश गरेको | २५ हजार | २५१००/- | २२,५९०/- | पहिलो सूचनामा सम्झौता मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०८१।५।२ |
| | | **जम्मा** | **३५,३२,८१०/-** | **३१,८९,६२९।५०** | |

१२३ **दहत्तर बहत्तर आम्दानी**

पालिकाभित्रका नदिहरुबाट उत्खनन हुने दहत्तर-बहत्तर (ढुंगा, गिट्टी, बालुवा, माटो) आदिको यस वर्षमा ठेक्का व्यवस्थापन हुन सकेको छैन भने कार्यालयले चोरी निकासी हुन सक्ने घाट नाकाहरुमा असुल गर्न कर्मचारी खटाईने गरेको पाईएन। चोरी निकासी गरेकाहरुलाई कारवाही गरि जरिवाना सहित असुल गर्नु परेमा पालिका कार्यालयबाट मात्र जरीवाना लिई अन्य आय राजश्व शिर्षकमा आम्दानी गरेको छ। आम्दानी चुहावट नहुने गरि राजश्व असुली तथा तोकिएको राजश्व शिर्षकमा दाखिलाको व्यबस्था हुनुपर्दछ ।

१२४ **माटो बिक्री वितरण तथा संकलन ठेक्का**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) ख मा स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्ख सक्ने व्यवस्था छ । पालिकाले कन्काई रतुवा र किस्नी खोलाको बालुवा, पुरुवा/भरौट, बलौटे माटो बिक्री वितरण तथा संकलन गर्न न्यूनतम मूल्य मु.अ.कर बाहेक रू. ५ लाखको लागि मिति २०८१।१२।१० मा सूचना प्रकाशित गरेकोमा देवीप्रसाद दाहाल रू. ५ लाख ५० रुपैयाँ (धरौटी रु २५,००२।५०), रामचन्द्र आचार्य रू. ५ लाख १ सय रुपैयाँ (धरौटी रू. २५,००५।००) र कन्केश्वर कन्स्ट्रक्सन प्रा.ली. रू. ५ लाख ८० हजार रुपैयाँ (धरौटी रू. २९,०००।००) गरि ३ वटा बोलपत्रको प्रस्ताव परेको छ। उक्त बोलपत्रदाताहरु कुनै सम्झौता गर्न नआएकोले पहिलो र दोस्रो घटिवालाको धरौटी जफत गरि आम्दानी गरेको छ । पालिकाले ऐन बमोजिम सम्झौता गर्न नआउने फर्म कन्केश्वर कन्स्ट्रक्सन प्रा.ली.लाई कालोसूचीमा राख्ने कारवाहीको प्रकृया गरेको छैन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गौरिगंज गाउँपालिका, झापा , गौरिगंज गाउँपालिका , झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खेमराज थापा | २०८०-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मन्जु भट्टराई | २०८१-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५५५,३२४ | ११,५१९,६९९ | ३,३३४,४७५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,४०९,४९८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,४१९,६४४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १२,९८९,८५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६७६८१०३८.६८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०५४५९९५५ | चालु खर्च | ३२०३६७११८.०५ |
| प्रदेश सरकारबाट अनुदान | ३५३२६८०८ | पूँजीगत खर्च | १०५०१११८७ |
| राजश्व बाँडफाँट | १००८५९११२.७१ | वित्तीय/अन्य व्यवस्था | १९०७७५३५४.५३ |
| आन्तरिक आय | १८०५९६५७.१६ | | |
| अन्य आय | १७८९६६८२२.३३ | | |
| कुल आय | ६३८६७२३५५.२० | कुल खर्च | ६१६१५३६५९.५८ |
| बाँकी मौज्दात | | ९०१९९७३४.३ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| | | | |
|---|---|---|---|
| आ.व.: २०८१/ ८२ अवधी : २०८१/ ०४/ ०१ - २०८२/ ०३/ ३२ | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को जम्मा | गत आ.ब. कोजम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १०७८५५९७८.०४ | ९४०७६४३३.४९ |
| १३००० | अनुदान | ३१३१५३२४३.७७ | ३२७३०३७२६.८३ |
| १४००० | अन्य राजस्व | १०९५८८७६.४६ | ७३९३८३३.४७ |
| १५००० | विविध प्राप्ति | १०३९१५.३७ | ७,२००.०० |
| क | **कुल जम्मा प्राप्ति** | ४३२०७२०१३.६४ | ४२८७८११९३.७९ |
| ३ | चालु | ३२०३६७११८.०५ | ३०५४६६०५६.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | २०७५४९४०७.२५ | ७३३८९५८६.५६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११०५४०२६९.८ | २१०९७७६७४.२२ |
| २५००० | सहायता (Subsidy) | ६९७५००. | ४५२८७१३. |
| २७००० | सामाजिक सुरक्षा | १३७८३०. | १४९८०३२९. |
| २८००० | अन्य खर्च | १४४२१११. | १५८९७५४. |
| ४ | पूंजीगत | १०५०१११८७. | १२२६८२०१४.३२ |
| ३१११० | भवन तथा संरचना | ११३६७८६८. | २०८७०७०३. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ११८६९२७६. | ७७२७७६१. |
| ३११३० | अन्य पूँजीगत खर्च | २४४०३५९. | १३८९९६५. |
| ३११४० | सुरक्षा उपकरण | ० | १४९८१३५. |
| ३११५० | सार्वजनिक निर्माण | ७९३३३६८४. | ८८१६७४६५.३२ |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ३०२७९८५. |
| ५ | वित्तीय | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४२५३७८३०५.०५ | ४२८१४८०७१.१ |
| ग) | **बचत/कमी (ग = क-ख )** | ६६९३७०८.५९ | ६३३१२२.६९ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | १६२३६१८१.३३ | -५१८६२३६.६९ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | -२६४९१४.३ |

| | | | | |
|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | २२९२९८८९.९२ | -४५५३११४. | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६७२६९८४४.३८ | ७१८२२९५८.३८ | |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ९०१९९७३४.३ | ६७२६९८४४.३८ | |

## बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| दायित्व सृजना भएको मिति | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|
| ०३/२५/२०८१ | कल्भर्ट निर्माण वडा नं.२ | जय बालाजी निर्माण सेवा | ३१८२६०.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सडक हेरालु तथा व्यवस्थापन खर्च | सडक हेरालुहरु ७ जना | ५४६००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | मठमन्दिर पूजा व्यावस्थापन खर्च | चन्द्र प्रसाद राजवंशी | ६०००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | इन्धन खर्च | भरोसा आयल सेन्टर | ६४७९८.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत | अनुप शर्मा | १४३७९.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत | रामचन्द्र मिश्र | २१२००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत | रितु पौडेल | ८६७५.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत | नविन्द्र राई | ९७५०.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | फर्निचर तथा फिक्चर्स | देव्यान्सी द डेकोर | १७९२९७.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | नमुना मावि साझेदारी कार्यक्रम | गौरीगञ्ज मावि | ७७१६६७.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | विपत व्यावस्थापन कोष | ट्रेड म्याक्स कम्पनी प्रा.लि. | २७७४४८.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | वडा नं.६ वडास्तरिय मर्मत | रेशू कन्स्ट्रक्सन प्रा.लि/रमेश शेडाई | ४९४९४.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत | बालाजी सेल्स एण्ड सर्भिस सेन्टर | ४२६००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सडक बोर्डसङ्गको साझेदारी | आचार्य सन्स बिल्डर्स एण्ड ईन्जिनियरिङ्ग प्रा.ली. | २२२११४.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | बालमैत्री गाउँपालिका निर्माण | बिराट सामुदायिक अध्ययन केन्द्र | २८४३००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सन्थाल जातिको लागि विपन्न आवास कार्यक्रम | कन्केश्रर कन्ट्रक्सन प्रा.लि. | १२८०७१६.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | छहारी चौक चिल्हरा चौकहुदै जनताचौकसम्मको सडक कालोपत्रे | एन पि.निर्माण सेवा | ३२८१३७५.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | वडा कार्यालय देखि विध्यालय जाने सडक सम्म सडक कालोपत्रे वडा नं ५ | इनोभेशन कन्स्ट्रक्सन प्रालि | ८०२६६०.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सर्भे सामाग्री खरिद भौचर नं.४३३ | हलेसी ट्रेडर्स | १५८३०.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सेवा परामर्श | सम्बन्धित परामर्शदाता | १७०००००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | गाउँसभा सञ्चालन खर्च | ज्ञानेन्द्र प्रसाद दंगाल/ शुभकामना होटल | १०५०००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मेशीनरी भाडा | मनोज कुमार दास | ६६००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मर्मत खर्च | मनोज कुमार महत्तो | १५०००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| ०३/२५/२०८१ | सवारी साधन मेशीनरी भाडा | सन्तोष महत्तो | २००००.०० | आव भित्र भुक्तानी हुन नसकेको |
| जम्मा | | | ९५५१७६३.०० | |

| क.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | सम्झौता मिति | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | GRMW/NCB/WORKS/०९/२०८१-८२ | कृषि बिधुतिकरण को लागि बिद्युत पोल तथा तार खरिद | जय सन्तोषी मा निर्माण सेवा गौरीगञ्ज गा पा २ झापा | ८/२१/२०८१ | ९८६९५००.२ | ६६७८२४६ | ३२.३३ |
| २ | GRMW/NCB/WORKS/११/२०८१-८२ | गौरि सहकारी संस्था देखि पश्चिम ज्ञान्कुन्जा जाने सडकमा ड्रेन सहित कालोपत्रे सडक निर्माण | पिरामिड कन्सट्रकसन प्रा. लि., शिवासताक्षी न पा -६ झापा | १०/२/२०८१ | ४८९१२०९.५ | ३३३९०००.५ | ३१.७३ |
| ३ | GRMW/NCB/WORKS/१०/२०८१-८२ | नयहाट मा बजार बेवस्थापन तथा टहरा निर्माण | प्रसाई बन्धु निर्माण सेवा , गौरीगञ्ज गा पा ६ झापा | १०/११/२०८१ | ४८६७७१८.१ | ३३३९०००.५ | ३१.४१ |
| ४ | GRMW/NCB/WORKS/०५/२०८१-८२ | हुलाकी सडक देखि फत्तेपुर जोड्ने सडक ड्रेन सहित कालोपत्रे निर्माण | मिराक हाङ्ग निर्माण सेवा ,कन्काई न पा ३ झापा | ८/२१/२०८१ | १०६७२८२९ | ७५८९८८९ | २८.८९ |
| ५ | GRMW/NCB/WORKS/०७/२०८१-८२ | कुन्जिबरी बजार देखि पूर्व बनियानी खोला सम्म ड्रेन सहित सडक | कन्केश्वर कन्सट्रकसन प्रा. लि., गौरीगञ्ज गा पा १ झापा | ८/२१/२०८१ | ४८७२४०० | ३५५६०८२.३ | २७.०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कालोपत्रे निर्माण | | | | | |
| ६ | GRMW/NCB/WORKS/०८/२०८१-८२ | कुन्जिबरी देखि बर्हीबिघे सारंगपाडा हुदै केर्खाबजार जोड्ने सडक मा ड्रेन सहित कालोपत्रे निर्माण | दधिना कन्सट्रकसन प्रा. लि., सुनबर्षी गा पा २ मोरङ्ग | ८/२८/२०८१ | ३५११०८० | २५७७७०६.९ | २६.५८ |
| ७ | GRMW/NCB/WORKS/०६/२०८१-८२ | नयालाल राजबंशी को घरदेखि पूर्व अस्पताल जाने बाटो र सतिश दास को घर देखि उत्तर कृष्ण उप्रेती को घर सम्म कालोपत्रे सडक निर्माण | जय नेपाल निर्माण सेवा., धुसेनी -२ इलाम | ८/२८/२०८१ | ४८६२६५१.७ | ३७८८७५९.६ | २२.०८ |
| ८ | GRMW/NCB/WORKS/०३/२०८१-८२ | लेल्टू फर्निचर देखि जनता आधारभूत बिद्यालय जोड्ने कालोपत्रे सडक | द भिजनर्स ईन्जिनियरीङ्ग प्रा. लि., विराटनगर मा ना पा १ | ७/२९/२०८१ | ४८५४७३४.२ | ३८५५८३६.२ | २०.५८ |
| ९ | GRMW/NCB/WORKS/०२/२०८१-८२ | एन सेल टावर देखि बगह चौधरी हुदै हुक्कगाची | द भिजनर्स ईन्जिनियरीङ्ग प्रा. लि., विराटनगर | ७/२९/२०८१ | ७५४५१०७.३ | ६१०६५९६.७ | १९.०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चोक सम्म सडक कालोपत्रे क्रमागत | मा ना पा १ | | | | |
| १० | GRMW/NCB/WORKS/१२/२०८१-८२ | बिपन्न आवाश निर्माण क्रमागत | दधिना कन्सट्रकसन प्रा. लि., सुनबर्षी गा पा २ मोरङ्ग | १०/२०/२०८१ | ३९२५३९९.८ | ३१७९१८३.७ | १९.०१ |
| ११ | GRMW/NCB/WORKS/०१/२०८१-८२ | छहारी चोक चिल्हारा चोक हुदै जनता चोक सम्म सडक कालोपत्रे क्रमागत | शिब पाओर कन्सट्रकसन प्रा. लि., कमल गा पा ५ झापा | ७/२९/२०८१ | ७५४५३८५.९ | ६१४१०१३.७ | १८.६१ |
| १२ | GRMW/NCB/WORKS/१५/२०८१-८२ | राशी को घर देखि मानसिंह चिया पसल सम्म सडक कालोपत्रे | कन्केश्वर कन्सट्रकसन प्रा. लि., गौरीगञ्ज गा पा १ झापा | २०८२/०२/३० | २६८०५८६.७ | २२५३५३३.२ | १५.९३ |
| १३ | GRMW/NCB/WORKS/०४/२०८१-८२ | निर बहादुर श्रेष्ठ घर देखि दक्षिण मल्हातोली हुदै फत्तेपुर सम्म कालोपत्रे सडक | शिब पाओर कन्सट्रकसन प्रा. लि., कमल गा पा ५ झापा | ७/२९/२०८१ | ४८५८७६३.७ | ४१४१९३१.३ | १४.७५ |
| १४ | GRMW/NCB/WORKS/१६/२०८१-८२ | पशु बद्स्थल तथा माछा मासु बिक्रि केन्द्र निर्माण | श्री भारदह कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा ली , माई न पा १ इलाम | १/२४/२०८२ | ३१८०५८५.२ | २७६०१९२.५ | १३.२२ |
| १५ | GRMW/NCB/WORKS/१३/२०८१-८२ | दुर्गा मन्दिर देखि पूर्व रामदेव यादवको | श्री क्वीक स्पेस बिल्डर्स, | १/२४/२०८२ | २१९८६६९.५ | २१३१२५७.२ | ३.०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | घर हुदै दक्षिण पश्चिम को कालोपत्रे सडक जोड्ने कालोपत्रे सडक निर्माण | दमक न पा ४ झापा | | | | |
| १६ | GRMW/NCB/WORKS/१४/२०८१-८२ | गौरिगन्ज गा पा कोरोबारी स्वास्थ्य चौकी मर्मत तथा घेरबेरा | जय बालाजी निर्माण सेवा , दमक न पा ७ झापा | १२/२१/२०८१ | २००८७०३.३ | १९८४७६५ | १.१९ |

## बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | गौरीगञ्ज अस्पतालमा करार, पार्ट टाइम तथा दैनिक ज्यालादारीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी,सुरक्षागार्ड तथा अन्य कर्मचारीहरुको पारिश्रमिक | नेपाल सरकार - समानिकरण अनुदान | ६६७५००० | ६६७५००० |
| २ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००० | ५०००००० |
| ३ | सामुदायिक शैक्षिक संस्थामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीको लागि निशुल्क शिक्षा कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ३३५०००० | ३२७४००० |
| ४ | बालविकास कक्षाका स.का. प्रोत्साहन कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | २६५९००० | २६५९००० |
| ५ | अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुबाट निशुल्क बितरणको लागि आवश्यक औषधी तथा सामग्री खरिद | नेपाल सरकार - समानिकरण अनुदान | २०००००० | २०००००० |
| ६ | सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा तथा अति विपन्न (प्रति विद्यालय ३ जना) र कक्षा ८ मा उत्कृष्ट GPA ल्याउने (प्रति विद्यालय २ जना ) जम्मा २० जना छात्रहरुलाई साइकल वितरण | नेपाल सरकार - समानिकरण अनुदान | १८००००० | १६८८५०२ |
| ७ | सरसफाइकर्मीहरुको पारिश्रमिक | नेपाल सरकार - समानिकरण अनुदान | १५००००० | १४९०४८५ |
| ८ | मसलन्द तथा कार्यालय सामग्री | नेपाल सरकार - समानिकरण अनुदान | १५००००० | १५००००० |
| ९ | आयोजना व्यवस्थापन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | १२२२५०० | १२१८५०९ |
| १० | स्थानीय विषय पाठ्यपुस्तक छपाई | नेपाल सरकार - समानिकरण अनुदान | १२००००० | ० |
| ११ | इन्धन कार्यालय प्रयोजन | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | १०००००० |
| १२ | पत्रपत्रिका, सूचना, छपाइ लगायत कार्यालय सञ्चालन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | १०००००० |
| १३ | गौरीगञ्ज आधारभुत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम तथा सशुल्क सेवाका लागि आवश्यक केमिकल, रिएजेण्ट एक्सरे फिल्म लगायत खरिद | नेपाल सरकार - समानिकरण अनुदान | १०००००० | ९५०२४१ |
| १४ | सामुदायिक पशु बन्ध्याकरण | नेपाल सरकार - समानिकरण अनुदान | ८५०००० | ८४९००० |
| १५ | गाउँ सभा सञ्चालन खर्च | कोशी प्रदेश - समानिकरण अनुदान | ८००००० | ६५१९१० |
| १६ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | कोशी प्रदेश - समानिकरण अनुदान | ७१९००० | ७१९००० |

| | | | | |
|---|---|---|---|---|
| १७ | इन्धन (एम्बुलेन्स) | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० | ३९९९४६ |
| १८ | कार्यक्रमको लागि साझेदारी (संघीय सरकारबाट सञ्चालित कार्यक्रमतर्फको अपुग रकम) | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० | ३८०५०४ |
| १९ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता पालिका र जिल्लास्तर | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० | ६९२६०६ |
| २० | प्राविधिक बिषय तथा उच्च शिक्षा छात्रवृत्ति | नेपाल सरकार - समानिकरण अनुदान | ७००००० | ६८०००० |
| २१ | स्थानीय विषय पाठ्यपुस्तक निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | ६००००० | ५९९२१६ |
| २२ | सूचना प्रविधिमा आधारित सेवा व्यवस्थापन कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५१८७०० | ५१८७०० |
| २३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ५००००० |
| २४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ४९८९७७ |
| २५ | कर्मचारी तालिम खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | २४३८८० |
| २६ | बृक्षारोपण कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ४४७५०२ |
| २७ | अन्य सामाजिक सुरक्षा (दीर्घरोगी सहयोग कार्यक्रम लगायत) | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ० |
| २८ | अन्य सामाजिक सुरक्षा (दुखको साथी भरोसा राखौं गाउँपालिकामाथि कार्यक्रम) | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ५००००० |
| २९ | बालबालिका लक्षित कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ५००००० |
| ३० | उधम विकास (आयमुलक तथा सिपमूलक कार्यक्रम ) | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | ० |
| ३१ | कार्यक्रम खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० | २४२७८५ |
| ३२ | भ्रमण खर्च (कर्मचारी) | कोशी प्रदेश - समानिकरण अनुदान | ५००००० | ५००००० |
| ३३ | विविध खर्च (चियापान, अतिथि सत्कार लगायत अन्य शीर्षकहरुमा नपरेको खर्च) | नेपाल सरकार - समानिकरण | ५००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| | | अनुदान | | |
| ३४ | [पालिका मठमन्दिर पुजा व्यवस्थापन कार्यक्रम]() | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ४०३५०० |
| ३५ | [सवारी साधन तथा मेशिनर औजार भाडा]() | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ४३३०८५ |
| ३६ | [आन्तरिक तथा बाह्य परजिबि नियन्त्रण सेवा औषधी खरिद]() | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ४९९३२१ |
| ३७ | [गौरीगञ्ज बहुमुखी क्याम्पस संचालन अनुदान]() | नेपाल सरकार - समानिकरण अनुदान | ५०००० | ० |
| | **जम्मा** | | **४३६९४२००** | **३९२१५६६९** |

## बेरूजु दफा ५३.२ सँग सम्बन्धित विवरण - अनुसूची -७

| भौ. न. | मिति | विवरण | प्रति सि.सि. दर | सि.सि. | छुट दर | एजेन्सी | भुक्तानी रकम | ३ प्रतिशत रकम |
|---|---|---|---|---|---|---|---|---|
| २५० | ०८१।१०।७ | प्रभाव दैनिकमा मिति २०८१।८।२१ मा साइकल खरिदको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १०४ | ३० | आँखिभुई मल्टीमिडिया | ११५१७० | ३०५८ |
| २५० | ०८१।१०।७ | प्रभाव दैनिकमा मिति २०८१।९।१७ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | ५२ | ३० | आँखिभुई मल्टीमिडिया | ५७५८४ | १५२९ |
| ११० | ०८१।७।१२ | प्रभाव दैनिकमा मिति २०८१।६।२३ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १५५ | ३० | मकालु एडभरटाइजिङ्ग प्रा.लि. | १७१६४७ | ४५५७ |
| १०५ | ०८१।७।६ | प्रभाव दैनिकमा मिति २०८१।५।३१ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १२० | ३० | मकालु एडभरटाइजिङ्ग प्रा.लि. | १३२८८८ | ३५२८ |
| १०५ | ०८१।७।६ | प्रभाव दैनिकमा मिति २०८१।६।३० मा औषधी खरिदको सिलबन्दी दरभाउपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १०० | ३० | आँखिभुई मल्टीमिडिया | ११०७४० | २९४० |
| १४५ | ०८१।८।११ | सौर्य दैनिकमा मिति २०८१।८।६ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १३० | २५ | उत्सव मिडिया सर्भिस | १५४२४५ | ४०९५ |
| १४५ | ०८१।८।११ | सौर्य दैनिकमा मिति २०८१।८।८ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | ९५ | २५ | उत्सव मिडिया सर्भिस | ११२७१८ | २९९३ |
| १४३ | ०८१।८।११ | सौर्य दैनिकमा मिति २०८१।७।१३ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | ९० | २५ | कान्तिपुर मिडिया सर्भिस | १०६७८५ | २८३५ |
| ३७२ | ०८१।१२।१३ | सौर्य दैनिकमा मिति २०८१।११।२८ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | १३० | २५ | पानस मिडीया सर्भिस | १५४२४५ | ४०९५ |
| ३१५ | ०८१।११।१२ | जनसवाल दैनिकमा मिति २०८१।१०।२९ मा जनहितमा जारी लोक कल्याणकारी सुचना प्रकाशन | १४०० | ९२ | ३० | आँखिभुई मल्टीमिडिया | १०१८८० | २७०५ |
| | | **कन्टिन्जेन्सी तर्फ** | | | | | | |
| २०३ | ०८२।०३।२५ | सौर्य दैनिक पत्रिकामा २०८२।०१।११ मा NCB/१३.२०८१/८२ को सूचना प्रकाशन | १४०० | ७२ | २५ | इस्टर्न एडभरटाइजिङ प्रा लि | ८३०५५ | २२६८ |
| २०३ | ०८२।०३।२५ | जन सवाल पत्रिकामा २०८२।०१।१७ मा NCB/१५.२०८१/८२ को सूचना प्रकाशन | १४०० | ९२ | २५ | जिरो मिडिया | १०९१५८ | २८९८ |
| १७ | ०८२।२।१९ | सौर्य दैनिकमा मिति २०८१।१२।२८ मा विभिन्न ठेक्कको बोलपत्र आह्वानको सुचना प्रकाशन | १४०० | ११५ | २५ | कान्तिपुर मिडिया सर्भिस | १३६४४८ | ३६२३ |
| | | **जम्मा** | | | | | **१५४६५६३** | **४११२४** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।